सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण तथा सामाजिक परीक्षण कार्यविधि २०७९ लाई आधार मानी

# दमक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### दमक, झापा

## सामाजिक परीक्षण प्रतिवेदन २०८१



**प्रस्तुतकर्ता**

**पूर्व न्युज मिडिया प्रा.लि., दमक**

**सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण तथा सामाजिक परीक्षण कार्यविधि २०७९ अनुसार**

**सामाजिक परीक्षकहरु :**
**रोहित शर्मा अधिकारी**
पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँ, मोरङ
सामाजिक परीक्षणको विषय :
किट विज्ञ
कार्य अनुभव : १० वर्ष माथि

**विदुर सुवेदी**
सहप्राध्यापक, सुकुना बहुमुखि क्याम्पस, मोरङ
सामाजिक परीक्षणको विषय :
सामाजिक शाखा


**लक्ष्मीप्रसाद गुरागाईं**
उपप्राध्यापक, सुकुना बहुमुखि क्याम्पस, मोरङ
सामाजिक परीक्षणको विषय :
व्यवस्थापन

**शुनिल अधिकारी**
सिभिल इन्जिनियर
सामाजिक परीक्षणको विषय :
पूर्वाधार परामर्शदाता

**श्री युवराज पौडेल :**
सामाजिक परीक्षणको विषय :
सहजकर्ता तथा परामर्शदाता


**प्रतिवेदन टाइपिङ्ग :**
गणेश मिश्र
खेमचन्द्र अधिकारी

# झापा जिल्लाको नक्सा




Projection System: MUTM, Spheroid - Everest 1830
LLRC,2016


## दमक नगरपालिकाको भौगोलिक नक्शा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# नेपालको राजनैतिक तथा प्रशासनिक नक्सा



# परिच्छेद-१ को दफा १६

## हाम्रो भन्नु

यस दमक नगरपालिकाले स्थानीय नागरिकहरुको नगरपालिका प्रति भएको सकारात्मक सोचसँगै पूर्वमै सम्भावना बोकेको नगरपालिका भएबाट सामाजिक जिम्मेवारी निर्वाहको पाटोमा समेत यो नगरपालिका स्थापित हुनुपर्ने कुरामा दुई मत नै छैन । सोही सन्दर्भलाई अंगिकार गरी सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण तथा सामाजिक परीक्षण कार्यविधि २०७९ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ को उपदफा ५ बमोजिम दमक नगरपालिकाले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारीको लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित गर्न सामाजिक परीक्षण गरेको हो । उक्त व्यवस्था अनुसार नगरपालिकाले आर्थिक वर्षको (अघिल्लो सालको ) सामाजिक परीक्षण कार्य गरिसक्नु पर्ने व्यवस्था गरिएको छ । नगरपालिकाको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्य सम्पादनको लेखाजोखा गर्ने प्रकृयालाई मार्ग दर्शन गर्नु यस सामाजिक परीक्षणको उद्देश्य रहेको छ ।

# अनुसूचि-९

### १. सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण तथा सामाजिक परीक्षण कार्यविधि २०७९ को भूमिका)

यसले स्थानीय तहले सामाजिक परीक्षण अनिवार्य रूपमा गर्नुपर्ने सम्मको व्यवस्था गरेको छ । यसै व्यवस्था अनुरूप दमक नगरपालिकाको आ.व. २०८०/०८१ को सामाजिक परीक्षण सम्पन्न गरिएको छ । यस संस्थालाई दिइएको जिम्मेवारी पुरा गर्ने क्रममा यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, इन्जिनियर, लेखा प्रमुख, विषयगत शाखा (स्वास्थ्य शाखा, कृषि शाखा, पशुपंक्षी विकास शाखा, रोजगार शाखा, शिक्षा शाखा, सामाजिक विकास उपशाखा, राजश्व उपशाखा) फाँटमा कार्यरत कर्मचारी मित्रहरूको अमूल्य सुझाव, सल्लाह र सहयोग प्राप्त भएको छ । तसर्थ उहाँहरूलाई संस्थाको तर्फबाट हृदयदेखि नै धन्यवाद दिन चाहान्छौं । यस नगरपालिका क्षेत्रमा निर्वाचित जनप्रतिनिधीहरु, दलका प्रतिनिधी तथा समाजसेविहरुले दिएको अमूल्य सुझाव र सरसल्लाह प्रति समेत हामी आभारी छौं । साथै यस दमक नगरपालिकाको सामाजिक परीक्षणका लागि खटिनु भएका यस संस्थाका सबै कर्मचारीहरु प्रति समेत हामी आभारी बन्दै गत आर्थिक वर्ष २०८०/०८१ को सामाजिक परीक्षण प्रतिवेदन दमक नगरपालिकामा प्रस्तुत गर्दछौं ।

**२. सामाजिक परीक्षणको पृष्ठभूमी :**

स्थानीय तहमा प्राप्त बजेट त्यहाँ रहेका विषयगत शाखा समेटी स्थानीय तहमै संचालन गर्ने र जवाफदेहि बनाउने लक्ष्य सहित आवस्यक बजेट स्थानीय तहमा प्राप्त भएको छ । यसले स्थानीय तहलाई पूर्ण जिम्मेवार र उत्तरदायी बनाएको छ । जनतासंगको सबै भन्दा नजिकको "घरको सरकार भनेकै स्थानीय सरकार हो" । जसमा मुलत : नगरपालिकाले नागरिकहरुको दुःख बेदना अनि मर्महरुलाई नजिकबाट नियालेर सोही विषय बस्तुसँग साक्षात्कार भई काम गर्ने भएबाट नागरिकहरुका आशा, अपेक्षा र दायित्व समेत सोही रुपमा बढ्ने अवश्यम्भावी देखिन्छ । सेवा प्रदायकको काम पारदर्शिता र सेवाग्राहीप्रति जवाफदेहिता अभिवृद्धि गर्न र शुसासन कायम गर्नका लागि नेपाल सरकारले विभिन्न नीतिहरु अवलम्बन गर्दै आएको छ । स्थानीय स्तरमा भए गरेका काम कारबाहीको जनताप्रति सामाजिक उत्तरदायित्व बहन गर्नका लागि अवलम्बन गरिएका विभिन्न विधि मध्ये सामाजिक परीक्षण वर्षभरि गरिएका आर्थिक सामाजिक क्षेत्रमा गरिएको लगानीबाट कति उपलब्धी भयो र आगामी वर्ष कस्ता कदम चाल्दा विकास प्रभावकारी बनाउन सकिन्छ भन्ने महत्वपूर्ण कसिको रुपमा सामाजिक परीक्षणलाई लिन सकिन्छ । यसरी सामाजिक परीक्षण कार्यलाई व्यवस्थित तरिकाले सम्पन्न गर्नका लागि नेपाल सरकारले स्थानीय सरकार संचालन

ऐनमा सामाजिक परीक्षण गर्नुपर्ने छ भन्ने व्यवस्था गरेको छ । स्थानीय तहमा कानुन र कार्य विधि निर्माण भई नसकेकोले सामाजिक परीक्षण कार्यका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७८ उपदफा (५) को कार्यका लागि **सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण तथा सामाजिक परीक्षण कार्यविधि २०७९** लाई आधार मानि गरिएको छ । सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रस्तुत गरिएको छ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी सामाजिक परीक्षकद्धारा अन्तिम प्रतिवेदन तयार गरिएको छ । यसलाई स्थानीय तहको योजना तर्जुमाको विभिन्न चरणमा राजश्व परामर्श समिति, न्यायिक समिति, योजना अनुगमन समिति, कार्यपालिका र नगरसभामा समेत पेश गर्न अनुरोध गरिन्छ । यसरी स्थानीय तहबाट भएका कामहरूले सामाजिक उपलब्धि कति हासिल भए ? सोको विश्लेषणात्मक प्रभाव सम्मको अवस्थाको आँकलन गर्न सामाजिक परीक्षण निकै प्रभावकारी हुन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुशरण नै सामाजिक परीक्षण प्रतिवेदन सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पुरा गर्नमा दमक नगरपालिकालाई ठूलो टेवा पुऱ्याउन मद्दत गर्दछ भन्ने हामीले अपेक्षा गरेका छौं । यसै परिपेक्षमा स्थानीय सरकार सञ्चालन ऐनमा सामाजिक परीक्षण सम्बन्धि व्यवस्था भएकोले दमक नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सामाजिक परीक्षण सम्पन्न गरी यो प्रतिवेदन पेश गरेको छ ।

## ३. सामाजिक परीक्षणको उद्देश्य

यस दमक नगरपालिकाको कार्य सम्पादन स्तरलाई सुधार गर्न सहयोग पुऱ्याउनु नै यस सामाजिक परीक्षणको प्रमुख उद्देश्य हो । जसबाट नगरपालिकाले समाजमा पुऱ्याएको योगदान र सम्पादन गरेका कामको मूल्याङ्कन गरिन्छ । उल्लेखित उद्देश्यका अलावा यस नगरपालिकाको सामाजिक परीक्षण गर्नुका अन्य उद्देश्यहरु निम्न बमोजिम रहेका छन् ।

- निर्वाचित जनप्रतिनिधि र जनताको बिचमा विकास र समृद्धि लाई आत्मसाथ गरी कसरी अगाडी बढ्न सकिन्छ र जनताले सहज रुपमा कसरी सेवा प्राप्त गर्न सक्दछन् भन्ने सुझाव सेवा प्रदायकलाई प्राप्त हुनेछ ।
- नगरपालिकाले निर्वाह गरेको सामाजिक जिम्मेवारीको मूल्याङ्कन गर्ने ।
- नगरपालिकालाई नागरिक मैत्री बनाउँदै सेवा प्रवाहलाई थप प्रभावकारी, सुलभ र भरपर्दो बनाउन समग्र कार्य सम्पादनमा सुधार ल्याउन सुझाव दिने ।
- समुन्नत दमक नगरपालिका निर्माणको सामाजिक फाइदाको समिक्षा गर्ने ।

## ४. सामाजिक परीक्षणका आधार

दमक नगरपालिकाको लक्ष्य, उद्देश्य कार्य सम्पादनको अनुगमन, मूल्याङ्कन तथा मापन गर्नको लागि सामाजिक कार्य प्रभावको लेखाजोखा गर्न गरिएको यो सामाजिक परीक्षणको आधार देहाय बमोजिम गरिएको छ ।

- दमक नगरपालिकाको सोच
- लक्ष्य
- उद्देश्य, आगामी कार्यक्षेत्र र सोको प्रभावकारिता ।
- कार्यक्रम र वजेट व्यवस्थापन ।
- वातावरण संरक्षण र दीगो विकासमा नगरपालिकाले खेलेको भूमिका ।
- सेवाग्राहीको हित एवम् नागरिक मैत्री सेवा प्रवाहमा नगरपालिकाको भूमिका ।
- नगरपालिकाको कार्यक्षेत्र र सोको अनुगमन र मूल्यांकन ।
- महिला, बालबालिका, अपाङ्गता, जेष्ठ नागरिक, एकल महिला, विपन्न एवं पिछडा वर्ग, समुदायको हितका लागि नगरपालिकाले खेलेको भूमिका ।
- दमक नगरपालिका कार्यालयको संगठन संरचना ।

- शिक्षा, स्वास्थ्य, कृषि, पशु , सहकारी, उद्योग, पर्यटन, कला, संस्कृति संरक्षण र विकासमा नगरपालिकाले दिएको योगदान ।
- दमक नगरपालिकाको सामाजिक योगदान ।
- सरकारी एवम् गैह्र सरकारी, निजी क्षेत्र, नागरिक समाज प्रतिको दायित्व निर्वाह ।

**५. सामाजिक परीक्षण प्रक्रिया**

सकेसम्म परिमाणात्मक तथ्याङ्क र आवस्यकता अनुसार थप गुणात्मक तथ्याङ्कको प्रयोग तथा अध्ययन विश्लेषण गरी सामाजिक कार्य सम्पादन स्थितिको मूल्याङ्कनका साथै सामाजिक योगदान बढाउन अँगाल्नु पर्ने उपायहरुको समेत सुझाव उल्लेख गरी प्रतिवेदन तयार गरिएको छ । सारभूत रुपमा गर्नु पर्ने धेरै कामहरु भएको र नागरिकहरुको नगरपालिका प्रतिको अपेक्षा समेत अत्याधिक बढ्दो रहेको परिस्थितिको संयोजनलाई समायोजन गर्नु पर्ने कुराको चुनौतिका बिचमा दमक नगरपालिका मुख्य विषयलाई आधार लिई नगरपालिकाले सामाजिक दायित्व निर्वाह गर्नु पर्ने विषयमा केन्द्रित रहि सामाजिक परीक्षण प्रकृया अगाडी बढाईएको अवस्था छ । जस अन्तर्गत देहायका प्रक्रियालाई उपयोग गरिएको छ ।

- कार्यालय अभिलेख जाँच ।
- सर्वेक्षण तथा सूचना संकलन ।
- सरोकारवाला र मुख्य सूचना दातासँगको अन्तरक्रिया ।
- उपलव्धी, परिणाम र प्रभावआदि सूचकको आधारमा मूल्याङ्कन ।
- विषयगत शाखाका प्रमुखहरु संगको छलफल ।
- अन्तरवार्ता ।

**६. मस्यौदा प्रतिवेदन प्रस्तुति तथा छलफलको खाका** :

- कार्यक्षेत्रको परिचय ।
- स्थानीय तहको प्राथमिकता तथा लक्ष्यहरू ।
- गत वर्षका मुख्य मुख्य उपलब्धिहरू ।
- सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता ।
- सामाजिक जिम्मेवारी बहनमा परेका समस्याहरू ।
- सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू, खुल्ला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया ।
- स्थानीय तहले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव, स्थानीय तहले गरेका विकास योजनाहरूमा जन सहभागिताको स्थिति ।
- स्थानीय तहले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू

## ७. सामाजिक परीक्षण कार्यक्रमको आचार संहिता - अनुसूचि ८ संग सम्बन्धित)

**छलफल कार्यक्रममा सहभागिले पालना गर्नुपर्ने आचार संहिता**

सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले पालना गर्नु पर्ने आचार संहिता।

- विषय वस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने ।
- तथ्यांक र सूचनाको आधारमा रही विचार राख्ने ।
- निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने ।
- सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवादन गर्ने, प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रूपमा लिने ।
- व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने ।
- सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने ।
- सामाजिक परीक्षकले बोल्ने समय दिए पछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने ।
- बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एक पटक मात्र बोल्ने ।
- आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने ।

## ८. सामाजिक परीक्षणका सीमाहरु :

सामाजिक परीक्षण निर्देशिका अनुसार सामाजिक परीक्षणको विधी अनुशरण गर्नुपर्ने देखिए पनि यस परीक्षण प्रतिवेदन तयार गर्ने क्रमसम्म आईपुग्दा तर्क संगत पेश गरिने आधारहरुको रुपमा आधारित भई कार्यालय अभिलेखको जाँच गरिएको, मुख्य सूचनादातासँग अन्तरवार्ता लिइएको र लक्षित सरोकारवालासँगको अन्तरक्रियाको आधार लिईएको छ । नीति निर्माणको चरणमा रहेको अवस्थामा सामाजिक परीक्षण आधारभूत अवयवहरुको अध्ययन गर्नु परेको कारणवाट यसमा केही सिमितता रहेको हुन सक्ने कुरालाई स्वीकार गरिएको छ

## ९. सामाजिक परीक्षण कार्य सञ्चालन प्रक्रिया :

- ➢ कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न कार्यक्रम तालिका अग्रिम रुपमा तयार पारी आपसी सहमतिमा सञ्चालन भएको छ ।
- ➢ सामाजिक परीक्षण कार्यक्रमको उद्देश्य, कार्यक्रम संचालन विधि, समय र आचार संहिता बारे सहजकर्ताले कार्यक्रमका सहभागीहरूलाई जानकारी गराइएको छ ।
- ➢ सहजकर्ताले मस्यौदा विवरण भेलामा प्रस्तुत गरेको छ मस्यौदा विवरण प्रस्तुत भै सकेपछि सहभागीहरूलाई आफ्नो बिचार राख्ने अवसर दिइयो ।
- ➢ सहभागीले प्रस्तुत गरेका प्रतिक्रिया तथा सुझाव माथि स्पष्ट पार्न वा जवाफ दिने कर्तव्य भएका पक्षहरुलाई जवाफ दिन लगाइएको थियो ।
- ➢ सहभागीहरूबाट प्राप्त भएका प्रतिक्रिया तथा सुझावहरू अभिलेख गरिएको छ ।

## दमक नगरपालिकाको तथ्याङ्क संकलनका क्रममा लिइएका केही तस्बिरहरु :










दमक नगरपालिका
४ नं. वडा कार्यालय






SMART


NNER






श्री दीपिनी आधारभूत विद्यालय


दमक नगरपालिका
५ नं. वडा कार्यालय

## नगरपालिकाले गरेका विभिन्न कार्यक्रमका तस्बिरहरु :










मेलमिलाप सम्बन्धी उच्च तालिम
Advance Mediation





१ महिने ढाकाको
तान बुन्ने तालिम


दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
६० औं राष्ट्रिय बालदिवसको अवसरमा आयोजित
बाल मैत्री नगरको परिकल्पना विषयक माध्यमिक
विद्यालय स्तरीय चित्रकला प्रतियोगिता


ल्याब सेवाको उद्घाटन साथै
नाक, कान, घाँटी र बाल रोग
सम्बन्धी १ दिवसीय शिविर


गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम
(Micro-Enterprise Development for Poverty Alleviation-MEDPA)
स्थानीय लघु उद्यमीहरुको उत्पादनको
लेबलिङ्ग, प्याकेजिङ र ब्राण्डिङ सम्बन्धी
१ दिने तालिम




ADRA
समाज कल्याण परिषद, दमक नगरपालिका
DRA NEPAL को सहयोगमा अति विपन्न
महिला, जेष्ठ नागरिक र अशक्त
जाली (झुल) वितरण कार्यक्रम


विपन्न खाद्यान्न
सहयोग कार्यक्रम
दमक नगरपालिका


नेतृत्व विकास तालिम


५ दिने अर्ग्यानिक
कपुर धुप बनाउने तालिम
आयोजक


श्री विद्योदय आधारभूत विद्यालय


वडा कार्यालय र व्यवसायी बिच
व्यवसाय प्रवर्द्धन सम्बन्धी कार्यक्रम


आ.व. २०८१/०८२



**विविध कार्यक्रमका तस्विरहरु :**












SHOE































## प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुखहरुसँगको छलफलको उपस्थिति पुस्तिका :

आज मिति २०८१ साल माघ १३ गते आइतवारका दिन दमक न.पा. को आ.व. २०८०।०८१ को सामाजिक परीक्षण गर्ने सन्दर्भमा दमक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री गणेशराज कार्कीको उपस्थितीमा शाखागत शाखा प्रमुख तथा अन्य कर्मचारीहरुको उपस्थितीमा तथ्यांक संकलन गरियो ।

उपस्थिती

१. श्री गणेशराज कार्की - प्रमुख प्रशासकीय अधिकृत
२. श्री यज्ञराज निरौला - न. प्र. प्र.
३. श्री भरत गौतम - आ.ले.प. अधिकृत
४. श्री भुवन दहाल - प्र. अ.
५. श्री केशव प्रसाद प्रसाई - सामाजिक विकास अधिकृत
६. श्री गोविन्द खनाल - शिक्षा अधिकृत
७. सोमनाथ गुरागाई ,, ,,
८. मनोज रेग्मी प्रा. स.
९. संजिप घिमिरे, सु.प्र. अ.
१०. कविन्द्र कुमार प्रसाई
११. महेश दाहाल लेखापाल
१२. इन्द्र सुवेदी सहायक लेखापाल
१३. ई. भीमप्रसाद पौडेल, शहरी विकास शाखा
१४. स.ई. ओम प्रकाश साह ,,
१५. अ. स. ई. पारस गौतम प्रशासन शाखा
१६. ,, ,, निर्मला रेग्मी शहरी विकास शाखा
१७. क.स. मिना खतिवडा ,, ,,
१८. सुशील अधिकारी
१९. टोपबहादुर थापा, खरिद यु.सं. शाखा
२०. भुवन बराल वातावरण अधिकृत
२१. सन्दिप थापा, कृषि अधिकृत
२२. देव कुमार न्यौपाने क.प. अधिकृत
२३. इन्द्रराज चमलागाई पशु सेवा अधिकृत

## वडा नं. १ को तथ्याङ्क संकलनका क्रममा भएको उपस्थिति :

आज मिति २०८१ माघ १४ गते दमक नगरपालिकाको
आ.व. २०८०/८१ को सामाजिक परीक्षणको सन्दर्भमा
दमक-वडा-१ मा वडा अध्यक्ष हरिप्रसाद दर्यापोर्ते सहित
जनप्रतिनिधि र कर्मचारीको उपस्थितिमा वडागत
तथ्याङ्क संकलन गरियो ।

तपसिल

१. हरिप्रसाद दर्यापोर्ते, वडा अध्यक्ष दमक-१.
२. प्रेम कुमारी चम्लागाई वडा सचिव, दमक-१
३.
४.
५.
६.

**वडा नं. २ को तथ्याङ्क संकलनका क्रममा भएको उपस्थिति :**

आज मिति २०८१ माघ १८ गते दमक नगरपालिकाको आ.व. २०८०/८१ को सामाजिक परीक्षणको सन्दर्भमा दमक वडा नं. २ का जनप्रतिनिधि र कर्मचारी संग वडागत तथ्यांक संकलन गरियो।

तपसिल

१. प्रजापति सापकोटा, वडा अध्यक्ष, दमक वडा नं. २
२. चन्द्रकला विश्वकर्मा, वडा सदस्य, ,,
३. ललित विश्वकर्मा, वडा सदस्य, ,,
४.
५.
६. अस्मिता खनाल वडा सचिव दमक-२
6. मेलिना घिमिरे आ.स्वास्थ्य इन्चार्ज दमक-२

**वडा नं. ३ को तथ्याङ्क संकलनका क्रममा भएको उपस्थिति :**

आज मिति २०८१ माघ १५ गते दमक नगरपालिकाको आ.व. ०८०/०८१ को सामाजिक परिक्षणको क्रममा दमक नगरपालिका वडा नं. 3 मा वडा अध्यक्ष रवि बराल सहित जनप्रतिनिधि र कर्मचारीको उपस्थितिमा वडागत तथ्यांक संकलन गरियो।

तपसिल

१. रवि बराल, वडा अध्यक्ष दमक-3
२. राजेन्द्र रिमाल, वडा सदस्य
३. बालकृष्ण कोइराला वडा सचिव दमक-3
४. ज्ञानेश्वरा खड्का खत्री दमक-3
५. चन्द्रकला गिरौला दमक-3
६. बालिका दंगाल दमक-3 (बालिका)
७. दिपक मल्लिक - दमक-3 (दिपक)

## वडा नं. ४ को तथ्याङ्क संकलनका क्रममा भएको उपस्थिति :

आज मिति २०८१ माघ २३ गते दमक नगरपालिकाको सामाजिक परिक्षणका सन्दर्भमा दमक नगरपालिका वडा नं. ४ मा जनप्रतिनिधि र कर्मचारीको उपस्थितिमा वडागत तथ्यांक संकलन गरियो।

तपसिल

१. पुण्यप्रसाद दाहाल, वडा अध्यक्ष, दमक-४
२.
३. हरिप्रसाद गुरागाई; वडा सचिव, दमक-४
४. राजेश दुलाल
५. सरिता कार्की, प्रतिका बैन विकास संस्था — सरिता
६. ईश्वर भट्टराई अधिकृत सहायक
७. शान्त कुमार लिमाल
८. बसन्ती बराल

**वडा नं. ५ को तथ्याङ्क संकलनका क्रममा भएको उपस्थिति :**

आज मिति २०८१ माघ १४ गते दमक नगरपालिकाको सामाजिक परिक्षणको सन्दर्भमा दमक नगरपालिका वडा नं. ५ का वडा अध्यक्ष इन्द्रबहादुर गुरुङको सहितका जनप्रतिनिधी र कर्मचारीहरु उपस्थितिमा वडागत तथ्याङ्क संकलन गरियो ।

तपसिल

१. इन्द्र बहादुर गुरुङ वडा अध्यक्ष दमक-५,
२. गोपालकृष्ण संग्रौला, वडा सदस्य, दमक-५
३. त्रिलोकनारायण ढोल वडासचिव –
४. निर्मला गुरागाईं खरिदार
५. चन्द्र कु. पौडेल कर्मचारी
६.

**वडा नं. ७ को तथ्याङ्क संकलनका क्रममा भएको उपस्थिति :**

आज मिति २०८१ माघ १४ गते दमक नगरपालिकाको सामाजिक परीक्षणका सन्दर्भमा दमक नगरपालिका वडा-७ मा निम्नानुसारका जनप्रतिनिधी र कर्मचारीको उपस्थितिमा वडागत तथ्याङ्क संकलन गरियो ।

तपसिल

१. ओमप्रसाद पौडेल, वडा अध्यक्ष, दमक-७
२. इन्दु खड्का (पौडेल) (वडा सदस्य)
३. तारा खपछेलो (वडा सदस्य)
४. अनित कान्छा राई (वडा सदस्य)
५. मान बी. खवास (वडा सदस्य)
६. योगेश भट्टराई (वडा सचिव)
७ जीवन कोइराला (कर्मचारी)

**वडा नं. ८ को तथ्याङ्क संकलनका क्रममा भएको उपस्थिति :**

आज मिति २०८१ माघ १४ गते दमक नगरपालिकाको आ.व. २०८०।८१ को सामाजिक परिक्षणको सिलसिलामा दमक नगरपालिका वडा नं. ८ मा वडा अध्यक्ष धर्मप्रसाद दाहाल (टिपेन्द्र) सहित जनप्रतिनिधि र कर्मचारीको उपस्थितिमा वडागत तथ्यांक संकलन गरियो।

तपसिल

१. धर्मप्रसाद दाहाल (टिपेन्द्र) वडा अध्यक्ष द.न.पा.-८
२. सन्दीप सुवेदी वडा सचिव " "
३. राम प्रसाद खतिवडा सहायक पाँचौं दमक-८
४. रमेश पोखरेल कर्मचारी " "
५. पदम प्रसाद गौरी वडा सदस्य दमक ८

**वडा नं. ९ को तथ्याङ्क संकलनका क्रममा भएको उपस्थिति :**

आज मिति २०८१ साल माघ १४ गते दमक नगरपालिकाको आ.व. २०८०/८१ को सामाजिक परीक्षणको सन्दर्भमा दमक नगरपालिका वडा नं. ९ का अध्यक्ष कुबेरप्रसाद भट्टराईको उपस्थितिमा दमक-९ को वडागत तथ्यांक संकलन गर्ने निर्णय गरियो।

तपसिल

१. कुबेरप्रसाद भट्टराई, वडाअध्यक्ष, दमक-९
२. भोज कुमार [illegible], वडा सचिव दमक-०९
३. दिपेन्द्र घिमिरे " कर्मचारी "
४. विष्णु
५. विनोद प्रसाद निरौला कर्मचारी "
६. कमला माया निरौला "
७ नरेन्द्र कुमार सुब्बा अनुगमन समिति
८ परेश बेताल " "

**वडा नं. १० को तथ्याङ्क संकलनका क्रममा भएको उपस्थिति :**

आज मिति २०८१ माघ १४ गते दमक नगरपालिकाको आर्थिक २०८०/८१ को सामाजिक परीक्षणका लागि दमक वडा नं. १० मा वडा अध्यक्ष राजेन्द्र प्रसाद भण्डारीको उपस्थितिमा वडागत तथ्याङ्क संकलन गर्ने निर्णय गरियो ।

तपसिल

१. राजेन्द्र प्रसाद भण्डारी, वडा अध्यक्ष, दमक-१०
२.
३. विनोद प्रसाई – वडा सचिव दमक-१०
४. सावित्रा भण्डारी → कर्मचारी ,,
५. पवित्रा न्यौपाने मिश्र → " "

**प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरु तथा विज्ञहहरुसँगको प्रारम्भिक छलफलको उपस्थिति :**

आजको दमक नगरपालिकाको आ.व ०८०/८१ को सामाजिक परिक्षणको प्रारम्भिक तथ्यांक प्राप्ति शाखा प्रमुख र विज्ञहरु बिच दमक नगरपालिकाको बैठक कक्षमा २०८१ फागुन २५ गते निम्नानुसारको उपस्थितिमा सम्पन्न भएको गरियो ।

तपसिल

१.

२.

३. गणेशराज कार्की - प्रमुख प्रशासकीय अधिकृत

४. विदुर सुवेदी - सहप्राध्यापक - सुकुना बहुमुखी क्याम्पस (समाजशास्त्र विभाग)

५. लक्ष्मीप्रसाद गुरागाँई - उपप्राध्यापक, सुकुना बहुमुखी क्याम्पस (व्यवस्थापन)

६. रोहित शर्मा अधिकारी - (फिट विज्ञ) पूर्वाधार विज्ञविज्ञ (इन्जिनियर)

७. सुनिल अधिकारी, सिभिल इन्जिनियर, पूर्वाधार परामर्श.

८. युवराज पौडेल, प्राविधिक विभाग -

९. बाबुराम निरौला, सहकर्मी

१०. प्रेमप्रसाद उप्रेती . सहसचिव . नेपाल पत्रकार -

११. लक्ष्मी न्यौपाने, न्याय अधिकृत, दमक न.पा. Laxmi

१२ डम्बर राज बाल, राजश्व [illegible]

१३ माधव वलिन्द्र कानुन अधिकृत

१४) प्रविणा खड्का शिक्षा अधिकृत

१५ श्याम सापकोटा (TIAF)

१६) भरत गौतम, दमक न पा

१७) चन्द्रकला भट्टराई

१८. द्रोणा बहादुर [illegible]

१९. केशव प्रसाद प्रसाईं

२०. ई. भीम प्रसाद पोखरेल

२१ युवराज तिम्सिना (शि.प्र.अ)

२२) देवी प्रसाद कोइराला (लै.अ.)


२३) गिरिराज भट्टराई सूचना प्रविधि [illegible]

२४. प्रकाश दुलाल . योजना तथा मूल्यांकन शाखा

२५ भीम प्रसाद पौडेल शहरी विकास शाखा

२६. देव कुमारी न्यौपाने कृषि शाखा

**वडा नं. ५ को दिपिनी आ.वि. मा प्र.अ. र शिक्षकसँग विद्यालयको तथ्याङ्क संकलनको उपस्थिति :**


आज मिति २०८१ चैत्र १३ गते दमक नगरपालिकाको सामाजिक परिक्षणको सन्दर्भमा दमक-५ को दिपिनी आधारभूत विद्यालयमा प्रधानाध्यापक र शिक्षकहरुको उपस्थितिमा तथ्यांक संकलन गरियो।

उपस्थित

१. भैषकुमार निरौला - प्रधानाध्यापक
२. सुरेश [illegible] शिक्षक
३. [illegible] दाहाल "
४. संगीता [illegible] "
५.

# अनूसूची- ५ को १

## १. नगरपालिकाको संक्षिप्त परिचय :

नेपालको सूदुर पूर्वको पश्चिमोत्तर क्षेत्रमा अवस्थित पूर्वाञ्चल विकास क्षेत्रको मेची अञ्चलको झापा जिल्लामा पर्ने दमकको उत्तर तर्फ ईलाम जिल्लाको चुलाचुली गाउँपालिका दक्षिण तर्फ गौरादह नगरपालिका, पश्चिम तर्फ मोरङ जिल्लाको मिक्लाजुङ गाउँपालिका र उर्लावारी नगरपालिका, र पूर्व तर्फ चुलाचुली गाउँपालिका र कमल गाउँपालिका रहेका छन । यस दमक नगरपालिको कुल क्षेत्रफल ७५.८५ बर्ग कि.मि रहेको छ । बिभिन्न जनजातिहरुको बसोवास रहेको यस नगरीमा खास गरी बाहुन, क्षेत्री, धिमाल, लिम्वु, राई, मगर, सतार, राजवंशी, कुमाल, दमाई, कामी, तामाङ, गुरुङ, थारु, मुस्लिम, सुनुवार, माझी आदिको वाहुल्यता पाईन्छ ।

बि.सं. २०३९ सालमा तत्कालिन नगर पंचायतका नाउँमा स्थापित यो नगरपालिकाको क्षेत्रफल ७५१३ हेक्टर रहेको छ । यस नगरपालिकामा साविक का १९ वटा वडाहरु नेपाल सरकारद्वारा मिति २०७३-११-२७ गते गरिएको पुन:संरचना अनुसार हाल १० वटा वडामा कायम रही दमक नगरपालिका, नगरकार्यपालिकाको कार्यालय भएको छ । बिगतका बर्षहरु देखि दमक नगरपालिकामा बुधवार हाटवजार लाग्ने चलन हालसम्म पनि यथावत रहेको छ ।

## भौगोलिक अवस्थिति :

दमकको पूर्वमा रतुवा खोला र पश्चिममा मावा खोला छ । दमकको रतुवा पुल पूर्वि नेपालको लामो पुलहरूमध्ये एक हो। यसको लम्बाई ५८५ मि. छ । वि स २०७८ सालको जनगणना अनुसार दमक नगरपालिकामा २७५६९ कुल परिवार रहेको छ भने कुल जनसङ्ख्या १०७२२७ रहेको छ । कुल जनसङ्ख्या मध्ये महिला ५६४०८ जना अर्थात ५२.६ प्रतिशत र पुरुष ५०८१९ जना अर्थात ४७.४ प्रतिशत रहेका छन् । दमक नगरपालिकाको कुल साक्षरता दर ८८ प्रतिशत रहेको छ जसमा ९२.६ प्रतिशत पुरुष र ८३.९ प्रतिशत महिला रहेका छन् । यहाँको जनघनत्व १५१३ रहेको छ भने लैङ्गिक अनुपात ९०.०९ प्रतिशत रहेको छ । दमक नगरपालिकाको कुल क्षेत्रफल ७५.८५ वर्ग किलोमिटर छ ।

# दमक नगरपालिकाको १३ औं नगरसभामा प्रस्तुत आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम

## सामाजिक विकास क्षेत्र

### सामाजिक विकास

- दमक नगरभित्र स्थायी बसोबास भएका भूमिहीन तथा विपन्न परिवारलाई बसोबासका लागि संघीय र प्रदेश सरकारसँग थप विपन्न नमुना घर निर्माणका लागि पहल गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र रहेका सहकारी, वित्तीय संस्था तथा गैरसरकारी संघसंस्थाहरुको लगानीलाई नगरपालिकाको प्राथमिकता अनुसारका कार्यक्रममा लगानी तथा सहकार्य गर्न अभिप्रेरित गरिनेछ ।
- नगरको समृद्धि र विकासका क्षेत्रमा उत्कृष्ट योगदान गर्ने व्यक्तित्वलाई सम्मान र पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- समुदाय परिचालनका लागि नगरपालिकामा दर्ता भई क्रियाशील रहेका टोल विकास संस्थाहरुको क्षमता अभिवृद्धि गरी वडाको सहयोगी एकाइको रुपमा परिचालन गरिनेछ ।
- अति विपन्न नागरिकको स्वास्थ्य बीमा गर्नका लागि " **स्वास्थ्यका लागि तिम्रो हात, विमामा हाम्रो साथ**" कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- एकल महिला, अपाङ्गता, द्वन्दपिडित, जेष्ठ नागरिक, असहाय, जोखिममा रहेका विपन्न कम्तिमा ७०० परिवारलाई दिईदै आएको निःशुल्क स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिईने छ । साथै सवै नगरवासीलाई स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गर्दै लगिने छ ।
- कम्तिमा ३०० अति विपन्न परिवारलाई विपन्नता पहिचान कार्यविधिका आधारमा नगर सहुलियत कार्ड मार्फत दैनिक उपभोग्य वस्तु चामल / पिठो, दाल, नुन र तेलमा सहुलियत दिईने व्यवस्था मिलाईने छ ।
- विपन्न पहिचान कार्यविधि बमोजिम पहिचान भएका अति विपन्न ३०० परिवारलाई नगरपालिका तथा वडाबाट प्रदान हुने सिफारिस निःशुल्क गरिनेछ । साथै सीप, क्षमता विकास र रोजगारसँग सम्बन्धित कार्यक्रमहरुमा प्राथमिकता दिइनेछ ।
- विपन्न, दलित, एकल महिला, अपाङ्गता भएका र यौनिक अल्पसंख्यकहरुलाई आत्मनिर्भर बनाउन कम्तीमा ५ वटा समुहलाई तालिम, औजार उपकरण, बीउबिजन र मल उपलब्ध गराएर स्वरोजगार हुन प्रोत्साहन गरिनेछ ।
- महिला तथा अपाङ्गता भएका समुहद्वारा सञ्चालित र उद्यम विकास कार्यक्रम अन्तर्गत गठित उद्यमी समुहहरुलाई व्यावसाय दर्ता गर्दा कर छुट दिने नीति लागू गरिनेछ ।
- सामाजिक संघसंस्थाहरुको संस्थागत विकास तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- दमक नगरपालिका क्षेत्रभित्रका ७० बर्ष भन्दा माथिका जेष्ठ नागरिक र पूर्ण अपाङ्गता भएका लाभग्राहीहरुलाई मनमोहन अधिकारी स्मृति सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत नगरपालिकाको आन्तरिक स्रोतबाट बार्षिक रु. २०००।- का दरले चाडपर्व खर्च उपलव्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- **सडक मानव रहित दमक नगरका लागि** छिमेकी पालिकाहरुसँग सहकार्य र समन्वय गरी असहाय संरक्षण केन्द्रको स्थापना गर्न पहल गरिनेछ। संरक्षण केन्द्र स्थापना नभएसम्म निजी क्षेत्रद्वारा सञ्चालित संघ-संस्थाहरुसँग समन्वय गरी सडक मानव संरक्षणका लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- मानसिक स्वास्थ्य तथा मनोसामाजिक स्वास्थ्य सम्वन्धी समस्याहरुको रोकथाम, न्युनिकरण तथा उपचार साथै मदिरा तथा लागु औषध दुर्व्यसनीवाट उत्पन्न समस्याहरुको व्यवस्थापन तथा उपचार गर्ने निति लिईने छ।
- लागु औषध, दुर्व्यशनी न्युनिकरण गर्न प्रहरी समुदाय साझेदारी कार्यक्रम मार्फत विशेष अभियान संचालन गरिने छ।
- अशक्त जेष्ठ नागरिकहरुलाई आधारभूत स्वास्थ्य केन्द्र मार्फत प्राथमिक स्वास्थ्य सेवा उपलव्ध गराउने व्यवस्था गरिनेछ।
- भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीहरुको जग्गा व्यवस्थापनका लागि राष्ट्रिय भूमि आयोग, झापा जिल्ला समितिको समन्वयमा दमक नगरपालिकाले दमक सेवा केन्द्र मार्फत आवश्यक कर्मचारीको व्यवस्था गरी जग्गा नापजाच साथै धनिपूर्जा वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- दमकमा जिल्लास्तरीय एक सुविधा सम्पन्न लागूऔषध पुनर्स्थापना केन्द्र स्थापना गर्न पहल गरिने छ र सो स्थापना नहुन्जेल निजी तथा सामुदायिक क्षेत्रबाट दमक नगरमा नै सञ्चालित लागूऔषध पुनर्स्थापना केन्द्रसँग सहकार्य गरिनेछ।
- विपन्न,आदिवासी, जनजाति, मुस्लिम,अपाङ्गता भएका, असहाय, अशक्त, दलित, यौनिक अल्पसंख्यक, पिछडा वर्ग एवम् विकास र समृद्धिबाट हालसम्म पछि पारिएका वर्गको उत्थानका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- दमकमा रहेका प्रथम नागरिक धिमाल जातीको संस्कृति, रितिरिवाज परम्परालाई संरक्षण गर्न विशेष कार्यक्रम संचालन गरिनेछ।
- दमक नगरमा रहेका विभिन्न सांस्कृतिक संघसंस्था तथा समुहहरुलाई दमक प्रज्ञा प्रतिष्ठान मार्फत संरक्षण, सम्वर्द्धन र प्रोत्साहन गरिनेछ।
- दमक नगरपालिकाले साझा सिलाई केन्द्र संचालन गरी ईच्छुक १०० नागरिकलाई सिलाइ सिपको निःशुल्क अवसर प्रदान गरिने छ। साथै साझा सिलाई केन्द्रलाई गार्मेन्टको रुपमा विकास गर्दै लगिने छ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।
- सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ। उक्त कार्यक्रमलाई थप ४ वटा वडामा सञ्चालन गरिनेछ।
- योग साधनाको माध्यमबाट स्वास्थ्य जिवनका लागि योग शिविर सञ्चालन गरिने छ।
- जनप्रतिनिधि र कर्मचारीहरुका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- दमक नगरपालिका क्षेत्रभित्र रहेका दमक बाल आश्रम दमक-९, रत्ना वृद्धाश्रम दमक-४ को सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक सहयोग तथा समन्वय गरिनेछ।
- विभिन्न जातजाति, भाषाभाषी, भेषभुषा, संस्कार, संस्कृति, असल परम्पराको सम्वर्द्धन तथा प्रवर्द्धनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

- नागरिक सचेतना केन्द्रका ५० विपन्न परिवारलाई "**एक देउ एक लेउ**" कार्यक्रम अन्तर्गत पशुधन वितरण गरिनेछ। यो कार्यक्रमलाई क्रमशः अन्य परिवारमा विस्तार गर्दै लगिनेछ।
- विभिन्न विषय क्षेत्रमा आधारभूत सीप हासिल गरी बसिरहेका कम्तीमा ४० जनालाई उत्पादनसँग जोड्न सि.टि.इ.भि.टि. को तह १ परिक्षामा सहभागी गराइनेछ।
- दमक नगरपालिकासँग यातायातको माध्यमबाट पहुँच अभिवृद्धि भएका छिमेकी पालिकाहरुसँग यातायात लाई उत्पादनको माध्यमबाट जिविकोपार्जन तथा आयआर्जनसँग जोड्न गाउँ-नगर अन्तर सम्वन्धको विकास गरिनेछ।
- नगरपालिका क्षेत्रभित्र रहेका सबै धार्मिक, शैक्षिक, सार्वजनिक स्थल तथा पूर्वाधारहरुको लगत अद्यावधिक गरिनेछ।
- उपयुक्त स्थानको पहिचान गरी पितृ कार्यका लागि एक किरीया घर निर्माण गर्न धार्मिक/सामाजिक संघसंस्थाहरुसँग आवश्यक समन्वय गरिनेछ।
- दमक नगरभित्रका  विपन्न परिवारलाई निःशुल्क शववाहन र एम्बुलेन्सको व्यवस्था गरिने छ।
- दमक नगरपालिकाभित्र रहेका विद्यार्थी, यूवा र महिलाहरुलाई उत्पादन, व्यवसाय र रोजगारमा आबद्ध गर्नका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ।
- संघीय सरकारको कानून बमोजिम विपन्न परिचय पत्र वितरण गरिनेछ।
- दमक नगरपालिका वडा नं. ९ मा रहेको सभाहल सञ्चालनका लागि आवश्यक मापदण्ड तथा कार्यविधि तयार गरी संचालन व्यवस्थापनका लागि संघ तथा प्रदेश सरकारसंग समन्वय गरिनेछ।
- सामाजिक विकासका कार्यक्रमहरुको प्रभावकारी संचालन कार्यान्वयन गर्न विशेष अनुगमन, निरिक्षणको कार्यलाई निरन्तरता दिईनेछ।
- आदिवासी जनजातिहरुको संविधान प्रदत्त अधिकारलाई सुनिश्चितता गर्दै आर्थिक, सामाजिक एवं सांस्कृतिक विकासका साथै भाषा, लिपि, संस्कृती, परम्परा र पुर्खौली सिपको संरक्षण, प्रवर्धन गरिने छ।
- दमक नगरपालिका तथा वडा कार्यालयबाट संचालन हुने क्षमता अभिवृद्धी तालिम तथा सिपमुलक तालिममा विपन्न, आदिवासी, दलित, मधेशी, मुस्लिम, पिछडा बर्ग, अपाङता साथै यौनिक अल्पसंख्यकहरुको सहभागितालाई सुनिश्चित गरिनेछ।
- महिलाहरुलाई स्वरोजगार तथा आत्मनिर्भर बनाउन बिभिन्न सीपमूलक तालिमहरु सञ्चालन गरिनेछ।
- गत वर्ष सञ्चालन गरिएका तालिमहरुको समिक्षा गरी आगामी दिनमा  सोही तालिमको एडभान्स कोर्ष सञ्चालन गरी महिलाहरुलाई उद्यमी बन्न थप टेवा पुर्याईनेछ।
- गरिव, विपन्न, आदिवासी, जनजाति, दलित, अपाङ्गता भएका व्यक्तिहरु,एकल महिला,मधेसी महिला, मुस्लिम र पिछडा वर्गका महिलाहरु तथा दमक नगरपालिकासँग पहुँच नहुने विपन्न महिलाहरुको आय आर्जनमा टेवा पुग्ने खालका विभिन्न सिपमूलक तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रम गरिनेछ।
- ग्रामीण महिलाहरुको जीवनस्तरमा सुधार ल्याउन समुहमा आवद्ध गराउने तथा समुहमा आबद्ध भइ बचत गरी नियमित बैठक बसेका बिभिन्न समुहहरुलाई दर्ता गर्ने प्रक्रिया अघि बढाईनेछ।
- लैङ्गिक हिंसा न्यूनीकरणका लागि लैङ्गिक हिंसा निवारण कोष सञ्चालनलाई निरन्तरता दिईनेछ।
- लैङ्गिक हिंसामा परेका महिला तथा बालिकाकाको संरक्षणका लागि सेफ हाउस सञ्चालन कार्यलाई निरन्तरता दिईनेछ साथै उनीहरुको शिक्षा, स्वास्थ्य तथा संबैधानिक हकको सुनिस्चितता गरिनेछ।

- बेसहारा सडक मानव व्यवस्थापनका लागि विराटनगरको मानव सेवा आश्रम र सुनसरीको माया घर नेपाल सँगको सहकार्यमा सडक मानव मुक्त नगर निर्माणमा जोड दिईनेछ।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको हक हितका विभिन्न दिवश तथा अभियानहरु (जस्तै अन्तराष्ट्रिय महिला दिवस, राष्ट्रिय महिला अधिकार दिवश, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, जेष्ठ नागरिक दिवस, अपाङ्ग दिवस, राष्ट्रिय बाल दिवस, अल्जायमर्स दिवश ) लगायतका अन्य दिवसहरु विभिन्न कार्यक्रमको आयोजना गरी मनाईनेछ।
- लैङ्गिक हिंसामा परेका महिला तथा बालिकाकाको संरक्षणका लागी प्रदेश सरकार र संघीय सरकारमा समन्वय गरिनेछ।

## शिक्षा युवा तथा खेलकूद विकास

- शिक्षालाई जीवन उपयोगी र व्यावहारिक बनाउदै स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारलाई मध्यनजर गरी प्राविधिक जनशक्ति उत्पादनलाई प्राथमिकता दिइनेछ।
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास गर्दै शिक्षक तथा कर्मचारीको विद्युतीय हाजिरी प्रणाली विकास गरिनेछ, साथै ६ वटा सामुदायिक विद्यालयहरुमा सञ्चालन भईरहेको कम्प्युटर शिक्षक व्यवस्थापनलाई निरन्तरता दिईनेछ।
- **"बालबालिकालाई विद्यालयमा ल्याऔँ, टिकाऔँ र सिकाऔँ"** भन्ने मूल नारालाई आत्मसाथ गर्दै शिक्षामा सवैको पहुँच कार्यक्रम संचालन गरी विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने र विद्यालयमा उनिहरुको उपस्थितिलाई निरन्तरता दिंदै शैक्षिक उपलब्धी वृद्धि गर्न आधारभूत तहको शिक्षालाई निःशुल्क तथा अनिवार्य गराउने कार्यलाई तिव्रता दिईनेछ।
- असहाय र सहयोगापेक्षी बालबालिकाको शैक्षिक अभिभाकत्व नगरपालिकाबाट लिइने व्यवस्था मिलाइनेछ, विशेष आवश्यकता भएका र कमजोर पक्षको शिक्षामा सहज पहुँच र सहभागिता सुनिश्चित गर्न निश्चित मापदण्डका आधारमा छात्रवृत्तिको व्यवस्था गरिनेछ।
- नगरपालिका भित्र संचालित सामुदायिक क्याम्पसको स्तरोन्नतीमा सहकार्य तथा सहयोग गरिनेछ।
- सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि प्रत्येक वडामा शैक्षिक सुधार अभियान चलाई माध्यमिक तथा आधारभूत तहको नतिजा एवम् समग्र विद्यालयको कार्यसम्पादन मूल्याङ्कन गरी उत्कृष्ट विद्यालय, व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक र विद्यार्थी छनौट गरी पुरस्कृत गरिनेछ।
- खेलकुदका माध्यमबाट सिर्जनात्मक सिकाईलाई जोड दिदै **"स्वास्थ्यका लागी खेलकुद", "मर्यादित र अनुशासित समाजका लागि खेलकुद"** जस्ता कार्यक्रम मार्फत समुदायको स्वास्थ्य र सामाजिक विकृति विसंगती जस्ता समस्यालाई समाधान गरिनेछ।
- कम विद्यार्थी संख्या भएका विद्यालयहरुको छनौट गरी सरोकारवालाहरुको सहमतीमा विद्यालय समायोजन कार्यलाई अघि बढाईनेछ।
- दमक नगरपालिका भित्रको एकमात्र अटिजम स्रोतकक्षाको थप सुदृढिकरण गरिनेछ , साथै नगरपालिका भित्र अन्य स्रोत कक्षा सञ्चालित विद्यालयहरुलाई आवश्यक सहयोग गरिनेछ।
- नगरक्षेत्रभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत १० वर्षभन्दा माथिका सबै छात्राहरुलाई निःशुल्क सेनीटरी प्याड उपलब्ध गराइनेछ।

- बालविकास कक्षा देखि आधारभूत तहको कक्षा ६ सम्मका वालवालिकालाई पोषणयुक्त दिवाखाजा सञ्चालन गरिने छ।
- विद्यालयमा निर्माणाधिन अवस्थामा रहेका भौतिक संरचनाहरु विद्यालय भवन, खानेपानी, शौचालयको निर्माण कार्य सम्पन्न गरिनेछ।
- पृथ्वी मा वि र कृष्ण मा वि मा संचालित मातृभाषाको माध्यमबाट शिक्षण कार्यलाई निरन्तरता दिईनेछ।
- आधारभूत तहको अन्तिम परीक्षा सञ्चालन थप व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गरिनेछ।
- कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण र प्रवोधीकरण गर्नुका साथै कक्षा १ देखि ८ सम्मको पाठ्यक्रमको सन्दर्भ सामग्रीको निर्माण गरी शिक्षकलाई नयाँ पाठ्यक्रमको बारेमा ज्ञान दिन विषयगत पाठ्यक्रम प्रवोधीकरण सञ्चालन गरिनेछ।
- शिक्षकको क्षमता विकास गर्न मागमा आधारित पूर्नताजगी तालिम कार्यक्रम सञ्चालन गरिनेछ।
- सामुदायिक विद्यालयमा आवश्यकताको आधारमा स्वयंसेवक शिक्षकको व्यवस्थापन गरिनेछ।
- विद्यार्थीको सर्वाङ्गीण विकास गर्ने किसिमका कार्यक्रमहरु (जस्तै– नेपाल स्काउट, राष्ट्रिय सेवा दल) लगायतका कार्यक्रमहरु गर्न प्रोत्साहन गरिनेछ।
- दमक नगर खेलकुद समितिको मातहतमा दमक नगर भित्र विभिन्न खेल विधाका प्रतियोगीताहरु संचालन गरीनेछ।
- विद्यालयहरुको सहभागीतामा राष्ट्रपती रनिङ्गशिल्ड प्रतियोगीता सञ्चालन गरिनेछ।
- प्रचलित कानून बमोजिम सँस्थागत विद्यालयले प्रदान गर्नुपर्ने १० प्रतिशत छात्रवृत्तीलाई अनिवार्य गराईनेछ।
- शिक्षण सिकाई अनुभव आदान प्रदान गर्न तथा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि संस्थागत र सामुदायिक विद्यालय र सामुदायिक विद्यालयका शिक्षकलाई एक अर्काको विद्यालयमा गएर शिक्षण गर्ने व्यवस्थाको प्रारम्भ गरिनेछ।
- विषय विज्ञहरुको रोष्टर निर्माण गरी विद्यालयहरुको समूहगत सुपरीवेक्षण गरिनेछ।

## स्वास्थ्य क्षेत्र

- विभिन्न महामारी संक्रमण रोकथाम तथा नियन्त्रणका लागि आवश्यक व्यवस्था गरिनेछ साथै स्वास्थ्य सम्वन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- महामारी रोकथाम तथा नियन्त्रणको कार्यमा अग्रपंक्तिमा रही कार्य गर्ने स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको प्रोत्साहनका लागि आवश्यक व्यवस्था गरिनेछ।
- विभिन्न महामारी रोकथाम र नियन्त्रणका लागि आधारभुत स्वास्थ्य केन्द्र, नगर स्वास्थ्य केन्द्रलाई थप व्यवस्थित गर्नका लागि उपयुक्त स्थान तोकी ल्याब सेवा सञ्चालन गरिनेछ, साथै वडा समिति मार्फत वडाका आधारभूत स्वास्थ्य केन्द्रमा सहुलियत रुपमा औषधी वितरण गरिने व्यवस्था मिलाईने छ।
- महामारी रोगविरूद्ध सचेतना अभिवृद्धि गर्न टोल वस्ती स्तरमा सञ्चालन हुने लक्षित वर्ग लगायतका सचेतना सम्बन्धी कार्यक्रमहरूलाई एकीकृत र प्रभावकारी बनाइनेछ।
- दमक अस्पताललाई गुणस्तरीय तथा सुविधा सम्पन्न अस्पताल बनाउन आवश्यक उपकरण र विशेषज्ञ सेवा संचालन गर्न विषेश पहल गरिनेछ।

- स्वास्थ्य क्षेत्र सुदृढीकरणका लागि दमक नगरमा रहेका स्वास्थ्य संस्था तथा अन्य सरोकारवाला संस्थाहरूसँग समन्वय गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ।
- टि.बि.,एचआइभी एड्स संक्रमित विरामीहरूलाई आवश्यक बजेट विनियोजन गरी टि.बि.एचआइभी एड्स विरूद्ध जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- घरमै सुत्केरी गराउने कार्य Zero Home Delivery कार्यक्रमलाई प्रभावकारी बनाउन दमक नगर भित्रका गर्भवती तथा सुत्केरी, असक्त र असहायहरूका लागि दमक क्षेत्र भित्र निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ साथै दमक नगर क्षेत्रभित्रका विपन्न सुत्केरी आमाहरूलाई पोषिलो खाना उपलब्ध गराइनेछ।
- नगर भित्रका विपन्न नगरवासीहरुलाई मुटु, मृगौला र क्यान्सर जस्ता नेपाल सरकारले तोकेका बिरामीहरूका लागि आर्थिक सहायतामा सिफारिस गरिनेछ।
- दमक नगरलाई पूर्ण खोपनगर तथा खुल्ला दिसामुक्त नगर घोषणा गरी सकिएको छ, यसलाई थप प्रभावकारी बनाउन पहल गरिनेछ।
- लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूलाई एकीकृत सेवा दिने उद्देश्यले दमक अस्पतालमा एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) मा आवश्यक जनशक्तिको व्यवस्था गरी संचालनका लागि स्थानीय संघ संस्थाहरूसँग सहकार्य गरिनेछ।
- सबै आधारभूत तथा नगर स्वास्थ्य केन्द्रमा कम्तीमा प्रत्येक महिनाको १ दिन चिकित्सक सेवा प्रदान गरिनेछ।
- अशक्त बृद्धबृद्धाहरू र जेष्ठ नागरिकहरुका लागि घरघरमा आधारभूत स्वास्थ्य परीक्षण तथा उपचार सेवा पुर्याइनेछ साथै आँखा र दाँतको निःशुल्क शिविर सञ्चालन गरिनेछ।
- गर्भवती तथा सुत्केरी महिलाहरूका लागि निःशुल्क रूपमा आइरन, क्याल्सीयम तथा फोलिक एसिड वितरण कार्यक्रमलाई निरन्तरता दिइने छ।
- महिलाहरूका स्वास्थ्य समस्यामा बिशेष गरेर स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर लगायतका समस्याहरू पहिचान गरी समाधान गर्नका लागि दमक अस्पतालमा नि:शुल्क परीक्षण गर्ने कार्य भै रहेको छ। यसका लागि महिला स्वास्थ्य स्वयम् सेविका र आधारभूत स्वास्थ्य केन्द्र, स्वास्थ्य शाखा तथा दमक अस्पताललाई अझ बढी क्रियाशील बनाउँदै लगिनेछ साथै विषयगत निःशुल्क स्वास्थ्य शिविरहरू वडा स्तरमै सञ्चालन गरी जनचेतना अभिवृद्धि एवम् उपचार सेवाको विस्तार गरिनेछ।
- दमक नगर क्षेत्रभित्र रहेका निजी अस्पताल, स्वास्थ्य क्लिनिकहरू, होमियो तथा आयुर्वेदिक क्लिनिकहरूबाट परिचय-पत्र प्राप्त जेष्ठ नागरिकहरूको निःशुल्क स्वास्थ्य परीक्षण गर्न आवश्यक समन्वय गरिनेछ।
- आमा सुरक्षा कार्यक्रमलाई सुदृढिकरण गरिनेछ साथै स्वास्थ्य शिक्षा तथा आमा सुरक्षा सम्बन्धी सचेतना कार्यक्रमको प्रभावकारिताका लागि आवश्यक समन्वय गरिने छ।
- दमक-७ स्थित रेडक्रस सोसाइटी परिसरमा सञ्चालन भएको दमक बाल अस्पतालमा बालबालिकाहरुका लागि सम्भावित महामारीको रोकथाम, नियन्त्रण र उपचारको व्यवस्था गर्न प्रदेश सरकार, संघीय सरकार, संघ-संस्थाहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।
- **"स्वस्थ शहर, कुपोषण रहित दमक नगर"** को अभियानलाई सार्थक बनाउन ५ वर्ष मुनिका बालबालिकाको लागि पोषण कार्यक्रम सञ्चालन गरिनेछ।

- क्षयरोग तथा कुष्ठरोग न्यूनीकरणका लागि स्वास्थ्य शाखा, आधारभूत स्वास्थ्य केन्द्र र दमक अस्पतालको समन्वयमा प्रतिकारात्मक, निदानात्मक तथा उपचारात्मक सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- दमक अस्पतालमा सञ्चालित टि.बि. तथा ART Center लाई थप व्यवस्थित बनाउदै लगिनेछ।
- महिला स्वास्थ्य स्वयम् सेविकाहरूलाई कार्यक्रममा फिल्ड खटेको दिन खाजा, मासिक यातायात खर्च उपलब्ध गराइने छ साथै कोष वृद्धि गरिनेछ।
- महिला स्वास्थ्य स्वयंसेविकाको रूपमा नगरपालिकामा ६० वर्ष उमेरसम्म सेवा गरी सेवा निबृत्त हुने र १० बर्ष सेवा अवधि पुरा गरी काम गर्न असक्षम भएमा स्वयंसेविकाहरूलाई दिइने एकमुष्ट रकम रु. ८० हजार र सम्मानजनक बिदाई कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै महिला स्वास्थ्य स्वंयम सेविकाबाट अवकास हुन चाहेमा सेवा-निवृत्त सुविधा बराबरको रकम उपलब्ध गराइनेछ र रिक्त भएको र आवश्यकता भएका स्थानमा महिला स्वास्थ्य स्वयंसेविकाको उचित व्यवस्थापन गरिनेछ।
- महिला स्वास्थ्य स्वयंम् सेविकाहरूलाई नगरको पूर्ण खोप, पोषण, स्वास्थ्य, सरसफाई, खुल्ला दिसामुक्त अभियान, बालमैत्री लगायत अन्य अभियानहरूमा समेत परिचालन गरिनेछ साथै महिला स्वास्थ्य स्वयंसेविका सम्बन्धी कार्यविधि निर्माण गरिनेछ र महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई स्वास्थ्य बिमा निःशुल्क रुपमा उपलब्ध गराइनेछ।
- नगरक्षेत्रमा संचालित निजि तथा सामुदायिक स्वास्थ्य संस्थाहरुले सामाजिक उत्तरदायित्व बहनका लागि अनिवार्य निःशुल्क वेड सहितको नेपाल सरकारले तोकेको सेवा उपलब्ध गराउनु पर्नेछ। यसरी तोकेको सेवा उपलब्ध नगराएमा नियमानुसार कारवाही गरिनेछ।
- दमक अस्पतालमा CT Scan र डाइलासिस सेवा विस्तारका लागि सम्बन्धित निकायमा आवश्यक पहल र समन्वय गरिनेछ।
- दमक नगरभित्रका सुत्केरी, ५ वर्षमुनिका बालबालिकाहरु र नियमित रगत चढाउनु परेमा ल्याब परीक्षण गरेबापत लाग्ने रकमलाई शोधभर्ना गरी निःशुल्क गरिनेछ।
- दमक नगरपालिकामा स्थायी बसोबास भएका गम्भीर प्रकृतिका दीर्घरोगी, अति विपन्न तथा विपदमा परेका परिवारलाई सेवा नदोहोरिने गरी एक पटकका लागि बढीमा रू. १५ हजार सम्म वडा कार्यालयको सिफारिसमा आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था मिलाइनेछ साथै अति विपन्न, असहाय व्यक्तिलाई दमक नगरपालिका अन्तर्गत रहेका अस्पतालमा उपचारको व्यवस्था गरिनेछ।
- जेष्ठ नागरिकहरुलाई प्रोष्टेड क्यान्सर स्क्रिनिङ्ग स्वास्थ्य शिबिर साथै उपचार सहुलियत कार्यक्रम संचालन गरिने छ।
- सुत्केरी महिलाहरुलाई घरघरमा नै गई स्वास्थ्य परिक्षण गरिने छ।
- सामुदायिक बिद्यालयका बिद्यार्थिहरुलाई निशुल्क आँखा,नाक कान घाँटी तथा दन्त परिक्षण कार्यक्रम संचालन गरिने छ।
- दमक अस्पतालमा **Burn Unit** स्थापना एंव दुर्घटना न्यूनिकरण कार्यक्रम संचालनका लागि आवश्यक ब्यवस्थापन मिलाइने छ।
- सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम प्रभाबकारी वनाउन स्वास्थ्यकर्मी र स्वयंसेविकाहरूलाई तालिम संचालन गरिनेछ।

## दमक अस्पताल तर्फ

- दमक अस्पतालबाट संचालन भई रहेका सेवाहरुलाई ब्यबस्थित गर्दै थप सेवाहरु जस्तैः फिजियोथेरापी, एच.डि.यू , डायलाइसिस, सि.टी.स्क्यान सेवाहरुलाई बिस्तार गर्दै लगिनेछ र अप्रेशन कक्षलाई मोड्युलर अप्रेशन थिएटरको रुपमा ब्यबस्थित गरिने छ ।
- अस्पतालको सरसफाईलाई प्राथमिकतामा राखि सेवा परामर्समा दिई ब्यबस्थित गर्दै लगिनेछ ।
- दमक नगरपालिका अन्तर्गत रहेका आधारभुत स्वास्थ्य केन्द्रहरुमा आबश्यकता पहिचान गरी महिनाको एक पटक बिशेषज्ञ सेवा सहितको घुम्ती शिबिरको ब्यबस्था मिलाइने छ ।
- अस्पतालमा बिरामीहरुलाई भर्ना गरेर राखिने वार्डको कमि भई बिरामीहरुलाई अन्य अस्पताल रेफर गरिनु पर्ने भएको हुदा अस्पतालको भवनको माथिल्लो तलामा रहेको वार्ड तथा क्याबिनहरुलाई ब्यबस्थित गरी संचालनमा ल्याईनेछ।
- नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशन बमोजिम जलेका बिरामीहरु राख्न बेग्लै Burn Unit स्थापना गर्नु पर्ने भएको हुदा सो UNIT को साथै CLEFT LIP/PALATE (ओठ र तालुको समस्या ) भएका बिरामीहरुलाई ब्यबस्थापन गरिने छ ।
- दमक अस्पतालमा आउने सेवाग्राहीहरुको चाप बढी भएको हुदा सो भिडबाट जेष्ठ नागरिकहरुले सेवा लिन कठिनाई भएको हुदा जेष्ठ नागरिकहरुलाई बिहानको समयमा छुट्टै OPD सेवा संचालन गरी सेवालाई सहज बनाईने छ साथै ९० बर्ष भन्दा माथिका बुवा आमाहरुलाई प्रत्येक ३ महिनामा एक पटक घर घरमै स्वास्थ्य चेकजाँचको प्रवन्ध मिलाईने छ ।
- **नगरवासीको स्वास्थ्य, हाम्रो जिम्मेवारी** भन्ने नाराका साथ दमक नगरवासीको स्वास्थ्य सेवामा सवैको पहुच सहज गराउन दमक अस्पताल सम्म ल्याउन निशुल्क आकस्मिक एम्वुलेन्स सेवा उपलब्ध गराईने छ।
- दमक अस्पतालमा दिईदै आएको पोष्टमार्टम सेवा बापत लिइने शुल्कलाई दमक नगरपालिका भित्र बसोबास गर्ने नागरिकहरुको मृत्यू भई पोष्टमार्टम गर्नु परेमा सो सेवा निशुल्क गरिने छ ।
- अस्पतालको भिडलाई ब्यबस्थित गर्न टोकन सिस्टमको ब्यबस्थापन गरिने छ ।
- अस्पतालको भौतिक पूवार्धारको थप सुदृढिकरण गर्दै लगिनेछ ।
- दमक अस्पतालमा OCMC सेवा संचालन गरिने छ ।

## महिला, बालबालिका तथा जेष्ठ नागरिक

- **बालमैत्री नगर सवैको सरोकार, समृद्ध दमक सुखको आधार** भन्ने मूल नारा सहित सुरु गरिएको नगरपालिकालाई बालमैत्री बनाउने अभियानलाई यस वर्ष अझ सशक्तरुपमा अघि बढाईनेछ, साथै बालमैत्री नगर घोषणाको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- बालबालिकाको सहभागिता अभिबृद्धि गर्न र बालबालिकाको माग सम्बोधन गर्न नगर स्तरीय बाल भेला आयोजना गरिनेछ ।
- वडा नं ५ ले वालमैत्री स्थानीय शासन सम्वन्धी सूचक मापदण्ड अनुरुप पुरा गरी सकेकोले आवश्यक प्रक्रिया गरी सकेकोले वालमैत्री स्थानीय शासन युक्त वडा घोषणा गरिनेछ ।
- सवै विद्यालयहरु अगाडी सडकमा जेब्राक्रस बनाईनेछ ।

- बालबालिकाको मानसिक स्वास्थ्य, मनोरञ्जन तथा खेलकुदका लागि मनोरञ्जन पार्क तथा बाल उद्यान निर्माण गरी सञ्चालनमा ल्याईनेछ ।
- गम्भिर मानसिक स्वास्थ्य समस्या, अटिजम तथा एडीएचडी (ADHD), भएका बालबालिकाका लागि थेरापी गराउने तथा हेरचाहका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- निर्माण भएका तथा नयाँ बन्ने संरचनाहरुलाई बालमैत्री साथै बहुमैत्री बनाईने छ ।
- बालक्लबहरुलाई सक्रिय बनाउदै विभिन्न क्षेत्रहरुमा बाल सहभागिता सुनिश्चित गरिनेछ ।
- हिंसाबाट पिडित बालबालिका र सडक बालबालिकालाई आबश्यक स्वास्थ्य उपचार, संरक्षण विकास र उचित शिक्षाका लागि बालकोषको स्थापनालाई निरन्तरता दिइनेछ ।
- दमक नगरपालिकाका विभिन्न वडा कार्यालय तथा आधारभूत स्वास्थ्य केन्द्रमा स्तनपान कक्ष निर्माणमा निरन्तरता दिइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचयपत्र बितरणको कार्यलाई निरन्तरता दिइनेछ ।
- अपाङ्गता भएका विपन्न व्यक्तिहरुलाई सहज जीवनयापनकालागि अपाङ्गता सहायता सामग्री, लट्ठि , ह्वविल चियर, स्टेचर, श्रवण यन्त्र आदि सहायता सामग्री उपलव्ध गराइनेछ ।
- अपाङ्गता भएका विपन्न व्यक्तिहरुलाई आय आर्जनका लागि सिपमुलक तालिम वा सामग्री उपलव्ध गराइनेछ ।
- जेष्ठ नागरिकले गरेका कामको सम्मान गर्दै जेष्ठ नागरिकको सीपलाइ आधुनिकिकरण गरिनेछ ।
- जेष्ठ नागरिक प्रति हुने दुर्व्यबहारको न्युनिकरण गर्न असल अभिभाबक र सामाजिक सद्भाव कार्यक्रमलाई अघि बढाइनेछ ।
- जेष्ठ नागरिक, अपागंता भएका व्यक्तिहरुलाई दमक अस्पताल मार्फत विशेष सहुलियत सेवा प्रदान गरिनेछ ।

## आर्थिक विकास क्षेत्र

- **कृषि**
    - प्रांङ्गारिक खेति प्रवर्द्धनका लागि प्राङ्गारिक मल तथा स्थानीय स्तरमा बनाउन सकिने जैविक मल बिषादी उत्पादन र प्रयोगमा प्रोत्साहन गरिने छ ।
    - हालको खेति प्रणालीलाई ब्यवसायिक खेति प्रणालीमा परिणत गर्न प्रोत्साहन गर्न एक समुह तथा एक उत्पादनमा कृषक समुहलाई जागरुक गराईने छ ।
    - बैदेशिक रोजगारबाट फर्केका र स्वदेशमै कृषि उत्पादनमा लाग्न ईच्छुक युवाहरुका लागी प्रोत्साहन स्वरुप नगरबाट जमिन र अन्य खेति पद्धतिमा सहयोग गरिनेछ ।
    - अधियाँ, ठेक्का र भाडामा जग्गा लिएर खेति गर्ने कृषक पहिचान गरी सहुलियत रुपमा सिजन अनुसार उन्नत बीउ, सिंचाई सुबिधामा सहयोग गरिनेछ ।
    - रोग किरा नियन्त्रणका लागी जैविक बिषादी र सुरक्षित रसायनिक बिषादि निःशुल्क उपलब्ध गराईने छ ।
    - बढी उत्पादन दिने स्थानीय तथा स्वदेशी बिउ प्रयोगमा प्रोत्साहन र प्रविधि प्रवर्धन गरी कृषकलाई बिश्वस्त गाराईने छ ।
    - कृषि बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा प्रयोग गर्न प्रोत्साहन गरिने छ ।
    - प्रांङ्गारिक तथा जैविक खेतिको महत्व **"बिषादी बिष नै हो ! औषधी होईन "** भन्ने नाराका साथ रसायनिक बिषादि प्रयोगको अवस्था र मानव स्वास्थ्य र जिवहरुमा यसको प्रभाव बारे स्कुल, कृषक समुह, निजि फर्महरुलाई अभियानको रुपमा संचालन गरिने छ ।

- बन कार्यालयसंगको समन्वयमा खाली रहेको वनको जग्गामा साथै उचित प्रयोगमा नआएको सरकारी,निजि, सार्वजनिक गुठी तथा संस्थानको जग्गाहरुमा जैविक बिविधता संरक्षणमा सहायक हुने बेसार लगायतका मसलाजन्य बाली ,तेलहन बाली साथै उच्च मुल्यका अन्य बाली उत्पादन प्रशोधन तथा बजारीकरणको सुरुवात गरिने छ।
- कृषि क्षेत्रमामा देखिएका समस्या लाई समाधान र नविनतम प्रविधिको खोजि तथा कार्यान्वयन गर्नका लागी संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी अनुसन्धान, प्रदर्शनी, गोष्ठी, तालिम आदी गतिविधि संचालन गरिनेछ।
- **खेतबारीमा सेवा, उत्पादनमा टेवा** भन्ने नाराका साथ हरेक वडामा आवश्यकता अनुसार स्थलगत प्राविधक सेवा उपलव्ध गराईने छ ।
- सिचाईका लागि बिद्युतिय मोटर बोरिङ्गका लागि कृषकलाई अनुदान उपलब्ध गराईनेछ।
- दमक नगरपालिकामा तिब्र सहरीकरण भईरहेको अवस्थामा शहरी कृषि (Urban Agriculture) बिकासको लागी करेसाबारी / कौशी खेति मार्फत बिषादी रहित ताजा तरकारी उपभोग गर्न प्रोत्साहन गरिने छ।
- बाली उत्पादन तथा गुणस्तर बृद्धीका लागी प्रकृतिमा मौरी अति आवश्यक भएको हुनाले यसको पालन तथा बिकासको लागी **१ घर १ घार माहुरी** अभियानलाई प्रोत्साहन गरिने छ।
- निर्माण सम्पन्न हुन लागेको जैविक तरकारी बजारलाई प्रयोगमा ल्याईने छ।

## पशुपन्छी विकास

- हरियो घाँस खेती विस्तार गरी दुध उत्पादनमा बृद्धि गरिनेछ।
- आन्तरिक तथा बाह्य परजीवि नियन्त्रणका लागि औषधिको व्यवस्था गरिनेछ।
- पशुपन्छीको महामारी रोग विरुद्ध खोपकार्य सन्चालन गरिनेछ।
- उन्नत नश्लको साँढे,राँगा तथा बोकाको विर्यबाट कृत्रिम गर्भाधान गरी नश्ल सुधार गरिनेछ।
- सडक सामुदायिक कुकुर न्यूनिकरणका लागि बन्ध्याकरण शिबिर सन्चालन गरिनेछ।
- घरपालुवा कुकुरहरुलाई सम्वन्धीत वडामा अनिवार्य दर्ता गरी पालन गर्नु पर्नेछ साथै सार्वजनिक स्थलमा दिशा पिसाव गराएको पाईएमा जरिवाना गरिनेछ।
- आवासिय क्षेत्रमा पशुपन्छी पालनकार्यलाई मापदण्ड बनाई व्यवस्थित गरीनेछ।

## सहकारी क्षेत्र

- प्रचलित सहकारी कानुन बमोजिम सहकारी संस्था दर्ता, खारेजी गर्ने र स्वीकृतिका लागि पेश भएका संशोधित विनियमहरुको अध्ययन गरी कानुन बमोजिम स्वीकृति प्रदान गरिनेछ।
- सहकारी संस्थाहरुको निरिक्षण र अनुगमन गरी सहकारीको मर्म, मुल्य मान्यता र सिध्दान्त बमोजिम संस्था संचालनका लागि प्रेरित गर्ने, कमी कमजोरी भए सुझाव तथा निर्देशन दिने, जरिवाना तथा कसुरजन्य कार्य गरेको भए जरिवाना गर्ने र अनुसन्धानका लागि सम्बन्धित निकायमा लेखी पठाईनेछ।
- कानुन बमोजिम संचालन भएका मध्ये उत्कृष्ट सहकारी संस्थालाई पुरस्कृत गरिनेछ।
- सहकारी संस्थामा भएको फजुल संचालन खर्च घटाउन, दोहोरो सदस्यताको समस्या हटाउन, संस्थाको अनावश्यक संख्यात्मक विकासलाई नियन्त्रण गरी सबल र सक्षम संस्थाको स्थापना गरी संस्थाहरुको गुणात्मक विकास गर्न कानुन बमोजिम एकिकरणका लागि प्रोत्साहित गरिनेछ।

- सहकारी संस्थाहरुलाई सहकारी विभागद्वारा विकास गरिएको सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सुचना प्रणाली (COPOMIS) मा आवध्द गरिनेछ।
- सहकारी संस्थाका संचालक तथा कर्मचारीहरुका लागि तालिम, अन्तरक्रिया, अभिमुखिकरण जस्ता कार्यक्रमहरु साझेदारीमा संचालन गरी संचालक र कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिनेछ।
- देशका बिभिन्न स्थानमा सहकारीको मर्म, मुल्य मान्यता र सिध्दान्त बमोजिम संचालनमा रही संस्थाको उध्देश्य हासिल गर्न सफल सहकारी संस्थाहरुको अवलोकन भ्रमण गर्न प्रोत्साहन गरी त्यस्ता संस्थाले गरेको प्रगती, संस्थाका सदस्यहरुको आर्थिक उन्नतीका बारेमा जानकारी लिने र सफल अभ्यास अवलम्वन गर्न प्रेरित गरिनेछ।
- लेखापरिक्षण र साधारण सभा समयमै नगर्ने र साधारण सभा सम्पन्न भएको १५ दिन भित्र सो को प्रतिवेदन नबुझाउने, सहकारी कानुन बमोजिम दमक नगरपालिकामा बुझाउनु पर्ने बिवरण तोकिएको समय सिमाभित्र नबुझाउने सहकारी संस्थालाई नियमानुसार कारवाही गरिनेछ।

## रोजगार क्षेत्र

- दमक नगर क्षेत्रका युवाहरुमा भएको ज्ञान, सीप क्षमताको सदुपयोग गर्दै उद्यमशिलता, सिर्जनशिलता तथा सीपको विकास गरी उत्पादन एवं रोजगारी अभिवृद्धि गर्नका लागि स्वरोजगार कोष स्थापना गरी संचालन गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु मार्फत रोजगारी सृजना गरिनेछ।
- एकीकृत श्रम तथा रोजगार सेवा (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८० बमोजिम रोजगार सेवा केन्द्रलाई नमूना रोजगार सेवा केन्द्रका रुपमा विकास गरिनेछ।
- समग्र अर्थतन्त्रको विकासका लागि आय आर्जन, रोजगारी, स्थानीय उत्पादन अभिबृद्धि गरी गरिबी न्यूनीकरण गर्न दमक नगरपालिकाको आफ्नै रोजगार रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- बैदेशिक रोजगार बोर्ड सँगको साझेदारीमा बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले आर्जन गरेको पूँजी, सीप, प्रविधि र अनुभव नेपालमा नै उद्यमशीलताको विकास तथा सीपको प्रवर्द्रधनमा उपयोग गराई सामाजिक तथा आर्थिक पुनःएकीकरण कार्यक्रम संचालन गरिनेछ।
- बैदेशिक रोजगारीमा जान चाहाने व्यक्तिहरुका लागि रोजगार सेवा केन्द्रबाटै अनलाइन श्रम स्वीकृति तथा पुनःश्रम स्वीकृतिको व्यवस्थालाई निरन्तरता दिईनेछ।
- वैदेशिक रोजगारीमा गएका व्यक्ति र उनीहरुको परिवारलाई वैदेशिक रोजगार कल्याणकारी कोषबाट उपलब्ध हुने सेवालाई थप व्यवस्थित एवं प्रभावकारी बनाईनेछ। (मृतक कामदारका नजिकका हकवालालाई आर्थिक सहायता प्रदान, शव व्यवस्थापन, अङ्गभङ्गलाई आर्थिक सहायता, कामदारका परिवारलाई स्वास्थ्य उपचार सहयोग, उद्धार सम्बन्धी कार्य )

## संस्कृति र पर्यटन प्रवर्द्धन

- दमक नगरपालिका क्षेत्रभित्रका ग्रामथान (महाराजथान) को जग्गालाई विस्तृत योजना निर्माण गरी साँस्कृतिक र मनोरञ्जनात्मक पार्कको रूपमा विकास गरिनेछ।
- दमक वडा नं. २ मा रहेको शहिद वन वाटिकालाई "दमक पर्यटन पार्क" को रूपमा विकास गर्न संघीय र प्रदेश सरकार तथा नगरपालिकाको संयुक्त लगानीबाट पूरा गर्न तीव्रता दिइनेछ।
- नगर क्षेत्रभित्र रहेका धार्मिक, साँस्कृतिक, पुरातात्विक स्थानहरू मठमन्दिर, गुम्बा, ग्रामथान तथा महाराजथान, माङ्गहिम, मदरसा, चर्च आदिको संरक्षण गरिनेछ।
- कला, संस्कृतिको प्रवर्द्धन गर्नका लागि दमक ९ स्थित कदम थिएटरलाई थप व्यवस्थित गर्नका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ।

## पूर्वाधार विकास क्षेत्र

### पूर्वाधार तर्फ

- मावा र रतुवा नदीमा स्थायी तटबन्धको आवश्यक व्यवस्थाका लागि संघीय सरकार र प्रदेश सरकार तथा दातृ निकायहरूसँग समन्वय गरी आगामी ३ वर्षभित्र तटबन्ध निर्माणको कार्य पुरा गर्ने लक्ष्य राखिनेछ।
- दमक २ स्थित हम्सेदुम्से सामुदायिक वनको पूर्व रतुवा नदीमा डि.पि.आर. अनुसारको मुक्तिघाट निर्माण कार्य अन्तर्गत दुई वटा बेदीको निर्माण सम्पन्न हुने चरणमा पुगेको साथै डि.पी.आर. अनुसार अत्यावश्यक थप संरचनाहरु निर्माण गर्ने प्रकृया अगाडी बढाइने छ, साथै बजारक्षेत्रलाई मध्यनजर गर्दै दमक ८ मा मुक्तिघाट निर्माण गरिनेछ।
- दमक - रवि - चिसापानी सडकको चुरे फेदीदेखि रतुवा किनार हुँदै दमक बसपार्क सडक खण्ड विस्तारका लागि विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेकोले आ.व. २०८०।०८१ मा सोही क्षेत्रबाट बैकल्पिक सडक विस्तार गर्न संघीय सरकारसँग पहल गरिनेछ ।
- नगरभित्र स्वच्छ खानेपानीको व्यवस्थापन तथा विस्तारका लागि संघीय सरकार , प्रदेश सरकार , खानेपानी उपभोक्ता संघसस्थासँग समन्वय र सहजीकरण गरिनेछ साथै खानेपानी नपुगेको अन्य क्षेत्रमा खानेपानीको व्यवस्था गर्न पहल गरिनेछ ।
- नगरपालिकाबाट सञ्चालित अधुरा तथा क्रमागत आयोजनाहरूलाई उच्च प्राथमिकता दिई सम्पन्न गरिनेछ।
- दमक नगर क्षेत्रका सम्पूर्ण सडक तथा चोकहरूको नामाकरण, स्तर र मापदण्ड तोकी व्यवस्थित गरिनेछ साथै टोल बस्ती भएका र मुख्य सडक सञ्जालसँग जोडिने सबै कच्ची सडकहरूलाई स्तरोन्नति गर्दै लगिनेछ।

- नगर क्षेत्रभित्रका सडकहरूको विकास, विस्तार र स्तरोन्नतिका लागि तयार भएको नगरस्तरीय यातायात व्यवस्थापन योजना (MTMP) लाई अध्यावधिक गरिनेछ साथै नगर वृहत योजना २०७७ अनुसार योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगर क्षेत्रभित्र प्रवेशद्वार निर्माण गर्नुपरेमा निर्धारित मापदण्डका आधारमा मात्र निर्माण स्वीकृती दिईनेछ।
- नगरभित्र सञ्चालन हुने भौतिक पूर्वाधार विकासका समपुरक योजनाहरुमा लागत सहभागिता अभिवृद्धि गर्न, गुणस्तर कायम गर्न र अपनत्वको भावनाको विकास गर्न शहरी क्षेत्रमा ४० प्रतिशतसम्म र ग्रामीण क्षेत्रमा २० प्रतिशत सम्म लागत सहभागिता जुटाईनेछ।
- अति विपन्न, विकास र समृद्धिको मूलधारबाट हालसम्म पछाडी रहेका वर्गको बसोबास भएको क्षेत्र तथा गौरवको रूपमा नगरपालिका आफैले निर्माण गर्ने पूर्वाधारहरूको हकमा न्यून जनसहभागिता वा सहभागिता समावेश नगरी आयोजना र कार्यक्रम सञ्चालन गर्न सकिनेछ साथै समपुरक योजनाहरु बाहेक अन्य योजनाहरुमा शहरी क्षेत्रमा २० प्रतिशत र ग्रामिण क्षेत्रमा १० प्रतिशत लागत सहभागिता कायम गरिने छ।
- निर्माण सम्पन्न भएका ठूला पक्की संरचनाहरूमा निर्माण भएको साल अंकित गरिनेछ साथै भवन संरचनाहरुको अनिवार्य नक्सा पास प्रक्रिया पश्चात मात्र निर्माण प्रक्रिया अघी वढाईने छ।
- प्रत्येक आयोजनाको निर्माण कार्य सम्पन्न भए पश्चात् अनिवार्य मर्मत संभार कोष स्थापना गरी उपभोक्ता समिति मार्फत नियमित मर्मत सम्भार गर्ने व्यवस्थालाई निरन्तरता दिदै ठूला सडकहरु निर्माणमा हेरालुको व्यवस्था गरिनेछ ।
- दमक ७ को पञ्चमुखी टोलस्थित दमक नगरपालिकाको जग्गामा सार्वजनिक निजी साझेदारीमा व्यावसायिक पसल कवल निर्माण गरिनेछ।
- दमक ७ स्थित पशुहाटमा सार्वजनिक निजि साझेदारी कार्यक्रम अन्तर्गत निर्माणाधिन पसल कवलहरुको निर्माण सम्पन्न गरी संचालनमा ल्याईनेछ।
- नाला निर्माण गर्दा पानी निकास अनिवार्य हुनुपर्नेछ,साथै ढक्कन बिनाको नाला निर्माण गरिने छैन। पुराना नालाहरु प्रायः पानी नबग्ने र ढक्कन बिनाको भएकोले आगामी दिनमा नालाको बेड लेभल पानी बग्ने गरी पुनःनिर्माण गरी ढक्कन हाल्ने कार्यलाई प्राथमिकतामा राखिनेछ।
- दमक क्षेत्रका सबै होली खोल्सीहरुको न्यूनतम अधिकार क्षेत्र २० फिट भन्दा कम नहुने गरी सरसफाई र सौन्दर्यिकरण कार्यलाई प्राथमिकता दिइनेछ साथै घर, गोठ, फार्म, शौचालयबाट दिशा पिशाब, मलमूत्र, बिषादी लगायत कुनैपनि प्रकारका दूषित पदार्थ होली खोल्सीमा बगाउने कार्य पूर्णरुपमा निषेध गरिनेछ।
- तीव्र शहरीकरणसँगै सडक दायाँ बायाँ गाडिएका विद्युत, टेलिफोन, केबुल आदिको पोलहरु प्रायः जोखिमपूर्ण र अव्यवस्थित भएको तथा पोलमा हजारौं तारहरु गुजुल्टो परी शहरलाई अत्यन्त कुरुप बनाएको, जनधनको क्षति हुने जोखिम बढिरहेको साथै अधिकांश पोलहरु लड्ने अवस्थामा रहेको हुनाले सोको समयमै मर्मत सम्भार र व्यवस्थापन गरी सुन्दर र सुरक्षित शहर बनाउन सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ।
- सडक ग्राभेल कार्यको गुणस्तर कायम गर्न रतुवा खोलाको मिक्स गिट्टी प्रयोगमा निरुत्साहित गरिने छ। मावाखोलाको ताराबारी डिपु पश्चिमदेखि उत्तरको मिक्स गिट्टी आवश्यक परेमा प्रयोगशाला परिक्षण गरी प्रयोग गर्न सकिनेछ।

- भित्री साना सडक र हलुका सवारी साधन मात्र चल्ने सबै बाटोहरुमा कालोपत्रेको सट्टा मापदण्ड तोकी इन्टरलक टाइल्स हाल्ने कार्यलाई प्राथमिकता दिईने छ तर पक्की नाला वा कम्तीमा protection wall अनिवार्य गरिनेछ।
- ठूला सडकहरुमा कालोपत्रे गर्नुपर्दा न्यूनतम ४० मि.मि. मोटाइको आस्फाल्ट कंक्रिट गरिनेछ, साथै सबै सडकहरुमा हम्स (speed breaker) निर्माण गर्न निषेध गरिनेछ, बनाउनै पर्ने स्थानमा नगरपालिकाबाट स्वीकृति लिई मापदण्ड अनुसारको निर्माण गर्न सकिने व्यवस्था मिलाइनेछ। सडक दुर्घटना हुने जोखिम क्षेत्रमा ट्राफिक सूचना पाटी अनिवार्य राख्ने व्यवस्थालाई निरन्तरता दिईने छ।
- नगरपालिकामा सञ्चालन हुने आयोजनाहरुको गुणस्तर कायम गर्नका लागि परीक्षण तथा नियन्त्रण गर्नका लागि स्थापना भएको इन्जिनियरिङ प्रयोगशालालाई थप व्यवस्थित र आधुनिक बनाई आयोजनाहरुको गुणस्तर परीक्षण गरिनेछ। सो का लागि पर्याप्त जनशक्ति तथा उपकरणको व्यवस्था गरी बजारमा उपलब्ध भएका निर्माण सामग्रीहरुको कम्तीमा वर्षमा १ पटक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ साथै आयोजनाहरुको निर्माण कार्यमा प्रयोग गरिने निर्माण सामग्रीहरुको गुणस्तर जाँच तथा प्रयोग भईसकेका निर्माण कार्यको प्रयोगशाला परिक्षण रिपोर्ट अनिवार्य सम्लग्न गरे पश्चात मात्र मुल्याङ्कन र भुक्तानी दिने व्यवस्थालाई कडाईका साथ निरन्तरता दिईने छ।
- सिमेन्ट मसला प्रयोग गरी निर्माण हुने आयोजनाहरुमा मापदण्ड अनुसार पर्याप्त पानीहाल्ने कार्य (Curing) लाई अनिवार्य गर्न सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायीलाई जिम्मेवार बनाइनेछ। सम्बन्धित उपभोक्ता वा निर्माण व्यवसायीले उक्त कार्य नगरेमा नगरपालिका आफैले पानीहाल्ने कार्य गराई सो कार्यमा लागेको रकम कट्टा गरी भुक्तानी दिइनेछ।
- हेभी सवारी साधनहरुलाई वैकल्पिक रुटको व्यवस्था गरी रुट (सडक र समय) कायम गर्ने व्यवस्था मिलाइनेछ।
- सामुदायिक भवन निर्माण गर्दा पर्याप्त घामपानी छेक्ने गरी छज्जी राख्नुपर्ने साथै भुईंमा वरिपरि पेटी (एप्रोन) र नाला समेत निर्माण गर्ने व्यवस्था लागु गरिनेछ।
- सबै सरकारी वा निजी भवन निर्माण गर्दा कुर्सी लेभल (Plinth Height) समान उचाईमा हुने गरी कायम गर्ने व्यवस्था मिलाइनेछ ।
- सबै संरचनाहरु निर्माण गर्दा बहुमैत्री (अपाङ्गता,ज्येष्ठ नागरिक, महिला ,बालबालिका,यौनिक अल्पसंख्यक अटिजम आदि) को पूर्ण कार्यान्वयन गरी पूर्वाधार निर्माण गर्ने व्यवस्था लाई निरन्तरता दिईने छ।
- प्रत्येक बाटो निर्माण गर्दा रेलिङ्ग सहितको फुटपाथको डिजाइन अनिवार्य गर्नुपर्ने व्यवस्था मिलाइनेछ । ठूला बाटोहरुको हकमा साइकल लेनको समेत व्यवस्था गर्दै लगिनेछ।
- दमक नगरपालिकाको समग्र भूगोलको आधारमा पानी निकासको गुरुयोजना बनाइनेछ साथै स्थलगत सर्भे गरी पुरानो नालाको पुनः निर्माणको समेत गुरुयोजना बनाई कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइनेछ।
- ठेक्का सम्झौता गर्दा निर्माण व्यवसायीले आफ्नो ईन्जिनियरलाई सम्झौता पत्रमा अनिवार्य सहिछाप गराउनु पर्नेछ साथै आयोजना निर्माणको Specification अनिवार्य बुझाइने छ। निर्माण व्यवसायीले कार्यतालिका (work Schedule) अनिवार्य पेश गर्नुपर्ने व्यवस्थाका साथै लेआउट प्रतिवेदन अनिवार्य पेश गर्न कडाईका साथ लागु गरिने छ।
- भवन,कल्भर्ट आदिको निर्माण कार्यमा आर.सि.सि. ढलाई गर्दा निर्माण व्यवसायी वा उपभोक्ताले अनिवार्य फलामको टेका र वाटर प्रुफ प्लाइउडको फर्मा प्रयोग गर्नुपर्ने मापदण्ड कडाईका साथ कार्यान्वयन गराइने छ।

- कुनैपनि आयोजनाको निर्माण कार्यमा सिमेन्ट मसला बनाउँदा मान्छेले हातले बनाउने कार्यलाई पूर्ण निरुत्साहित गर्दै मिक्चर मेशिन, आर.एम.सी. को प्रयोगलाई अनिवार्य गराईने छ।
- प्रत्येक आयोजनाको ठेक्का सूचना प्रकाशन हुनुभन्दा अगावै डि.पि.आर.माथि विस्तृत छलफल पछि डिजाइन, ड्रइङ्ग, इस्टिमेट स्वीकृत गरी सो अनुसारको ठेक्का सूचना प्रकाशन गर्ने प्रक्रियालाई पूर्ण कार्यान्वयनमा ल्याइने छ।
- आयोजनाको डि.पि.आर. तयार गर्दा सम्बन्धित वडाको वडाध्यक्ष र वडा प्राविधिक, नगरपालिकाको इन्जिनियरिङ प्राविधिक तथा सम्बन्धित सरोकारवालाहरुलाई सहभागी गराई विस्तृत छलफल गरेर मात्रै फाइनल गर्नुपर्नेछ साथै सम्पूर्ण Softcopy तथा Hardcopy लगायतका कागजात पेश गरेपछि मात्र भुक्तानीका लागि सिफारिस गरिनेछ।
- सडकमा निर्माण सामग्रीहरु अव्यवस्थित रुपले थुपारेर राख्ने कार्यलाई पूर्णरुपमा निषेध गरिने छ। पक्की सडकमा त्रिपाल ओछ्याएर मात्र निर्माण सामग्री अनलोड गरी २४ घण्टाभित्र सडक क्षेत्रबाहिर आफ्नो घर कम्पाउण्डभित्र लानु पर्नेछ, साथै सडकको फुटपाथमा व्यापार व्यवसाय गर्न पाइने छैन।
- कुनैपनि आयोजना निर्माणको शुरु तथा सम्पन्नको अनुगमन गर्दा सम्बन्धित वडाका वडाध्यक्ष तथा साइट तोकिएका इन्जिनियर/प्राबिधिक अनिवार्य रुपमा उपस्थित गराउने पद्धतिलाई कार्यान्वयन गरिनेछ।
- आयोजना सम्झौताको प्रक्रियामा लागत ईस्टमेट सहित आयोजनाको फोटो अनिवार्य पेश गर्नुपर्नेछ साथै आयोजनाको प्रत्येक रनिङ्ग बिल र सम्पन्न बिलमा निर्माण कार्यको फोटो, वडाको सिफारिस, प्राविधिक प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्थालाई निरन्तरता दिईने छ।
- आयोजनाको सम्झौता भए पश्चात सञ्चालनको क्रममा नगर स्तरीय अनुगमन समितिबाट अनुगमन कार्य कम्तिमा तीन(३) पटक गर्नु पर्ने (पहिलो, मध्यम र सम्पन्नमा) ब्यवस्थालाई निरन्तरता दिईने छ।
- समपुरकका आयोजनाहरु ठेक्का प्रक्रियावाट गर्नुपर्ने भएमा सम्बन्धित उपभोक्ताहरुको सहमती, वडाको सिफारिस लिई, उपभोक्ताहरुको रेखदेख तथा सहयोग समिति गठन गरी ठेक्का प्रक्रिया अगाडी बढाईने छ।
- विश्व बैकको लगानिमा सञ्चालन हुन गई रहेको दमक ताराबारी डिपु सडक(मदन डाँगी मार्ग) ठेक्का प्रक्रिया पुरा भई सम्झौता भईसकेको र निर्माणको चरणमा रहेकोले यस आयोजनालाई समयमानै सम्पन्न गर्नका लागि सहजिकरण गरिने छ।
- दमक नगरपालिका भित्र राष्ट्रिय गौरवका आयोजनाहरूलाई निरन्तरता दिन संघीय सरकार तथा प्रदेश सरकारसँग सहकार्य तथा समन्वय गरिनेछ।
- नगरपालिकामा सञ्चालनमा रहेका निर्माण कार्यमा प्रयोग हुने सवारी साधनहरु (व्याकोलोडर, टिपर, ट्याक्टर लगायत अन्य) लाई कार्यबिधि बनाएर मात्र सञ्चालन गरिने छ।
- निर्माण कार्यमा संलग्न कामदारहरुले मापदण्ड अनुसारको सुरक्षा सामग्री लगाउन अनिवार्य गरिनेछ।
- आयोजनाको ईष्टिमेट नेपालीमा पनि गर्नु पर्नेछ।
- वडा नं २ मा रहेको खुल्ला मैदानलाई वेलडागी क्रिकेट मैदानको रुपमा विकास गरिनेछ।
- यातायात व्यवस्थालाई थप प्रभावकारी बनाउदै वडा नं २ मा रहेको नगरपालिकाको जग्गालाई फाल्गुनन्द बसपार्कको रुपमा व्यवस्थित र विकास गर्दै लगिनेछ।
- दमक ३ मा रहेको मदन भण्डारी रंगशालालाई आवस्यक बजेटका लागि संघीय तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ।

## शहरी विकास तथा भवन निर्माण

- बजार क्षेत्रका मुख्य सडकहरुमा क्रमशः वृक्षारोपण र रेलिङ सहितको बहुमैत्री फुटपाथ निर्माण कार्य गरी सौन्दर्यिकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- दमक बजारको हालको सुनचाँदी लाइनमा सपिङ कम्प्लेक्स निर्माणका लागि आर्थिक वर्ष २०७६।०७७ मा नगर विकास कोषबाट डिपिआर तयार भई निर्माण व्यवसायीबाट ठेक्का सम्झौता भईसकेको हुनाले नगर विकास कोषको ऋण सहयोग र नगरपालिकाको आन्तरिक श्रोतबाट निर्माण शुरु गरी आगामी ३० महिना भित्रमा निर्माण सम्पन्न गरिनेछ।
- दमक भ्यू टावर, नेपाल चाईना ईण्डष्ट्रियल फ्रेण्डसीप पार्क जस्ता राष्ट्रिय गौरबका आयोजनाहरु निर्माण सम्वन्धी प्रक्रिया अघी वढिरहेको छ। यी आयोजनाहरुको निर्माण कार्य समयमै सम्पन्न गर्न आवश्यक समन्वय, सहजिकरण र पहल गरिनेछ।
- दमक बसपार्कको क्षेत्र साँघुरिँदै गएकोले सो बसपार्कलाई Multi layered City Park को रुपमा निर्माण गर्न नगर विकास कोषको साझेदारीमा सम्भाव्यता अध्ययन गरी विस्तृत परियोजना प्रतिवेदन तयार भई सकेको छ। सो सिटी पार्कको निर्माण कार्यका लागि नेपाल सरकारसँग समन्वय र सहजीकरण गरिने छ।
- दमक-३ स्थित भ्यू टावर आसपास पहिलो चरणमा करीव ५० विगाहा जग्गा land pooling मार्फत आधुनिक शहरको विकाश प्रक्रिया अघी वढाईनेछ।
- दमक नगरमा राष्ट्रिय बिभूति तथा स्रष्टाहरुको स्मारक निर्माण गर्ने कार्यलाई निश्चित स्थानको पहिचान गरी संस्कृति तथा काव्य वाटिकाको रुपमा विकास गर्न सम्भाव्यता अध्ययन गरी निर्माणका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी दमक बसपार्कमा बुद्धको प्रतिमा स्थापना गरिनेछ।
- बस्ति विकास, शहरी योजना तथा भवन निर्माण संहिता तथा मापदण्ड २०७२ लाई पूर्ण रुपमा पालना गर्दै भूकम्पबाट हुने क्षतिलाई न्यूनिकरण गर्न घर नक्सा पासलाई अझ व्यवस्थित गर्दै लगिनेछ। सो का लागी घर नक्सा कार्यविधि बनाई कार्यान्वयन गरिनेछ।
- नगरपालिकाभित्र निर्माण गरिने घर नक्सा बैक तयार गरी नगरवासीलाई निःशुल्क घर नक्सा उपलब्ध गराईने व्यवस्था मिलाईने छ।
- घर नक्सा पासका लागि Digital Permit System पुर्ण रुपमा लागु गरिनेछ।
- निर्माणकर्मीको सुरक्षाका लागि मजदुर भलाई तथा सुरक्षाकोष स्थापना गरिनेछ। उक्त कोषमा निर्माण व्यवसायी र घर धनीले समेत लागत व्यहोर्ने गरी निर्दिशिका बनाई लागू गरिने छ।
- मुख्य शहरी क्षेत्रमा निजी तथा सामुदायिक भवन निर्माण गर्दा अण्डरग्राउण्ड पार्किङको प्रावधान राखी नक्सा पेश गरेमा Basement मा लाग्ने दस्तुरमा ५० प्रतिशत छुट गरिने छ।

- भूकम्प प्रतिरोधात्मक घर तथा भवन निर्माण गर्नका लागि दक्ष कालिगढ उत्पादनका लागि तालिमको व्यवस्था गरिने छ साथै तालिम प्राप्त कालिगढहरुलाई पुनर्ताजगी तालिम र नयाँ घर निर्माण गर्ने घरधनीहरुलाई अभिमुखिकरण तालिम संचालन गरिने छ।
- दमक नगरपालिकाबाट निर्माण ईजाजत लिई घर निर्माण गरी रहेका घरहरुको अनुगमनका लागि भवन निर्माण अनुगमन समिति गठन गरी भवन मापदण्डलाई अझ प्रभावकारी बनाईने छ।
- नगरपालिकाबाट निर्माण ईजाजत लिई निर्माण गरिने सरकारी तथा गैर सरकारी भवनहरु बहुमैत्री बनाईदै लगिनेछ।
- **हाम्रो नगर, उज्यालो दमक** भन्ने नारालाई आत्मसाथ गर्दै नगर क्षेत्रभित्र रहेका सडक बत्तीहरुको पोल नम्बरिङ गरी सम्बन्धित वडा कार्यालय मार्फत टोल क्षेत्रमा पर्ने सडक बत्तीको संरक्षण र मर्मतका लागि टोल विकास समितिसँग साझेदारी गरी व्यवस्थापन गरिने छ साथै वाँकी रहेका वडा टोल र बस्तीहरुमा विद्युत प्राधिकरणसँगको सहकार्यमा विद्युतिकरण गरिदै लगिनेछ।
- विद्युत भोल्टेजको सुधार गर्ने कार्यका लागि प्रदेश तथा संघीय सरकारसँग पहल गरिने छ।
- नगरक्षेत्र भित्र रहेका  बाटो, पैनी, खोला खोल्सीहरुको मापदण्ड बनाई कार्यान्वयन गर्दै लगिनेछ।
- नगरपालिकाको स्वामित्व र भोगाधिकार कायम भएका एवम् सरकारी ऐलानी पर्ती जग्गामा भएको अतिक्रमण नगरपालिकाले हटाउने छ। नगरपालिकाको नाउमा रहेका जग्गामा बसोवास गरेका भूमिहिन, सुकुम्वासीहरुलाई आवश्यक व्यवस्थापन गरिनेछ।
- नगर क्षेत्रभित्र सवारी यातायात र पार्किङ व्यवस्थापनका लागि यातायात तथा ट्राफिक व्यवस्थापन गरिनेछ।
- दमक ८ मा रहेको सरस्वति मा वि को जग्गा नगरपालिकासँग भएको सम्झौता अनुसार व्यवस्थित गर्दै लगिनेछ।
- नगरपालिका क्षेत्रभित्र नक्सा पास नगरी मापदण्ड भित्र बनेका घर संरचनाहरुको आवश्यक प्रक्रियाहरु पुरा गरी २०८० पौष मसान्त भित्र नक्सापासको प्रक्रिया गर्दा लाग्ने जरीवाना छुट गरी नक्सापासका लागि प्रोत्साहन गरिनेछ।
- घर निर्माणका लागि लेआउट प्रतिवेदनसँगै सम्वन्धित वडाको सिफारिस समेत अनिवार्य गरिनेछ।
- प्रत्येक घर निर्माण गर्दा छतबाट खसालिने पानिको व्यबस्थित निकास अनिवार्य गर्नु पर्नेछ साथै कम्तिमा दुई विरुवा अनिवार्य रोप्नु पर्नेछ।
- घर निर्माण गर्दा बाटोको सेड व्याकभित्र सेप्टिक टंयाकी / सोस टंयाकी राख्न निशेध गरिनेछ।
- मुख्य बजारक्षेत्रमा गृल, फर्निचर जस्ता व्यवसायहरुको दर्ता कार्यलाई निरुत्साहित गरिनेछ।

## वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

### वातावरण

- सहरी सौन्दर्य तथा हरियाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत सडकपेटीको दुवै किनारमा विभिन्न प्रजातिका फलफुल सहितका बिरुवाहरु वृक्षरोपण गरिनेछ।
- नगर सौन्दर्यकरणका लागि एक घर - दुई बिरुवा रोप्न र फुलको हव निर्माण गर्न प्रयत्न गरिनेछ।
- दमक क्षेत्रभित्रमा प्रदुषण नियन्त्रण तथा न्युनिकरण गर्न प्रदुषण नियन्त्रण तथा न्युनिकरण कार्यविधि तयार गरी प्रदुषण नियन्त्रण गरिनेछ ।
- नगरलाई वातावरणमैत्री नगरको रुपमा रुपान्तरण गर्न सडक, टोल, वडा, विद्यालय क्रमशः घोषणा गर्दै दमक नगरलाई नै वातावरणमैत्री नगर घोषणा गर्न सचेतना अभिवृद्धि गरिनेछ।
- नगरको शहरी क्षेत्रमा रहेका चोक पेटीमा ब्युटिफिकेशन गरी पार्कको रुपमा विकास गरिनेछ साथै बजारक्षेत्रमा रहेको सार्वजनिक शौचालयहरुको व्यवस्थापन गरिने छ।
- रतुवा/मावा खोलामा संरक्षणका लागि निर्माण गरिएको ड्यामलाई सौन्दर्य तथा रमणीय स्थलको रुपमा विकास गर्न विभिन्न निकाय तथा संघ संस्थाहरुसँग समन्वय गरिनेछ।
- दमक नगरक्षेत्रभित्र रहेका जरुवा पानीहरुको मुहानको खोजि गरी संरक्षण गरिनेछ।
- नगरपालिकाक्षेत्रका भूमिगत पानिको श्रोतहरुमा रहेको आर्सनिक परिक्षण गरी स्वच्छ खानेपानीको व्यवस्था मिलाईनेछ।
- दमक ७ मा रहेको रोज गार्डेन, वडा नं. ८ को रातेहोली रतुवा खोलाको बाध, वडा नं. ९ को चन्द्रमा पार्क, वडा नं. ३ को पशुपति सिमसार, लाजेको वाध, वेतेनी सिमसार र वडा नं. १० मा रहेको इन्द्रेणी ताल संरक्षणका लागि समन्वय र सहकार्य गरिनेछ।
- वडा नं. २ स्थित हम्सेदुम्से सामुदायिक वन क्षेत्रमा निर्माणाधीन शहिद वन वाटिका पार्क निर्माण कार्यक्रमलाई निरन्तरता दिई मनोरञ्जनात्मक स्थलको रुपमा सञ्चालनमा ल्याइनेछ।
- वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम अन्तर्गत सुधारिएको चुल्हो, बायोग्याँस जडान, सौर्य-उर्जा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ३० माइक्रोन भन्दा मुनिको प्लास्टिकजन्य झोलाहरु प्रयोगमा रोक लगाइनेछ। यसका लागि वैकल्पिक झोला जस्तै जुट, कपडा, कागज आदिको झोला प्रयोग गर्न उत्प्रेरित गरिने छ साथै नगरक्षेत्रमा प्लाष्टिक, रबरजन्य फोहोर जलाउन पूर्ण रुपले रोक लगाइनेछ।
- ध्वनि प्रदुषण हुने गरी विभिन्न धार्मिक कार्य, विवाह व्रतबन्ध तथा व्यापारिक प्रचार प्रसारका लागि प्रयोग गरिने माइकिङ्ग वा ठुलो आवाजमा बजाउन, प्रयोग गर्न रोक लगाइनेछ।
- दमक नगरपालिका क्षेत्रमा खुल्ला क्षेत्र पहिचान गरी प्रत्येक वडामा कम्तीमा एउटा खुल्ला क्षेत्र / पार्क बनाउन समन्वय र सहकार्य गरिनेछ।

- घरबाट उत्पादित फोहोरको श्रोतमा नै वर्गिकरण गर्ने कार्य अनिवार्य लागु गर्दै सार्वजनिक स्थलमा फोहोर फाल्नेलाई जरिवाना र कारवाही गरिनेछ ।

## विपद व्यवस्थापन

- नगरक्षेत्रमा हुने विपद रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि सरकारी तथा गैर सरकारी संघसंस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।
- विपद् व्यवस्थापन कोषलाई प्रभावकारी ढंगले परिचालन गरिनेछ विपद् सम्बन्धी कार्यक्रमहरु यसै कोषमार्फत सञ्चालन गरिनेछ ।
- दमक नगरपालिका क्षेत्रमा हुन सक्ने सबै किसिमका विपद्बाट उद्धारका लागि आवश्यक विपद् व्यवस्थापन सम्बन्धी साधन श्रोतको व्यवस्थापन गरिनेछ ।
- विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनका लागि विपद् जोखिम नक्साङ्कन तयार गरी प्राथमिकताको आधारमा जोखिम न्युनीकरणका कार्यक्रमहरु अगाडि बढाइनेछ ।
- नगर स्तरीय विपद् व्यवस्थापन समितिको मातहतमा रहने गरी हरेक वडामा वडास्तरीय विपद् व्यवस्थापन समितिलाई क्रियाशील गराइनेछ ।

## फोहोरमैला व्यवस्थापन

- दमक नगरपालिका क्षेत्रवाट दैनिक उत्पादन हुने सबै किसिमका फोहोरमैलालाई श्रोतगत रुपमा कुहिने र नकुहिने फोहोरको वर्गिकरण गरी सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार सञ्चालनमा रहेको फोहोरमैला संकलन एवं व्यवस्थापनको कार्यलाई निरन्तरता दिदै थप क्षेत्र विस्तार गरीदै लगिनेछ ।
- दमक नगरपालिका वडा नं २ स्थित हंसे दुम्से सामुदायिक वनक्षेत्रमा निर्माण सम्पन्न भएको जैबिक फोहोरवाट उर्जा ( ग्यास तथा कम्पोष्ट मल) उत्पादन कार्यक्रमका लागि लगानीकर्तासँग भएको सम्झौता अनुसार आवश्यक समन्वय र सहकार्य गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- सडकपेटी फूटपाथको सघन सरसफाईका लागि सेवा प्रदायक संस्थालाई थप कृयाशील बनाई आवश्यकता अनुसार डस्टविन तथा फोहोर संकलन उपकरणको व्यवस्थापनमा सहयोग एवं सहजिकरण गरिनेछ ।
- जैबिक फोहोर व्यवस्थापन केन्द्रबाट उत्पादित कम्पोष्ट मल किसानहरुलाई सहुलियत दरमा उपलब्ध गराउनका लागि सेवा प्रदायक संस्थासंग समन्वय र सहकार्य गरिनेछ ।
- सार्वजनिक खोला खोल्सी, नदी नालाहरुमा शौचालयको ढल मिसाउने तथा सेफ्टि ट्याङ्कीको फोहोर जथाभावी फाल्ने कार्यलाई कडाईका साथ रोक लगाई कारबाही गरिनेछ । सो कार्य गरेको पाइएमा नियमानुसार दण्ड जरिवाना गरिनेछ ।

# संस्थागत विकास तथा सेवा प्रवाह

## आन्तरिक अनुगमन तथा नियन्त्रण

- नगरपालिका, वडा तथा दमक अस्पतालको आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन र सम्परिक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- राजस्वका क्षेत्रको पहिचान, दरहरुको निर्धारण,राजस्व संकलनका समस्या समाधान तथा साथै आर्थिक बर्षमा हुने राजस्वका दायरा बृद्धिका लागि वडा र सम्बन्धित निकायसंग अन्तरक्रिया  गरिनेछ ।
- लेखा समितिको तर्फबाट सम्पादन हुने कार्यहरुमा सहयोग र समितिका तर्फबाट आएका सुझावहरुको अभिलेखिकरण गरी अध्यावधिक  दस्तावेज तयार गरिनेछ ।
- नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने निकायहरु ( शाखाहरु, वडा कार्यालयहरु, विद्यालय र आधारभुत एवंम शहरी स्वास्थ्य संस्थाहरु ) लाई लेखापालन र जिन्सी व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरी बेरुजु नियन्त्रणका लागि सक्षम बनाइनेछ ।
- उपभोक्ता समिति मार्फत  योजना सञ्चालन गर्दा लागत सहभागिता रकम संकलन, योजना कार्यान्वयन र खर्च फरफराक कार्यमा दक्षता हासिल गराउन आवश्यक राय परामर्श सेवा प्रदान गरी सक्षमता विकास गरिनेछ ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधिको प्रभावकारी कार्यान्वयन गरी शाखागत कार्य विवरण सहितको जिम्मेवारी प्रदान गर्दै प्रभावकारी रुपमा आन्तरिक नियन्त्रण प्रणाली कायम गरिनेछ ।
- संस्थागत क्षमता स्वमुल्याङ्कन LISA  र वित्तीय जोखिम मूल्याङ्कन  FRA लाई दैनिक कार्यसञ्चालन सँगै आवद्ध गरी राष्ट्रिय सूचकमा उत्कृष्टता हासिल गरिनेछ ।
- महालेखा परिक्षकको कार्यालय मार्फत लेखापरीक्षका क्रममा पेश भएका बिगत वर्षहरुको असुल गर्नुपर्ने प्रकृतिको बेरुजु असुल गरीनेछ । नियमित गर्नुपर्ने र प्रमाण कागज संलग्न गर्नुपर्ने तथा पेश्की वेरुजुहरु नियमित गर्दै लगीनेछ ।
- वडाहरुलाई राजश्व संकलन, खर्च फरफराक र अन्य आर्थिक कारोवारहरुमा जिम्मेवार र दक्ष बनाउदै लगिनेछ ।

## सुशासन तथा पारदर्शिता

- नगरपालिकाबाट कार्यसम्पादन गर्दा पारदर्शी, जवाफदेही र सहभागितामूलक प्रक्रिया अवलम्बन गर्न आवश्यकता अनुसार सार्वजनिक सुनुवाई, खर्च सार्वजनिकीकरण, सामाजिक लेखापरीक्षण तथा अनुगमन लगायतका कार्यलाई निरन्तरता दिइनेछ ।
- जनप्रतिनिधि र कर्मचारीहरुको आचारसंहिता पालनालाई पूर्ण प्रभावकारी बनाउन समीक्षा गर्दै आवश्यक परिमार्जन गरिनेछ, साथै नागरिक वडापत्रको अनिवार्य कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाको सेवाप्रवाह तथा कामकारबाहीलाई छिटो, छरितो चुस्तदुरुस्त र व्यवस्थित गर्न कर्मचारीका लागि आवश्यक प्रोत्साहन तथा उत्प्रेरणाका क्रियाकलापलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाको स्वीकृत दरबन्दीमा कार्यरत करार, ज्यालादारी, सामाजिक परिचालकका रुपमा कार्यरत कर्मचारीलाई प्रदान गर्दै आएको सेवा सुविधाहरुलाई निरन्तरता दिइनेछ ।

- आयोजना र कार्यक्रमको तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यमा तथ्याङ्क, भौगोलिक सूचना प्रणाली, स्रोत नक्सा तथा गरिबी नक्साङ्कनको प्रयोगलाई अझ प्रभावकारी रुपले लागू गरिनेछ।
- वडा कार्यालयहरुलाई वडा सेवा केन्द्रको रुपमा विकास गरिनेछ। सेवा केन्द्रमा सुरक्षा, स्वास्थ्य, सभाहल, मिनी कवर्ड हल तथा नगरपालिका भित्र रहेका सबै विषयगत कार्यालयलाई सेवा प्रवाह गर्ने थलो बनाउन पहल गरिनेछ।
- जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा अनुभव आदन प्रदान गर्ने कार्य संचालन गरिनेछ।
- नगरपालिका र वडा कार्यालयबाट प्रदान हुने सेवालाई चुस्तदुरुस्त बनाउन आवश्यक समन्वय र सहकार्य गरिनेछ।
- अन्तर शाखा समन्वयका लागि विशेष कार्ययोजना बनाई लागू गरिनेछ।
- नगर प्रहरी र विपद्को समयमा खटिने कर्मचारीहरुलाई तालिम दिई आफ्नो कार्यक्षेत्रको काममा खटिन प्रोत्साहित गरिनेछ।
- दमक नगरभित्र रहेका विषयविज्ञहरु पहिचान गरी अभिलेखीकरण गरिनेछ साथै त्यस्ता विज्ञहरुको विज्ञतालाई नगरको विकासका लागि उपयोग गरिनेछ।
- घरेलु तथा यातायात कार्यालय जस्ता सर्वसाधारण जनताको प्रत्यक्ष सरोकार जोडिएका सेवा कार्यालय दमक नगरपालिकामा ल्याउन पहल गरिनेछ।
- विपन्न आवास बस्ती तथा सार्वजनिक सम्पत्ति संरक्षण गर्न वडा कार्यालयहरूलाई जिम्मेवारी दिनका लागि आवश्यक व्यवस्था गरिनेछ।
- महालेखा परिक्षक, लेखा समिति, आन्तरिक लेखापरिक्षण लगायत संघ र प्रदेशका विभिन्न निकायबाट प्राप्त सुझाव एवंम निर्देशनहरुको प्रभावकारी रुपमा कार्यान्वयन गरी संघ प्रदेश र स्थानीय तह वीचको सहकार्य एवंम समन्वय कायम गरी सुशासन व्यवस्थापन गरिनेछ।
- खरीद प्रक्रियालाई व्यवस्थित, पारदर्शि, चुस्त दुरुस्त पारी खरीद प्रणालीमा विशेष सजकता अपनाई सुशासनको प्रत्याभूति हुने गरी खरिद प्रक्रिया सम्पादन गरिनेछ।
- वडा स्तरीय योजना वडामै सम्झौता गर्ने व्यवस्था मिलाईदै लगिनेछ।

## राजश्व परिचालन

- तोकिएको समयमा कर बुझाउने करदातालाई उत्कृष्ट करदाताको रूपमा सम्मान गरिनेछ।
- राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउन आन्तरिक राजश्व कार्यालय, दमक उद्योग वाणिज्य संघ, घर वहाल संघ, घर वेटी संघ र अन्य सरोकारवाला संघसंस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ।
- नगरवासीहरुलाई कर सम्वन्धी जानकारी गराउन करदाता शिक्षा कार्यक्रम र कर सम्वन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरी गरिनेछ र बिद्युतिय कर भुक्तानी प्रणाली लागू गरिनेछ।
- दमक नगरपालिकाका कर संकलन केन्द्रहरूवाट लक्ष्य भन्दा बढी राजश्व संकलन गर्ने कर राजश्व संकलन प्रोत्साहन मापदण्ड तयार गरी लागू गरिनेछ।
- राजश्व परिचालन सम्वन्धी क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम, गोष्ठीको व्यवस्था गरिने छ।
- कर संकलन कार्यलाई सेवा प्रवाहसँग आवद्ध गरी वडा कार्यालयहरूको क्षमता बिकास गरिनेछ।

- नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको आर्थिक अधिकारको अधिनमा रही नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने सबै प्रकारका कर तथा गैर करको संभाव्यताको अध्ययन र बिश्लेषण गरी क्रमश करको दायरा व्यापक बनाईने छ ।
- राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउन स्थानीय राजश्व परामर्श समितिलाई थप क्रियाशिल बनाईने छ ।
- करको दायरामा नआउने करदाताहरूलाई करको दायरामा ल्याउने र राजश्व संकलनलाई प्रभावकारी बनाउन नगर स्तरीय राजश्व अनुगमन कार्यदल गठन गरिनेछ ।
- पूर्वाधारहरूको नियमित मर्मत संभारका लागि विगत बर्षदेखि लिईदै आएको पूर्वाधार सेवा उपयोग शुल्क लाई व्यवस्थित गरी कर संकलन गरिनेछ ।
- भाडामा प्रयोग गर्न दिईएका नगरपालिकाका संरचनाहरूलाई समयानुकुल सम्झौता पुनरावलोकन गरी सोको प्रशासकिय कार्य र राजश्व अशुलीको कार्य नगर कार्यपालिकाबाट सम्पादन गरिनेछ ।
- गैर दमकवासी ई रिक्सा, टेम्पो चालकले पूर्वाधार सेवाको उपयोग शुल्कको बार्षिक शुल्क बुभाएमा दमक नगरपालिका क्षेत्र भित्र यात्रुहरुलाई छोड्ने र उठाउन पाउने (पिक एण्ड ड्रप) सुविधा मात्र प्राप्त गर्ने छन तर सवारी साधन पार्किङ्ग गरी राख्न पाउने छैनन् ।
- ई रिक्सा, टेम्पोका सवारी चालक शारिरिक रुपमा अशत्त, वृद्धा, नावालक तथा गैर नागरिक भएका कारणले सवारी चलाउन नसक्ने भई अयोग्य देखिएमा त्यस्ता व्यत्तिलाई सवारी साधन चलाउन बन्देज गरिनेछ ।

## सञ्चार सूचना प्रविधि

- नगरपालिकाको कार्यालय र मातहतका सबै कार्यालयहरुमा साझा र एकीकृत प्रणाली, Office Automation Software को प्रयोगलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाको कर तथा शूल्कहरु e-Sewa, Connect IPS, Khalti, IME Pay तथा अन्य डिजिटल वालेट मार्फत घर बसि अन्लाईन तिर्न सकिने बनाईने छ, साथै पालिका तथा वडाहरुमा उपस्थित भई Dynamic QR मार्फत कर तथा शुल्कहरु तिर्न सकिने व्यवस्था मिलाईने छ ।
- नगरपालिका तथा वडाहरुले गर्ने सिफारिसमा पुर्ण रुपमा विधुतिय प्रमाणीकरण हुने गरी QR Code समाबेस गरिनेछ ।
- नगरपालिकाबाट गरिने सवै घरनक्सा पासका लागि E-Building Permission System लागू गरिनेछ ।
- GPS प्रणालीमा आधारित House Numbering गरी घरहरुमा प्लेट टाँस गर्ने काम भईरहेकोले छुट भएका घरहरुमा प्लेट टाँस गर्ने कामलाई निरन्तर्ता दिईने छ र घर नम्बरलाई नगरपालिकाले दिने सेवासँग जोडिने छ । GIS based Infrastructure and Resource Mapping अन्तर्गत सडकहरुको नामाकरण सहित Open Data Portal विकास गरिनेछ ।
- दमक नगरपालिका कार्यालय र मातहतका सबै वडा कार्यालय, स्वास्थ्य केन्द्र, आधारभुत स्वास्थ्य केन्द्रमा सि०सि० क्यामेरा जडान गरी नियमित अनुगमन गर्ने प्रणालीको विकास गरिनेछ ।
- दमक नगरपालिका, वडा कार्यालय, स्वास्थ्य केन्द्र र विद्यालयहरुमा इ-हाजिरी लागु गरी प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।
- सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई Paperless Governance को अवधारणा विकास गरिनेछ ।
- पौष मसान्तअघी सम्पूर्ण करदाताहरुलाई कर बुझाउन Bulk SMS मार्फत जानकारी गराउने प्रणालीको विकास गरिने छ ।

- युवाहरुलाई रोजगारीको सुनिश्चितता तथा सिप विकासका लागि Networking, Graphics, Software Development, App Development आदिको Incubation Program लागू गरिने छ ।
- नगरका बजार क्षेत्र तथा अन्य ठाउँहरुमा दमक उद्योग वाणिज्य संघ तथा अन्य विभिन्न संघ संस्था हरुसँगको सहकार्यमा CCTV जडान कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाको वेबसाइटलाई अद्यावधिक राखी महत्वपूर्ण निर्णय, जानकारी र सूचनाहरुलाई वेबसाइटमा राख्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।
- दमक अस्पतालमा Hospital Management System, Queue Management System, Free Wifi, को व्यवस्था मिलाइने छ ।
- दमक नगरपालिकाको डाटा सेन्टरलाई थप व्यवस्थित गरिने छ ।

### सञ्चार नीति

- व्यावसायिक पत्रकारितालाई प्रवर्धन गर्दै नगरपालिका भित्र दर्ता तथा सूचिकृत भई दमकलाई कार्यक्षेत्र बनाएर संचालन भएका संचार माध्यमहरुलाई आवश्यक सहयोग गरिनेछ ।
- नगरपालिकाका गतिविधिहरुका बारे आम नगरवासी समक्ष सुसूचित गर्न समय समयमा पत्रकार सम्मेलन मार्फत जानकारी गराईनेछ ।
- नगरपालिकाका समग्र गतिविधिहरुलाई त्रैमासिक प्रकाशन गरी सार्वजनिक गरिने छ ।
- दमक नगरभित्र स्थापना भई संचालनमा रहेका एफ० एम० रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाईन खबर तथा संचार माध्यमहरुसँग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

## सार्वजनिक नीजि साझेदारी र गैरसरकारी सस्था नीति

नगरपालिकाको सिमित साधन र स्रोतबाट अधिकतम उपलब्धी हासिल गर्न निजी क्षेत्र आकर्षित हुने खालका ठूला तथा आयमूलक आयोजना र कार्यक्रमहरू निर्माण तथा सञ्चालन गर्दा सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार अघि वढाईने छ ।

- द एसिया फाउण्डेशन अन्तर्गत स्थानीय सरकार सबलिकरण (CEO) कार्यक्रमबाट दमक नगरपालिकामा सञ्चालित कार्यक्रमलाई निरन्तरता दिई नगरको विकास र सेवा प्रवाहको क्षेत्रमा थप सहयोगका लागि समन्वय र पहल गरिने छ
- सुरक्षित आप्रवासन परियोजना कार्यक्रम (SAMI) लाई निरन्तरता दिइनेछ ।
- सडक सुरक्षा र व्यवस्थापन, पार्किङ तथा मेला, महोत्सव लगायतका कार्यहरूमा दमक उद्योग वाणिज्य संघ, होटल व्यवसायी संघ र सामाजिक संघ-संस्थाहरूसँग साझेदारी गरिनेछ ।
- जनचेतना, तालिम, अभिमुखीकरण, सशक्तिकरण जस्ता कार्यक्रमहरूमा सामाजिक संघसंस्था र गैर सरकारी संघ संस्थाहरूसँग सहकार्य तथा साझेदारी गरिनेछ ।
- गैर सरकारी संस्थाहरूले कार्यक्रम सञ्चालन गर्दा नगरपालिकासँग समन्वय गरी नगरपालिकाले तोकेको क्षेत्रमा गर्नु पर्नेछ साथै कार्यक्रमको वार्षिक प्रगति विवरण नगरपालिकामा पेश गर्नुपर्नेछ ।

## बजार अनुगमन तथा उपभोक्ता हित संरक्षण

- घरबाहिरको मुख्य भान्साको रुपमा रहेको होटल, रेस्टुरेन्ट, क्यान्टिन ब्यवसाय सन्चालन गर्नुहुने सन्चालकका लागि खाद्य स्वच्छता तालिम आयोजना गरिनेछ।
- स्ट्रिट फुड निकै आकर्षक तर खाद्य स्वच्छताको हिसाबले जोखिम युक्त रहेको हुदा दमक नगर क्षेत्रभित्र रही संचालन गरिदै आएका स्ट्रिट फुड विक्रेताहरुलाई खाद्य स्वच्छता र जी.एच.पी तालिम प्रदान गरिनेछ।
- दमक नगर भित्र रहेर संचालन भईरहेका बिभिन्न खाद्य पदार्थ उत्पादक र व्यवसायीहरुलाई खाद्य स्वच्छता ( जी.एम.पी /HACCP) तालिम कार्यक्रमको आयोजना गरिने छ।
- स्कुलका शिक्षक र क्यान्टिन संचालकहरुलाई खाद्य स्वच्छता तथा पोषण सम्वन्धी सचेतना कार्यक्रम संचालन गरिनेछ।
- उपभोक्ता हित अधिकार सम्बन्धमा परिचय र कानुनी व्यवस्था बारे अभिमुखिकरण कार्यक्रम गरी उपभोक्ता भेला प्रचार कार्यक्रम गरिने छ।
- उपभोक्ता हित संरक्षण सम्बन्धमा प्याम्प्लेट, ब्यानर छपाई र संचार मध्यमहरुबाट प्रचार प्रसार गरिनेछ।
- दमक नगर भित्र संचालन भइरहेका सामुदायिक बिद्यालयको कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीलाई खाद्य स्वच्छता तथा पोषण सम्वन्धी एक दिनको अभिमुखिकरण कक्षा संचालन गरिनेछ।
- विद्यालय तथा अस्पताल परिषर भित्र १०० मिटर मदिरा तथा सूर्तिजन्य सामग्री वेच विखनमा रोक लगाईने छ।

## कानून निर्माण तथा न्याय क्षेत्र

- नगर प्रमुख र नगर उपप्रमुखको कार्यक्रम शीर्षक बाहेक एकमुष्ट विनियोजन भएको रकम नगर कार्यपालिकाको निर्णयबाट मात्र खर्च गरिनेछ।
- न्यायिक क्षेत्रका कामलाई सरल र सुलभ बनाउन वडा मेलमिलापकर्ताको क्षमता अभिवृद्धी गरी मेलमिलाप केन्द्रलाई कृयासिल बनाई मेलमिलापको कामलाई थप व्यवस्थित र छिटो छरितो बनाइनेछ।
- मेलमिलापकर्ताको भुमिका थप सकृय बनाउन मेलमिलापकर्तालाई पुर्नताजकी तालिम सञ्चालन गरिनेछ।
- न्यायिक अभिलेखलाई थप सुधार गर्दै डिजिटल प्रणाली मार्फत कार्य गरिनेछ।
- न्यायिक सेवालाई प्रभावकरी ढंगबाट संचालन गर्न घरभेट तथा स्थलगत कार्य सञ्चालन गरिनेछ।
- नगरवासीलाई कानूनि सचेतना अभिबृद्धि गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।
- मेलमिलाप केन्द्र र कानून शाखाको क्षमता अभिबृद्धि गर्नका लागि स्वअध्यायन कार्यलाई वढुवा दिनका लागि कानून लाईब्रेरीका लागि कानून पुस्तक खरिद गरिनेछ।
- नगर कानून निर्माण प्रकृयालाई थप व्यवस्थित वनाउनको साथै सरोकारवालाको भुमिका थप सकृय बनाईने छ।

**थप गरिएको -** मिति २०८० साल असार १० गते बसेको नगरसभाको पहिलो बैठकमा आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रममा नगरसभा सदस्यहरुको सूझाबहरुलाई देहायनुसारको संशोधन गरियो।

- आर्थिक बिधेयक, २०८० को दफा ८ को अनुसुची ६ मा अन्य व्यवसायमा एक वा एक भन्दा वढी ई-रिक्सा / टेम्पो भाडामा लगाई व्यवसाय गर्ने प्रति गोटा बार्षिक रू.५००/- का दरले व्यवसाय कर लिने व्यवस्था थप गर्ने।
- नगर प्रमुख तथा उपप्रमुख कोषबाट भएको खर्चको विवरण कार्यपालिकामा जानकारी गर्ने।

- जग्गा प्लटिङ गर्दा नगरपालिकाबाट अनुमति प्राप्त गर्नु पर्ने व्यवस्था पुरा गरेर मात्र विक्री गर्न पाउने व्यवस्था गरिने छ साथै जग्गा प्लटिङमा बनेका सडकहरु नगरपालिकाको मापदण्ड बमोजिम हुनेछ भन्ने व्यवस्थालाई नीति तथा कार्यक्रममा थप गर्ने।
- नगरपालिका भित्र ढल निर्माण गर्दा पिकास आर सि टि रेडिमेट ड्रेनको अवधारणा अवलम्वन गरिनेछ।
- खेलकुदको समानुपातिक विकासका लागि आवश्यक व्यवस्था मिलाईने छ।
- ई- रिक्सा, टेम्पो लगायतका यातायातका साधनको पार्किङको व्यवस्था र भाडादर समायनुकुल समायोजन गरी आवश्यक व्यवस्था मिलाईने छ।

## सामाजिक जिम्मेवारी तथा कार्य सम्पादनको लेखाजोखा
(बृहत छलफलमा प्रस्तुत गरिएको )

| सामाजिक जिम्मेवारीको क्षेत्र | आ.व.०७९/०८० को अवस्था | आ.व.०८०/०८१ को प्रयास | आ.व.०८०/०८१ का उपलब्धि |
|---|---|---|---|
| | | **स्वास्थ्य क्षेत्र** | |
| स्वास्थ्य चौकी १ घण्टाभित्र पैदल वा यातायातको पहुँच भएको घरधुरी संख्या | आधारभूत स्वास्थ्य केन्द्र ७ वटा , शहरी स्वास्थ्य केन्द्र ३ वटा, नगर अस्पताल १, गाउँघर क्लिनिक २१, खोप केन्द्र २१ वटा, निजी अस्पताल ३, पोलिक्लिनिक निजी १, डट्स सेन्टर ९ वटाबाट सेवा प्रवाह भइरहेको । | दमक नगरपालिकाभित्र सबै नागरिकहरुलाई एक घण्टाभित्र स्वास्थ्य केन्द को उपचार प्रदान गर्न आधारभूत स्वास्थ्य केन्द्र ७ वटा, शहरी स्वास्थ्य केन्द्र ३ वटा, नगर अस्पताल एउटा सञ्चालनमा रहेको । स्वास्थ्य संस्थासम्म स्वास्थ्य उपचारको पहुँच स्थापित गर्न सडक पूर्वाधारअन्तर्गत ग्राभेल, कालोपत्रे, सडक मर्मत, पुल, कल्भर्टका निर्माण कार्यहरु गरिएको छ । । स्वास्थ्य संस्थाको पहुँच भन्दा टाढा रहेका बस्तीहरुलाई खोप तथा आधारभूत स्वास्थ्य उपचार प्रदान गर्न २१ वटा खोप केन्द्र सञ्चालन गरिएका ।<br>विभिन्न निजी अस्पताल, क्लिनिक सञ्चालनमा रहेका । ग्रामीण क्षेत्रमा स्वास्थ्य सचेतना र आधारभूत स्वास्थ्यको पहुँचका लागि स्वयम्सेविका ४४ जना कार्यरत रहेका । उर्लाबारी, चुलाचुलीका स्थानीय तहहरुसँग नागरिकहरुको पहुँचका आधारमा आवश्यक स्वास्थ्य उपचारका कार्यक्रम सहकार्य गरिएको । | दमक नगरपालिकाको सक्रिय पहलका कारण र सिमाना जोडिएर रहेका पालिकाहरु उर्लाबारी, मिक्लाजुङ, चुलाचुलीमा रहेका स्वास्थ्य संस्था र दमक नगरपालिका भित्र रहेका १० वटा वडाभित्र रहेका स्वास्थ्य संस्थाबाट स्वास्थ्य उपचार सेवा प्रदान गर्न महत्वपूर्ण स्वास्थ्य उपचार कार्यमा दमक नगरपालिकाभित्र रहेका सबै नागरिकलाई १ घण्टाभित्र आधारभूत स्वास्थ्य उपचार सेवाको पहुँचमा ल्याउन सफल रहेको देखिन्छ । विभिन्न वडामा गरिएको सर्भेक्षणअनुसार आधारभूत उपचारमा एक घण्टाको दूरीभित्र सबै नागरिकले स्वास्थ्य लाभ लिएको देखिन्छ । |
| ५ बर्ष मुनिका बालबालिकाहरुको शिशु मृत्युदर/बालमृत्यु दर ( प्रतिहजार जीवित जन्ममा) प्रतिशत | लाइभ बर्थ १,७११ जना । २ जना आमाको मृत्यु । ग्लोभ्सको एलर्जीका कारणले दमक १ मा १ जनाको र दमक ६ मा १ जनाको उच्च रक्तचापका कारण सुत्केरी आमाको मृत्यु । बाल मृत्युदर न्युन रहेको । | दमक नगरपालिकाभित्र १० वटा वडाका स्वास्थ्य संस्थाहरु तथा २१ वटा खोप केन्द हरुबाट नियमित रुपमा सबै प्रकारका खोपहरु लगाउने कार्य भएको । खोप कार्यकर्ताहरुका लागिग आवश्यक पुनर्ताजगी तालिमको प्रबन्ध गरिएको । सुनौलो हजार दिन कार्यक्रम संचालन गरिएको ।<br>खोज र खोपको नीतिअनुरुप घरधुरी सर्भेक्षण गरी खोपाउने कार्य गरिएको । स्वास्थ्यकर्मीहरुबाट घरघरमा गई नव शिशु | दमक नगर अस्पताल तथा अन्य बर्थिङ सेन्टरमा गरेर लाइभ बर्थ १,७०७ जना जन्माउन सफल रहेको । जसमध्ये नवशिशु प्रति १ हजारमा १ जनाको मृत्यु भएको । राष्ट्रिय लक्ष्यभन्दा दमकको नतिजा सन्तोषजनक रहेको । |

| | | | |
|---|---|---|---|
| | सुनौलो हजार दिन कार्यक्रम संचालन गरिएको । खोप कार्यक्रम सञ्चालन गरिएको । घरघरमा गई नव शिशु जाँच कार्य गरिएको । फोलिक एसिड चक्की वितरण गरिएको । | जाँच कार्य गरिएको । फोलिक एसिड चक्की वितरण गरिएको । पोषण सम्बन्धि तौल अनुगमन र नियमित कार्यक्रम संचालन गरिएको । सुरक्षित प्रसूतिका लागि BEOC Monitoring क्लिनिकल अपडेट गरी सुत्केरी तथा नवजात शिशुलाई न्यानो झोला वितरण जस्ता कार्यक्रम संचालन भएको । | |
| खोपमा पहुँच भएको जनसंख्या (एक) बर्ष मुनिका बालबालिकाको आधारमा | बि.सि.जि १३२.६ %, पेन्टा १ ९५.५%, एम.आर२ १२ देखि २३ महिना ९५.३%, जे.ई. १२ देखि २३ महिना ९१.५%, रहेको । | दमक नगरपालिकाभित्र रहेका २१ वटा खोप केन्द्रबाट नियमित रुपमा बि.सी.जी. १७०७ को लक्ष्य भएकोमा बि.सि.जि २१८%, पेन्टा १ ८४%, एम.आर २ १२ देखि २३ महिना ८६ %, जे.ई. १२ देखि २३ महिना ८५%, रहेको । खोप कार्यकर्ताहरुलाइ पुनर्ताजगी तालिम प्रदान गरिएको । खोज र खोपको नीतिअनुरुप घरधुरी सर्भेक्षण गरी खोपाउने कार्य गरिएको । महिला स्वास्थ्य स्वयम्सेविका परिचालन गरी एउटा खोप लगाएर छुटेका बालबालिकाको खोजी गरी खोपाउने कार्य गरिएको । | दमक नगरपालिकाका सबै वडाहरुमा खोज र खोपको नीतिअनुरुप घरधुरी सर्भेक्षणबाट कोही पनि बच्चा खोपमा नछुटेको देखिन्छ । यस नगरपालिकामा कुनै पनि बालबालिका खोपबाट वञ्चित नरहेको देखिन्छ । |
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको संख्या / प्रतिशतमा | प्रथम भिजिट २१८% र प्रोटोकल चौथो भिजिट भने ९२% रहेको । | दमक नगरपालिकाले गर्भवती महिलाका लागि गर्भजाँचको सेवालाई सबै स्वास्थ्य संस्थाबाट नियमित र प्रभावकारी रुपमा सञ्चालन गरेको देखिन्छ । आमाहरुको आर्थिक र भौतिक अवस्थालाई मध्यनजर गर्दै ग्रामीण भिडियो एक्सरे सेवा समेत सञ्चालन गरिएको छ । विभिन्न संघसंस्थाको साझेदारीमा गर्भजाँच गराउनुपर्छ भन्ने चेतनामूलक कार्यक्रम गरिएको छ । दमकमा रहेका स्वास्थ्य संस्थाहरुमा प्रथम पटक गर्भजाँच गर्न लक्ष्य भन्दा प्रथम भिजिट ४७१% र प्रोटोकल चौथो भिजिट भने ३५५% रहेको । ६,०६१ जनाले ४ पटक गर्भजाँच गराएका छन् । ३,४७६ जनाले ८ पटक गर्भजाँच गराएका छन् । गर्भजाँच पश्चात्, नियमित रुपमा आइरन, क्याल्सियम र आवश्यक फोलिक एसिड चक्की वितरण गरिएको छ । | दमकका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिएको स्वास्थ्य सेवा लक्ष्यभन्दा बढी पाइएको छ । दमक नगरपालिकामा बाहिरी पालिकाबाट सेवा लिन आउने भएका कारण लक्ष्यभन्दा बढी देखिएको छ । पछिल्लो समय आएको सामाजिक सचेतना, स्वास्थ्यको क्रियाकलापका कारण स्वस्थ सन्तान तथा सुरक्षित आमाका लागि गर्भजाँच स्थानीय स्वास्थ्य संस्था हुँदै शहर केन्द्रित महँगा अस्पतालसम्म हुने गरेको देखिन्छ । |
| दक्ष प्रसूतिकर्मीबाट प्रसूति गरिएका महिलाको संख्या प्रतिशतमा | दमक अस्पतालको वर्थिङ सेन्टरबाट ७८७ जना रहेको । दमक अस्पताललाई व्यवस्थित गर्दा संस्थागत सुत्केरीको अवस्था लक्ष्यभन्दा बढी रहेको छ । ५ जना घरमै सुत्केरी भएको देखिन्छ । | दमक नगरपालिकाभित्र नगर अस्पताल, आम्दा अस्पताललगायत अन्य निजी अस्पतालबाट संस्थागत सुत्केरी र दक्ष प्रसूतिकर्मीबाट प्रभावकारी सेवा सञ्चालनमा आएको देखिन्छ । केही विपन्न बस्ती र अस्पताल ल्याउने क्रममा १० जना घरमै सुत्केरी भएको देखिन्छ । त्यसमा पनि दक्ष स्वास्थ्यकर्मीहरु आमा तथा बच्चाको अवस्थालाई मध्यनजर गरी घरमा पुगेको देखिन्छ । | बहुसंख्यक गर्भवती महिला दक्ष स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थामा नै सुत्केरी हुने गरेको देखिन्छ । |

| | | | |
|---|---|---|---|
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | झाडा पखालाबाट मृत्यु हुनेको संख्या नभेटिएको । | इन्टरनेटको पहुँच, रेडियो टेलिभिजन, विभिन्न सामाजिक सञ्जालबाट भएका चेतनामूलक, सन्देशमूलक सूचना प्रवाह भएका ।<br>व्यक्तिगत सरसफाई सम्बन्धि जनचेतनामूलक कार्यक्रम संचालन गरिएको ।<br>पानी तथा खानेकुराबाट सर्ने रोगहरुको विषयमा समुदायस्तरमा विभिन्न स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयम् सेविकाहरुबाट जनचेतनामुलक कार्यक्रम गरिएको । मार्फत चेतनामा सुधार भएको ।<br>सबै घरहरुमा शौचालय निर्माण भई खुल्ला दिसामुक्त पालिका घोषणा भएको । | विभिन्न वडाको तथ्यांक संकलनबाट, समुदायस्तरमा गरिएको सर्भेक्षणबाट, शिक्षा तथा स्वास्थ्य शाखासँगको बैठकबाट, कार्यपालिकाको छलफलबाट, वार्षिक स्वास्थ्यसम्बन्धी प्रतिवेदनबाट कुनै पनि बालबालिकाको झाडापखालाबाट मृत्यु नभएको । |
| **शिक्षा क्षेत्र** | | | |
| आधा घण्टाभित्र आधारभूत विद्यालय नपुग्ने बालबालिकाको संख्या | सामुदायिक २१ वटा, मावि १० वटा आधारभूत ११ वटा संस्थागत ६६ बाल विकास केन्द्र २६ वटा २१ वटा विद्यालय स्तर र ५ वटा समुदायस्तर । मातृ विद्यालय र अन्य विद्यालयमा गरेर | दमक नगरपालिकाभित्र सामुदायिक विद्यालय २१ वटा रहेका छन् । जसमध्ये मावि १० वटा आधारभूत ११ वटा सञ्चालनमा रहेका छन् ।<br>धार्मिक विद्यालय २ वटा सञ्चालनमा आएका छन् । संस्थागत विद्यालय ६६ सञ्चालनमा रहेका छन् । बाल विकास केन्द्र २६ वटा मध्ये २१ वटा विद्यालय स्तर र ५ वटा समुदायस्तरमा रहेका छन् । मातृ विद्यालय र अन्य विद्यालयमा गरेर बाल कक्षाहरु सञ्चालनमा रहेका छन् । विद्यालयसम्म सहजै पुग्नका लागि सडक निर्माण, पुल, कल्भर्टका निर्माणका कार्यलाई वर्षभरी नै निरन्तरता दिएको देखिन्छ । विद्यालय तथा अभिभावक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएका छन् । बाल कक्षा तथा विद्यालयका कोठाहरुलाई आकर्षक रुपमा सजावट गरी विद्यार्थीलाई विद्यालयमा जाऔँजाऔँ लाग्ने वातावरण बनाइएको छ । खेल मैदान, कम्पाउण्ड वाल, शैक्षिक सामग्री वितरण गरिएको छ । कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला सञ्चालनमा आएको छ । | दमक नगरपालिकाभित्रका कोही पनि बालबालिका भौतिक दूरीकै कारण आधा घण्टाभित्र विद्यालयमा नपुग्ने अवस्था नरहेको वडाका सर्भेक्षणहरुबाट प्राप्त भएको छ । केही बालबालिका चुलाचुली, कमल, मिक्लाजुङ, उर्लाबारीका विद्यालयमा पठनपाठन गरिरहेको देख्न सकिन्छ । |
| बाल शिक्षामा खुद भर्नादर | बाल शिक्षामा भर्ना हुन आउने मध्ये सामुदायिक विद्यालयमा १३९९ र संस्थागतमा ३०७३ गरी जम्मा ४४७२ जना भर्ना भएका । | दमक नगरपालिकाभित्र रहेका बाल विकास केन्द्रहरुमा बाल शिक्षामा भर्ना हुन आउनेमध्ये सामुदायिक विद्यालयमा १३६२ र संस्थागतमा ३५२२ गरी जम्मा ४,८८४ जना बालबालिका बाल शिक्षामा भर्ना भएका छन् । बाल कक्षामा विद्यार्थीको आकर्षण बढाउन खेल सामग्री वितरण, घरदैलो कार्यक्रम सञ्चालन गरिएको छ । स.का.हरुलाई तालिम प्रदान गरिएको । | दमक नगरपालिकाभित्र व्यवस्थित बाल कक्षा सञ्चालन भएका छन् । बाल शिक्षामा बालबालिकाको उमेर समूह अनुसारको सबैको पहुँच बृद्धि हुँदै गएको छ । |
| प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर | आधारभूत विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिकाको संख्या शुन्य रहेको । | २१ सामुदायिक विद्यालय, ६१ संस्थागत विद्यालय, २ वटा धार्मिक विद्यालयसम्म जान सडक पूर्वाधार, पुल, कल्भर्ट लगायत आवस्यक भौतिक पूर्वाधार निर्माण गरिएको । छात्रबृत्ति, | आधारभूत विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिकाको संख्या शुन्य रहेको । |

| | | | |
|---|---|---|---|
| समूहका बालबालिका संख्या वा प्रतिशत । | | निःशुल्क पाठ्यपुस्तक, शैक्षिक सामग्री, दिवा खाजा जस्ता कार्यक्रम सञ्चालन गरिएको । | |
| कक्षा १ मा खुद भर्नादर छात्र/छात्रा | सामुदायिक विद्यालयमा ७८० जना संस्थागतमा १,२५२ जना गरी जम्मा २,०३२ जना भर्ना भएका । | दमक नगरपालिकाभित्रका सामुदायिक विद्यालयमा ६५८ जनामध्ये छात्रा ३१९ जना र छात्र ३३९ जना भर्ना भएका । संस्थागतमा १,७२५ जना मध्ये ८०४ जना छात्रा र ९२१ छात्र गरी जम्मा २,३८३ जना भर्ना भएका । कक्षाकोठा सुधार, खानेपानीको व्यवस्था, दिवा खाजा कार्यक्रम सञ्चालन गरिएको । छात्रबृत्ति प्रदान गरिरएको । पाठ्यपुस्तक, शैक्षिक सामग्री निःशुल्क वितरण गरिएको । घरघरमा विद्यालय भर्ना अभियान चलाइएको । | दमक नगरपालिकामा विद्यालय जाने उमेर समुहका कुनै पनि बालबालिका विद्यालय बाहिर नरहेका । |
| आधारभूत तहमा कक्षा छोड्ने दर | विपन्न बस्ती र पिछडिएको समुदायका केही बालबालिकाले कक्षा छोडेको देखिन्छ । | दमक नगरपालिकाले बालबालिकाको मनोविज्ञान र भौतिक व्यवस्थापनका लागि विद्यालयको भौतिक पूर्वाधार सुधार गरेको, कक्षाकोठा सुधार, खानेपानीको व्यवस्था, दिवा खाजाको व्यवस्था गरिएको । छात्रबृत्ति प्रदान गरिरएको । पाठ्यपुस्तक, शैक्षिक सामग्री निःशुल्क वितरण गरिएको । घरघरमा विद्यालय भर्ना अभियान विद्यालयबाट टोलबस्तीमा बालवालिकाको खोजी कार्य गरिएको । अभिभावकसँग विभिन्न चरणमा भेटघाटका कार्यक्रम गरिएको ।<br>शिक्षकहरुको मनोबल वृद्धि गर्न विभिन्न तालिम सञ्चालन गरिएको । शिक्षकहरुलाई अवलोकन भ्रमणका कार्य गरिएको । नियमित वृद्धि अनुगमन गरिएको । | यसै आर्थिक वर्षमा सरकारले ल्याएको व्यवस्थित डाटा प्रणालीबाट दमक नगरपालिकाको शिक्षा शाखामा पनि सुधार आएको । एकै विद्यार्थीले फरक विद्यालयमा दोहोरो भर्ना गर्दा देखिने समस्या समाधान भएको छ । आधारभूत तहको कक्षा ७ र ८ मा विपन्न परिवार अभिभावक चेतनामा कमी, बाहिरै काम गर्दा रमाउने बालबालिकाको स्वभावका कारण केही बालबालिकाले कक्षा छोडेको देखिन्छ । |
| कक्षा दोहोऱ्याउने दर | विपन्न बस्ती र पिछडिएको समुदायका केही बालबालिकाले कक्षा दोहोऱ्याउने देखिन्छ । | दमक नगरपालिकाभित्रका सबै विद्यार्थीहरुलाइ कक्षा दोहोऱ्याउन नपरोस् भनी कोचिङ कक्षा सञ्चालन गरिएको । अतिरिक्त खेल कार्यक्रममा सहभागी गराइएको, अभिभावकसँग घरभेट गरिएको र कक्षा नछोड्न भन्ने उद्देश्यले दिवा खाजा कार्यक्रम । छात्रबृत्ति प्रदान गरिएको । दलित छात्रबृत्ति प्रदान गरिरएको । पाठ्यपुस्तक, शैक्षिक सामग्री निःशुल्क वितरण गरिएको । | विपन्न बस्ती र पिछडिएको समुदायका केही बालबालिकाले कक्षा दोहोऱ्याउने देखिन्छ । गत वर्षको भन्दा केही सुधार भएको देखिन्छ । |
| कक्षा उत्तीर्ण हुने दर | परीक्षामा सामेल भएका सबै बालबालिका उत्तिर्ण भएका । | दमक नगरपालिकाले शिक्षक र विद्यार्थी बीचमा मित्रताको व्यवहार रहोस् भनी शिक्षक तालिम, अनुगमन, निरन्तर मूल्याङ्कन, नियमित परीक्षा संचालन, अतिरिक्त क्रियाकलाप जस्ता कामहरु गरिएको । प्रतिष्पर्धाका आधारमा, अनुशासितको आधारमा विशेष पुरस्कारका कार्यक्रम सञ्चालन गरिएको । | दमक नगरपालिकाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयका बालबालिकाहरुको उत्तीर्ण दर सन्तोषजनक रहेको छ । परीक्षामा सामेल भएका सबै बालबालिका उर्त्तिण भएका । |

| | | | |
|---|---|---|---|
| आधारभूत तहमा तालिम प्राप्त शिक्षक संख्या | सबै शिक्षकहरुले सेवाकालिन तथा शैक्षिक तालिम प्राप्त गरेको | संस्थागत विद्यालयमा १० प्रतिशत मात्रै तालीम प्राप्त छन् । सामुदायिक विद्यालयमा सबै शिक्षकहरुले सेवाकालिन तथा शैक्षिक तालिम प्राप्त गरेको आवश्यक प्रविधि जन्य तालिमहरु पालिकाले संचालन गर्दै आएको | दमक नगरपालिकाका आधारभूत तहका सबै शिक्षकले आवश्यक तालिम प्राप्त गरेका छन् । |
| प्रतिकक्षा कोठा विद्यार्थी संख्या । | काही वढी र काहि कम भएको | दमक नगरपालिकाभित्रका पुराना र साना कक्षा कोठाहरुलाई व्यवस्थित गरी पढ्ने वातावरण सहज होस् भन्ने उद्देश्यले नयाँ तथा व्यवस्थित भवन निर्माणलाई प्राथमिकतामा राखिएको छ । केही विद्यालयहरुमा विद्यार्थी चाप वृद्धि भई कक्षा सञ्चालनमा समस्या भएकाले दुई, तीन समूह गरी सेक्सन विभाजन गरी पठनपाठन भएको केही विद्यालयहरुमा सूचकभन्दा बढी विद्यार्थी रहेकोले आवश्यक पूर्वाधार व्यवस्थापन गरिएको । केही विद्यालयमा विद्यार्थी संख्या कम भएकोले विद्यालय मर्ज गर्ने सम्ममा नीतिमा काम भएको | कहीँ वढी र कहीँ कम भएको । आवश्यक व्यवस्थापनको काम भईरहेको । |
| स्थानीय तहबाट सहयोग भएका विद्यालय संख्या | आवस्यकताका आधारमा सबै विद्यालयमा सहयोग भएको । | दमक नगरपालिकाबाट २१ वटा सामुदायिक विद्यालयमा आवस्यकताका आधारमा शौचालय, खेलमैदान, आवश्यक भवन पूर्वाधार निर्माण, विद्यालय मर्मत, बाल कक्षा व्यवस्थापन, खानेपानी जडान, कक्षाकोठा रङ्रोगन आवश्यक सबै विद्यालयमा सहयोग भएको । | आवश्यकताका आधारमा सबै विद्यालयमा सहयोग भएको । |
| दलित बालबालिकाको शिक्षामा पहुँच । | पठनपाठनमा रहेका कुल छात्रबृत्ति ३५३३ जना । दलित छात्रबृत्ति २०७ जनालाई छात्रबृत्ति प्रदान गरिरएको । पाठ्यपुस्तक, शैक्षिक सामग्री नि:शुल्क वितरण गरिएको । | दमक नगरपालिकाको शैक्षिक सुधारका लागि दलित वालवालिकाको शिक्षामा पहुँच बृद्धि गर्न छात्रवृत्ति प्रदान गरिएको । दलित छात्रबृत्ति प्रदान गरिरएको । पाठ्यपुस्तक, शैक्षिक सामग्री नि:शुल्क वितरण गरिएको । | दमक नगरपालिकाभित्र दलित वालवालिकाको शिक्षामा पहुँच बृद्धि हुँदै गएको र विद्यालय बाहिर वालवालिका नरहेको । |
| **खानेपानी तथा सरसफाई** | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | धारा तथा पाईपको पानी खाने ६३.६%, ट्युवेल तथा हाते पम्पबाट ३४.९%, इनारबाट ०.५%, मुलबाट ०.७%, खोला/झर्नाबाट ०.०२%, जार तथा बोटलबाट ०.1% र अन्यबाट ०.२% रहेका छन् । शतप्रतिशत पानीको पहुँत बृद्धि गर्न नयाँ टङ्की निर्माण, | दमक नगरपालिकामा शुद्ध खानेपानीका लागि ओभरहेड ट्यांकी निर्माण, पाइपलाइन बिस्तार गरिएको ।<br>राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँ धाराबाट ६३.६%, ट्युवेल तथा हाते पम्पबाट ३४.९%, इनार/कुवाबाट १.३%, मुलबाट ०.७%, खोला/झर्नाबाट ०.०२%, जार तथा बोटलबाट ०.1% र अन्य श्रोतबाट ०.२% ले पानी पिउने गरेका छन् । शतप्रतिशत पानीको पहुँत बृद्धि गर्न नयाँ टङ्की निर्माण, पाइप लाइन बिस्तार भइरहेको । निर्वाचित जनप्रतिनिधि दमकका आम नागरिकको | दमक नगरपालिकामा स्वच्छ पानीका लागि निरन्तर प्रयास भइरहेको छ । ९ वटा आयोजना सञ्चालनमा रहेको र एउटा निर्माणाधिन अवस्थामा रहेको छ । |

| | | | |
|---|---|---|---|
| | पाइप लाइन बिस्तार | स्वास्थ्यप्रति संवेदनशील रहँदै शुद्ध पिउने पानी मार्फत् नागरिकको स्वास्थ्यलाई बचाइराख्न शुद्ध पानीको क्षेत्रमा कार्य गरिएको देखिन्छ । | |
| शौचालय भएको संख्या वा प्रतिशत | कुल परिवार संख्या २७,५६९ मध्ये ०.०८% परिवारमा दोहोरो शौचालय प्रयोगका कारण शतप्रतिशत हुन नसकेको । विद्यालयमा र सार्वजनिक स्थानमा शौचालय निर्माणलाई प्राथमिकतामा राखिएको । | दमक नगरपालिकाका सबै घरपरिवारमा शौचालयको पहुँच सुनिश्चित भएको छ । शौचालय नभएकै कारण बाहिर शौच गर्नुपर्ने अवस्था नरहेको र खुला दिसामुक्त पालिका घोषणा भइसकेको छ । एक प्रतिशतभन्दा कम परिवारमा दोहोरो शौचालय प्रयोग भएको देखिन्छ । विपन्न परिवारलाई शौचालय, सार्वजनिक शौचालय माग भई आए निरन्तर लगानी भएको देखिन्छ । | दमक नगरपालिकाक सबै नागरिकहरु शौचालयमै शौच गर्ने गरेको देखिन्छ । |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय संख्या | हिमालयन माविका विद्यालयका लागि ४ ठाउँमा युरोगार्ड सहितको व्यवस्थापन गरेको । अभिभावक सहयोग र दाताका साथै आफ्नो खर्च गरेर खानेपानीको व्यवस्थापन गरिएको । दमक १० का पशुपति र सिंहदेवीमा स्वच्छ खानेपानीको समस्या छ । वडा नम्बर ९ मा पानीको लेयर सुकेको हुनाले । १,००० लिटरको मात्रै ट्यांकी छ । पानीको कारणले बिजुलीको बिल महिनामा ३५ हजार सम्म आउँछ । | दमक नगरपालिकाका केही विद्यालयहरु जस्तै, हिमालयन माविमा ४ ठाउँमा युरोगार्ड सहितको खानेपानीको व्यवस्थापन गरेको छ । अभिभावक सहयोग र दाताका साथै आफ्नो खर्च गरेर खानेपानीको व्यवस्थापन गरिएको । दमक १० का पशुपति र सिंहदेवीमा स्वच्छ खानेपानीको समस्या समाधान गर्ने प्रयत्न गरिएको छ । केही ठाउँमा पानीको लेयर सुकेको हुनाले ट्यांकीहरु थप गर्ने कार्य भएको छ । विद्यालयलाई चाहिने आवश्यक पानीका लागि वडा कार्यालय तथा पालिकाबाट पानीका लागि आवश्यक प्रबन्ध गर्ने कार्य भइरहेको । विद्यार्थीको चाप र पुराना सामग्री बिग्रने कारणले केही समस्या हुने बाहेक पानीकै कारण विद्यालय समस्यामा नरहेको अवस्था देखिन्छ । | दमक नगरपालिकामा रहेका २१ वटा सामुदायिक विद्यालयमा आधारभूत पानीको पहुँच सुनिश्चित भएको छ । शुद्ध पानीको लागि द्रुत गतिमा कार्य भइरहेको । |
| शौचालय भएको विद्यालय संख्या/ | २१ सामुदायिक विद्यालयमा शौचालय रहेका । विभिन्न विद्यालयमा मर्मत सम्भार, नयाँ निर्माणका कार्यहरु भइरहेका । | दमक नगरपालिका भित्रका २१ सामुदायिक विद्यालयमा आधारभूत शौचालय रहेका छन् । केही विद्यालयमा लैङ्गिकमैत्री सुविधासम्पन्न शौचालय निर्माण भइरहेको छ र केही विद्यालयमा नयाँ शौंचालय निर्माणको चरणमा रहेका छन् । केही विद्यालयका शौचालयको मर्मत सम्भार कार्य भएको छ । | सबै विद्यालयमा शौचालय निर्माण भएका । |
| सुधारिएको चुलो भएको परिवार संख्या | सुधारिएको चुलो अन्तर्गत ग्यास चुलो ८८.०४%, काठ/दाउरा ९.०४%, विजुली ०.०४%, गुईंठा ०.०३%, मट्टीतेल ०.०१% र अन्य ०.०३% ले प्रयोगकर्ता | दमक नगरपालिकामा कुल परिवार संख्या २७,५६९ मध्ये सुधारिएको चुलो अन्तर्गत ग्यास चुलो ८८.१%, काठ/दाउरा ९.४%, विजुली ०.४%, गुईंठा ०.०३%, मट्टीतेल ०.०१%, वायोग्याँस १.९% र अन्य ०.०३% ले प्रयोग गरिरहेका छन् । जनगणनाको तथ्यांक अनुसार । | ९०% भन्दा बढी घरपरिवारले सुधारिएको चुलोको प्रयोग गरेका छन् । |

| महिला, बालबालिका तथा समावेशी क्षेत्र | | | |
|---|---|---|---|
| बाल विवाहको संख्या | बाल बिबाह अन्त्यका लागि किशोरी सशक्तिकरण कार्यक्रम श्री कृष्ण मा.वि.मा सञ्चालन गरिएको । बाल विवाह विरुद्धको सचेतनामूलक अभियान सञ्चालन गरिएको । बालबालिकाहरुलाई विद्यालयमा छात्रासँग उपमेयर कार्यक्रम मार्फत बालश्रम न्यूनिकरण, बालविवाह, लागू पदार्थ दुर्व्यसनीबाट बच्ने उपाय छात्रछात्रालाई सचेतना मूलक कार्यक्रम संचालन गरिएको । | बाल बिबाह अन्त्यका लागि किशोरी सशक्तिकरण कार्यक्रम श्री कृष्ण मा.वि.मा सञ्चालन गरिएको । बाल विवाह विरुद्धको सचेतनामूलक अभियान सञ्चालन गरिएको । बालबालिकाहरुलाई विद्यालयमा छात्रासँग उपमेयर कार्यक्रम मार्फत बालश्रम न्यूनिकरण, बालविवाह, लागू पदार्थ दुर्व्यसनीबाट बच्ने उपाय छात्रछात्रालाई सचेतना मूलक कार्यक्रम संचालन गरिएको । | बाल बिबाहको संख्या घट्दै गएको |
| सामाजिक बिकृति र बिसंगती | सचेतना मूलक कार्यक्रम सञ्चालन गरिएको । न्यायिक समिति मार्फत सामाजिक बिकृतीबाट हुने घटनाको मेलमिलाप मार्फत कार्य सम्पादन हुने गरेको । | सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको । न्यायिक समिति मार्फत सामाजिक बिकृतीबाट हुने घटनाको मेलमिलाप मार्फत कार्य सम्पादन हुने गरेको । | सामाजिक बिकृति र बिसंगतिका विरुद्धमा विविध कार्यक्रम मार्फत चेतनास्तरमा सुधार आएको । अझै पनि दमकका विभिन्न क्षेत्रमा लागू औषधी सम्बन्धी समस्या क्रमशः बढ्दै गएको देखिन्छ । बजार क्षेत्रमा बढी प्रभाव देखिन्छ । |
| सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकल महिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) | सामाजिक सुरक्षा कार्यक्रमले सबैलाइ समेटेको । | अपाङ्गता परिचयपत्र १०३ जनालाइ वितरण गरिएको । सहायता कक्ष स्थापना गरिएको । सबै वडामा स्वास्थ्य परीक्षण र पोषणको अवस्था विश्लेषण गरिएको । अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायता सामग्री अन्तर्गत ८ वटा व्हिल चियर, २० वटा लठ्ठी र १ थान इमरजेन्सी ट्रली वितरण गरिएको । २ जनालाई कृतिम हात खुट्टा लगाइदिएको । ११३ जना जेष्ठ नागरिकलाई परिचयपत्र वितरण गरिएको । | सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता, पिछडिएको क्षेत्रका सामाजिक सुरक्षाको मापदण्ड पुगेकालाई सामाजिक सुरक्षामा समेटिएको । लोपोन्मुख जाती नरहेको । अन्य क्षेत्रको कार्यक्रम राम्रोसँग भएको देखिन्छ । |
| **जनचेतना तथा गरिबि निवारण** | | | |
| बालश्रमको अवस्था | वालश्रमको अवस्था नरहेको । | छात्रासँग उपमेयर कार्यक्रम मार्फत छात्रछात्रालाई सचेतना कार्यक्रम भएको । | छात्रासँग उपमेयर कार्यक्रम मार्फत छात्रछात्रालाई सचेतना कार्यक्रम भएको । |

| | | | |
|---|---|---|---|
| बाल क्लवहरूको अवस्था | बाल क्लवहरु सक्रिय रहेका । | सबै विद्यालयका बाल क्लवहरु गठन गरिएको । वडा स्तरीय वाल सञ्जाल रहेको । बाल क्लव गठन सम्वन्धि कार्यक्रम निर्माण भई समावेशी बाल क्लव गठन गरिएको । वाल क्लव सक्रिय रहनाले वाल विवाह, दाइजो प्रथामा केही कमि आएको देखिन्छ । | वाल क्लवहरुको सक्रियताका कारण वाल विवाह, यौन हिँसा जस्ता घटनामा कमि आएको । सबै विद्यालयका बाल क्लवहरु सक्रिय रहेका । |
| महिला हिंसा | महिला हिँसाका छिटफुट घटना हुने गरेको । | मेलमिलाप तालिम, नेतृत्व विकास तालिम जस्ता कार्यक्रमहरुको माध्यमबाट महिलाहरु लाभान्वित भएका । महिला हिँसा बिरुद्धका अन्तराष्ट्रिय दिवस, सभा, गोष्ठी र सेमीनार संचालन गरिएको । | वडा स्तरिय मेलमिलाप समिति, नगर स्तरीय न्यायिक समिति मार्फत सामाजिक बिकृतीबाट हुने घटनाको मेलमिलाप मार्फत कार्य सम्पादन हुने गरेको । महिला हिंसा न्युनिकरण हुदै गइरहेको । |
| रोजगारीको अवस्था | विभिन्न आयोजनाहरुमा विश्व बैंकको सहयोग र नेपाल सरकारको तर्फ बाट रोजगारी प्रदान गरिएको । | २१४ जना बेरोजगारहरु सूचिकृत भएका मध्ये ७० जनालाइ विभिन्न ७ वटा आयोजनाहरुमा काम विश्व बैंकको सहयोगमा ४० जना । ३० जना नेपाल सरकारको तर्फ बाट ३ वटा आयोजना विश्व बैकको तर्फबाट ४ वटा आयोजनामा ११७६ दिन नेपाल सरकारको र विश्व बैंकको ४००० दिन । विश्व बैकबाट ४ वटा आयोजना र नेपाल सरकारबाट ३ वटा आयोजनामा ५,१७६ दिन रोजगारी दिइएको । | बेरोजगार सूचिकरण गर्न सफल भएको । अल्पकालिन रोजगारी दिन सफल रहेको । साना तथा टुक्रे आयोजना निर्माणमा सहजता भएको । आफ्नै क्षेत्रका जनशक्तिको उपयोग भएको । आयोजना आफ्नो हो भन्ने सोचको विकास भएको । |
| स्वरोजगारका प्रयासहरु | विश्व बैंकको सहयोग र नेपाल सरकारको तर्फबाट विभिन्न आयोजनाहरुमा रोजगारी प्रदान गरिएको । | २१४ जना बेरोजगारहरु सूचिकृत भएका मध्ये ७० जनालाइ विभिन्न ७ वटा आयोजनाहरुमा काम विश्व बैंकको सहयोगमा ४० जना । ३० जना नेपाल सरकारको तर्फ बाट ३ वटा आयोजना विश्व बैकको तर्फबाट ४ वटा आयोजनामा ११७६ दिन नेपाल सरकारको र विश्व बैंकको ४००० दिन । विश्व बैकबाट ४ वटा आयोजना र नेपाल सरकारबाट ३ वटा आयोजनामा ५,१७६ दिन रोजगारी दिइएको । | २१४ जना बेरोजगारहरु सूचिकृत भएका मध्ये ७० जनालाइ विभिन्न ७ वटा आयोजनाहरुमा काम विश्व बैंकको सहयोगमा ४० जना । ३० जना नेपाल सरकारको तर्फ बाट ३ वटा आयोजना विश्व बैकको तर्फबाट ४ वटा आयोजनामा ११७६ दिन नेपाल सरकारको र विश्व बैंकको ४००० दिन । विश्व बैकबाट ४ वटा आयोजना र नेपाल सरकारबाट ३ वटा आयोजनामा ५,१७६ दिन रोजगारी दिइएको । |
| गरिवी निवारणका प्रयासहरू | पालिकाले गरिवी निवारणका लागि प्रयास गरिरहेको । | वडा नगरपालिका विभिन्न शाखाहरुबाट पशु शाखाहरुबाट व्यवसायिक फर्म तथा कृषकलाई पाठा, बोका, कोरली, अनुदान कृषि शाखा बाट पावर टिलर मिनि टिलर विभिन्न वालिका विऊहरु अनुदान मार्फत गरिवी निवारणका प्रयासहरु गरिएको छ । २१४ जना बेरोजगारहरु सूचिकृत भएका मध्ये ७० जनालाइ विभिन्न ७ वटा आयोजनाहरुमा काम विश्व बैंकको सहयोगमा ४० जना । ३० जना नेपाल सरकारको तर्फ बाट ३ वटा आयोजना विश्व | लक्ष्य अनुसारको उपलब्धी हासिल हुँदै गएको । |

| | | | |
|---|---|---|---|
| | | बैंकको तर्फबाट ४ वटा आयोजनामा ११७६ दिन नेपाल सरकारको र विश्व बैंकको ४००० दिन । | |
| सामाजिक परिचालन | सामाजिक परिचालनको नीतिमा व्यवस्था गरिएको । | हिँसामा परेका, पिछडिएका, शिक्षाबाट वञ्चित भएका, एकल महिला र महिला शसक्तीकरण कार्यक्रम, बाल अधिकार सम्बन्धी कार्यक्रम, अपाङ्गता सम्वन्धी कार्यक्रम, जेष्ठ नागरिक लक्षित कार्यक्रम, आदिवासी जनजाति कार्यक्रम, दलित कार्यक्रम मार्फत उनीहरुको जीवन स्तरको परिवर्तन अति आवश्यक वस्तुहरुको परिपूर्तिका साथै सेवामा सहज पहुँच सुनिश्चत गर्ने कार्यक्रम सञ्चालन गरिएका । | महिला शसक्तीकरण कार्यक्रम अपाङ्गता सम्वन्धी कार्यक्रम , जेष्ठ नागरिक लक्षित कार्यक्रम सबै जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षामा पहुँच सुनिश्चित भएको , आदिवासी जनजाति , दलित लाभान्वित भएका । यस्ता कार्यक्रमबाट उनीहरुको जीवन स्तरमा परिवर्तन आएको । सेवामा सहज पहुँच बृद्धि भएको । |
| वातावरण सुधारका प्रयासहरु | वातावरण सुधारका प्रयासका लागि नीतिगत सुरुवात भएको । | नदी जन्य पदार्थको उत्खनन् संरक्षण र दिगो उपभोगका लागि IEE गर्दै र हिजोको प्रतिवेदनलाई हेरी उत्खनन् प्रारम्भ भएको देखिन्छ । वन संरक्षण तथा दिगो विकासका लागि सामुदायिक वनको पहलमा वृक्षरोपणको कार्य भएको । एक घर दुई बिरुवाको नीति अनुसार कार्यक्रमको सुरुवात गरिएको । फोहोरमैला संकलन तथा व्यवस्थापनका कार्य प्रारम्भ भएको । | सौन्दर्यकरण आयोजना अनुसार राजारानी पोखरी क्षेत्र तथा सिमसार संरक्षण कार्यक्रम गरिएको । जलवायू परिवर्तन र त्यसको असर विषयमा कार्यपालिका नगरसभाहरुमा छलफल तथा बहस भएको । |
| एच.आइ.भि र एड्स | चेकजाँचको लागि स्वास्थ्य संस्थामा आउने जति | गर्भवती तथा सुत्केरी महिलाहरूलाई PMTCT कार्यक्रम संचालन गरिएको । क्षयरोगका विरामीहरुका समेत परिक्षण गर्ने गरिएको CVHIV.CO इन्फेक्सन टेस्ट गरिएको । | चेक जाँचको लागि स्वास्थ्य संस्थामा आउने जतिको परीक्षण गरिएको । |
| **विकासमा समान सहभागिता सेवाहरूमा पहुँच** | | | |
| स्थानीय बजार पुग्न लाग्ने समय | ३० मिनेट | ग्रामिण सडक विस्तारमा वृहत कार्य भएको कृषि बजारका लागि भौतिक पूर्वाधारका कार्य भएको । सडक स्तरउन्नती कार्य भएको र ग्रामिण भेगमा जनतालाई सडक सञ्जालको माध्यमबाट स्थानिय बजारको पहुँच बृद्धिमा विषेश कार्य भएको । | स्थानीय बजारलाई व्यवस्थित गरि राजश्वमा टेवा पुग्ने देखिन्छ । |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | ३० मिनेट | स्थानीयतहमा कृषि शाखा स्थापना भई पहाडी भूभाग ठूलो क्षेत्रफल तराईको उर्वर भूमिलाई हेरी घरघर मै आवश्यक प्राविधिक सेवा, माटो सम्वन्धी ,विऊ, रोग किरा सम्वन्धी परामर्श दिइने नीति अनुसार कार्य भएको । | ३० मिनेट |
| भौगोलिक क्षेत्र, महिला, पिछडीएका तथा | सामाजिक विकास तर्फ बजेट विनियोजन रहेको | महिला, बालबालिका , अपाङ्गता आदिबासी जनजाति, जेष्ठ नागरिक, दलितको क्षेत्रमा पर्याप्त बजेट विनियोजन भएको सरकारले विद्यालयमा पठनपाठन गर्ने विद्यार्थीहरुलाई | सामाजिक विकास तर्फ बजेटमा केही बृद्धि भएको देखिन्छ । |

| | | | |
|---|---|---|---|
| सीमान्तकृत वर्गाको संख्या, निजहरुले पाएको सेवा तथा दिइएको विषेश अवसरहरु | | छात्रवृत्तिको व्यवस्था गरेको । विभिन्न वडा वडामा दलित, सिमान्तकृत र लक्षित वर्गका लागि बजेट नीति तथा कार्यक्रम नै समावेश भएको । | |
| **जनशक्ति** | | | |
| जनशक्ति विकासमा भएका प्रयासहरु | प्रमुख प्रशासकीय अधिकृत १, शाखा अधिकृत १, लेखा अधिकृत २, इन्जिनियर २, कानुन अधिकृत १, अधिकृत छैटौं १८, सूचना प्रविधि अधिकृत १, अ.हे.ब. छैटौं १, वातावरण अधिकृत १, नायव सुब्बा ८, एम.आइ.एस. अपरेटर २, आइ.टि. सहायक १, कम्प्युटर अपरेटर ३, खरिदार ७, सव-इन्जिनियर ४, लेखापाल १, असिस्टेन्ट सव-इन्जिनियर ३, सर्भेक्षक १, अमिन १, कार्यालय सहयोगी ८, सवारी चालक ८, फायरमेन १, बरिष्ठ नगरप्रहरी हवल्दार १ सहितको जनशक्ति रहेको । | | माग अनुसार लोक सेवा आयोगले पदपूर्ति गर्दै गरेको । |
| नीति तथा कार्यक्रमहरु | पूर्वाधार विकास नीति, सामाजिक विकास नीति, आर्थिक विकास नीति, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र सम्बन्धी नीति र कार्यालय सञ्चालन तथा प्रशासनिक नीति | आर्थिक विकास नीति, सहकारी विकास नीति, पूर्वाधार विकास नीति, शिक्षा सम्बन्धी नीति, युवा तथा खेलकुद नीति, वातावरण तथा विपद् व्यवस्थापन नीति, (क) वातावरण (ख) फोहोरमैला व्यवस्थापन नीति (ग) विपद व्यवस्थापन नीति ।<br>कृषि विकास नीति, पशुपंक्षी विकास नीति, स्वास्थ्य नीति, महिला, बालबालिका तथा जेष्ठ नागरिक नीति, सुशासन तथा पारदर्शिता सम्बन्धी नीति, (क) सुशासन तथा स्थानीय सेवा व्यवस्थापन (ख) आन्तरिक नियन्त्रण नीति, राजस्व परिचालन नीति, शहरी विकास तथा भवन निर्माण नीति, सञ्चार तथा सूचना प्रविधि नीति (क) सूचना प्रविधि (ख) सञ्चार नीति, संस्कृति र पर्यटन प्रवर्द्धन नीति, सार्वजनिक निजी साझेदारी र गैह्र सरकारी संस्था सम्बन्धी नीति, बजार अनुगमन तथा उपभोक्ता हित संरक्षण नीति, रोजगार नीति र विविध तयार गरी बजेट तथा कार्यक्रम प्रस्तुत गरिएको । | नीति अनुसार कार्यक्रम हुँदै गइरहेको । |
| भौतिक अवस्था | वडाहरुबाट पालिका सम्म वर्षभरी नै यातायातका साधनको सरल र सहज संचालन गर्न विशेष पहल भएको देखिन्छ सफल भएको देखिन्छ, सम्पूर्ण स्वास्थ्य, वडा कार्यालय स्थापना | दमक नगरपालिकाका सबै वडाहरुमा स्वास्थ्य संस्था स्थापना गरी सेवा प्रवाह भइरहेको । विद्यालयहरुमा शौचालय, खेलमैदान, आवस्यक भवनको व्यवस्था गर्न सफल भएको । विभिन्न सडकहरु कालोपत्रे तथा ग्राभेल, गरिएको । ३,३९५ मि. कम्पाउण्ड वाल, ३ वटा कभर्ड हल, १३ वटा कल्भर्ट, १ वटा खेलमैदान, ४ वटा गेट निर्माण, ४,६४० मि. ढल, २०० मि. ढल तथा | आधारभूत स्वास्थ्य सेवामा सहजता आएको । विद्यालयहरुमा शौचालय, खेलमैदान, आवस्यक भवन पुरा हुँदा शिक्षामा सहजता आएको । कालोपत्रे , ग्राभेल, नयाँ ट्र्याक, कच्ची मर्मत, पक्की ड्रेन, इन्टरलक, कल्भर्ट, |

| | | | |
|---|---|---|---|
| | भइ सेवा प्रवाह भएको । | कालोपत्रे, ८०५० मि. ढल तथा ग्राभेल, ५,४८० मि. ढल तथा लकिङ्, १०० मि. फुटपाथ, ६९ वटा भवन, १५० मि. रिटेनिङ वाल, १०० मि. रेलिङ, १,६६५ मि. लकिङ् र १ वटा व्यायामशाला निर्माण भएको देखिन्छ । | आर.सि.सि. लाइनिङ, तटबन्धन, ढुङ्गा गारो, रोड एजिङ, कच्ची नाला मर्मत, सडक सोलिङको कामबाट यातायातमा सहजता आएको । ठूला भवन निर्माण, शौचालय निर्माण, विपन्न परिवारका लागि शौचालय निर्माण, घेराबारा, अन्य भवन पूर्वाधार मर्मतबाट जनताको शिक्षा, स्वास्थ्य, सामाजिक जिपनयापनमा सहजता आएको । |
| समन्वय र सहकार्यका प्रयासहरु | केन्द्र सरकार, प्रदेश सरकार, छिमेकी पालिका र साझेदार संघसंस्थासँग समन्वय र सहकार्यमा काम भएको देखिन्छ । | केन्द्र सरकार, प्रदेश सरकारसँगको सहकार्यमा स्वास्थ्य चौकी आधारभूत स्वास्थ्य केन्द्र वडा कार्यलय खोला तटबन्धन खानेपानी ठूला सडक पूर्वाधार पर्यटन जस्ता विषयहरुमा यथेस्ट पहल गरी द्रुत गतिमा काम भइरहेको साथै छिमेकी पालिकाहरुसंग र साझेदार संघसंस्थासंग समन्वय र सहकार्यमा काम भएको देखिन्छ । | केन्द्र सरकार, प्रदेश सरकारका छिमेकी पालिका र साझेदार संघसंस्थासंग समन्वय र सहकार्यमा काम भएको देखिन्छ । |
| **कृषि शाखा** | | | |
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **०७९।०८० को अवस्था** | **२०८०।०८१ का प्रयासहरु** | **२०८०।०८१ को उपलव्धी** |
| सहकारी खेती साना सिचाई तथा मल विउ ढुवानी । | उत्पादन बृद्धि गर्ने उद्देश्यले उन्नत जातका धानका बिऊ, हिउँदे र वर्षे मकैको बिऊ बितरण भएको । कृषियन्त्रहरु वितरण गरिएको | दमकको वडा नं. ३ को दुम्सेमा सामुहिक तरकारी खेति र नगरपालिकाको साझेदारीमा वडा नं. ९ मा सेतोमारी कृषि सहकारीले आफ्ना शेयर सदस्यहरुलाई सामुदायिक खेति गराएको । सहकारी मार्फत मलको ढुवानी गर्ने गरिएको । पकेट कार्यक्रमलाइ निरन्तरता दिँदै ५ वटा बोरिङ जडान गरिएको । ५६ वटा स्यालो ट्युवेल जडान गरिएको । | आय-आर्जनमा बृद्धि भएको । स्वरोजगार निर्माण भएको । सिंचाइको क्षेत्र बृद्धि भएको । परम्परागत उत्पादन भन्दा बढी उत्पादन भएको । आधुनिक कृषि फर्ममा रुपान्तरण गरिएको । |
| नगदे बाली | नीति तथा कार्यक्रममा समेटिएको । | नगदेबाली तर्फ कृषकहरु जागरुक बन्दै गएका । | नगदेबाली तर्फ कृषकहरु जागरुक बन्दै गएका । |
| तरकारी तथा बाली विकास कार्यक्रम | तरकारी खेति मार्फत कृषक तथा कृषि समुह लाभान्वित भएका । | ३० घरधुरीले आधुनिक साना मेसिन औजार उपकरण प्रयोग गरेर लाभ लिइरहेका । साना औजार उपकरण अनुदान अन्तर्गत ५०% अनुदानमा १३ वटा मकै छोडाउने मेसिन, ६९ वटा विषादी छर्ने मेसिन, ड्याङ बनाउने ५१ वटा र झार तान्ने २५ वटा मेसिन वितरण गरिएको । २५ वटा टनेल तथा साना औजार उपकरण वितरण गरिएको । तरकारी तथा बाली विकास कार्यक्रम अन्तर्गत १,४१२ केजी | तरकारी बाली तथा तोरी बाली तर्फ कृषकहरु आकर्षित बन्दै गएका । |

| | | | |
|---|---|---|---|
| | | उन्नत तोरीको बीउ र चैते धानको बीउ ७५% अनुदानमा वितरण गरिएको । विनासकारी रोग किरा नियन्त्रणको लागि ३,२०० के.जी. जैविक विषादी खरिद तथा वितरण गरिएको । | |
| माटो परीक्षण तथा सेवा सुधार कार्यक्रम | २०० कृषकको माटो परीक्षण गरेको । | माटो तथा मल परीक्षण प्रयोगशालासँगको समन्वयमा माटोको नमुना परीक्षण गरिएको । माटोको भौतिक सुधारको लागि ४० मे.टन कृषि चुन खरिद गरी नि:शुल्क वितरण गरिएको जसबाट ५५ बिगाहा माटो सुधार गरिएको छ । | कृषकहरुको चेतनास्तरमा सुधार भएको । खेतिबालीमा देखिएको नाइट्रोजन, पोटास, प्राङ्गारिक पदार्थमा भएको कमिका बारेमा किसानहरुलाई सुसुचित गर्न सफल भएको देखिन्छ । |
| कृषि प्रसार कार्यक्रम | कृषक तथा कृषि समुहलाई प्राङ्गारीक खेति बारे जानकारी गराउने । | किसानलाई परिचय कार्ड वितरण गरिएको । विवरण सफ्टवेयरमा इन्ट्री भएको । विषादीको प्रभाव र जिवमा यसको असर न्युनिकरण कार्यक्रममा १२ वटा स्कुलका ६७६ विद्यार्थि सहभागी । किसान सूचिकृत गरिएको । स्थानीय मिडियाबाट कृषि प्रसारका काम गरिएको । | नगदे बाली, तरकारी बाली, व्यवसायिक कृषि उत्पादन, जैविक मल, जैविक विषादीको प्रयोग मार्फत कृषि उत्पादन मानव स्वास्थ्यको हितमा हुन आवस्यक छ भन्ने सोचको विकासको शुरुवात भएको । |
| **स्थानीय तहको पशु सेवा सम्बन्धि** | | | |
| पशु विकास कार्यक्रम | पशु विकास तर्फका कार्यक्रम गरिएको । | गाई-भैंसीको नश्ल सुधार गरी उत्पादनमा बृद्धि गर्न वर्षैभरि कृतिम गर्भाधान कार्यक्रम सञ्चालन गरिएको । पोखरीलाई मर्मतसम्हार र प्रवर्द्धन गरी माछाका भूरा वितरण गरिएको । | पशु विकास कार्यक्रम मार्फत सञ्चालन गरिएका कार्यक्रमले उत्पादनमा बृद्धि भई ग्रामिण भेगका नागरिकको जीवनस्तरमा परिवर्तनको शुरुवात भएको । |
| पशु स्वास्थ्य कार्यक्रम | माहामारी जन्य रोगहरुको रोकथामका लागि भ्यागुते, चर्चरे, पिपिआर, स्वाइन फ्लु, खोरेत र रानीखेत जस्ता रोगहरुका लागि रोग विरुद्धका खोप, कार्यक्रम संचालन गरिएको । | २१,००० बढी पशुपंक्षीहरुलाई खोप दिइएको । पशुमा देखिने माहामारी जन्य रोगहरुको रोकथामका लागि ठूला पशुमा खोरेत रोग विरुद्ध ८,११८, बाखामा पिपिआर ११,९०६, बंगुरमा स्वाइन फ्लु, २,०००, ठूला पशुमा रेबिज रोग विरुद्धको खोप ४८५ र ५०० वटा कुकुरलाई रेबिज रोग विरुद्धको खोप कार्यक्रम सञ्चालन गरिएको । मौषमी रोगहरुको नियन्त्रण तथा व्यवस्थापनका लागि चाहिने आवस्यक औषधी उपचारको व्यवस्था गरिएको । | किसानहरुका पशुमा देखिने जटिल तथा समन्य रोगहरुको समाधानका लागि पहल भएको । |
| पशु आहारा सेवा | उत्पादन बृद्धिका लागि पशु आहारा सेवा कार्यक्रम संचालन गर्ने । | जात मात्र राम्रो भएर हुँदैन घाँस राम्रो चाहिन्छ अनि मात्र भनेजति उत्पादन पाइन्छ, भन्ने उद्देश्य राखि ५०% अनुदानमा उन्नत जातका घाँसका बिउहरु, (जै, बर्षिम) वितरण । वर्षे घाँस टिओसेन्टीको बिउ १,२७९ के.जी. वितरण गरी दुध तथा मासु उत्पादनमा बृद्धि भएको । | कृषकमा उन्नत जातको घाँसको बिऊ बारे सोचको विकास भएको । |
| पशु स्वास्थ्य नियमन कार्यक्रम | गोबर परीक्षण, पशु रोग महामारी नियन्त्रण सम्बन्धीका कार्यक्रम | पशु स्वास्थ्य नियमन, निरिक्षण तथा अनुगमन जस्ता कार्यक्रमहरु संचालन गरिएका जसबाट | किसानहरुमा स्वस्थ पशुबाट बढी उत्पादन हुन्छ भन्ने सोचमा क्रमिक सुधार भएको । |

| | | | |
|---|---|---|---|
| | गरिएको । | स्वस्थ पशु र स्वस्थ उत्पादनमा क्रमिक सुधार भएको । | पालिकाले आफ्नो नीति कार्यक्रममा वडादेखि नै प्राथमिकताका साथ उठान गरिएको । |
| पशु सेवा प्रसार कार्यक्रम | पशुपंक्षी बिमा अन्तरक्रिया गरिएको ।<br>नस्ल सुधार कार्यक्रम संचालन गरिएको ।<br>माहामारीजन्य रोगहरु बिरुद्धको प्रचारात्मक कार्यक्रमहरु संचालन गरिएको । | कृतिम गर्भाधान कार्यक्रम संचालन गरिएको ।<br>नस्ल सुधार कार्यक्रम अन्तर्गत गाई-भैंसीमा<br>माहामारीजन्य रोगहरु बिरुद्धको प्रचारात्मक कार्यक्रमहरु संचालन गरिएको ।<br>पशुपंक्षी बिमा कार्यक्रम संचालन गरिएको ।<br>रेडियो, टेलिभिजन, स्थानीय पत्र-पत्रिकामा सूचना प्रकाशन गरी पशुपंक्षी सम्बन्धि सचेतनामुलक कार्यक्रमहरु प्रकाशन प्रशारण गरी किसानहरुलाई सुसुचित गराइएको । सफा आहारा र उन्नत घाँसबाट मात्र भनेजति उत्पादन पाइन्छ साथै सजिलो वासस्थानबाट मात्र राम्रो उत्पादन हुन्छ भन्ने चेतनाको विकासमा क्रियाकलापहरु गरिएको । | व्यवसायिक पशु फर्महरु व्यवस्थित रुपमा संचालनको सुरुवात भएको ।<br>पशु क्षेत्रका कार्यक्रमबाट स्वरोजगार निर्माण हुनुका साथै आय आर्जनमा बृद्धि भएको ।<br>व्यवसायिक पशु फर्महरु व्यवस्थित रुपमा संचालनको सुरुवात भएको । |

**अनुसूची-६**

**दमक नगरपालिका झापाको आर्थिक वर्ष २०८०/०८१ को**

**सामाजिक परीक्षण प्रतिवेदन (बृहत सभामा प्रस्तुत गरिएको)**

## विषयगत शाखा/कार्यालयको नाम : (क) स्वास्थ्य शाखा

## नगरपालिकाको नीति :

- विभिन्न महामारी संक्रमण रोकथाम तथा नियन्त्रणका लागि प्रकोप व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ साथै स्वास्थ्य जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- महामारी रोकथाम तथा नियन्त्रणको कार्यमा अग्रपंक्तिमा रही कार्य गर्ने स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको प्रोत्साहनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- विभिन्न महामारी रोकथाम र नियन्त्रणका लागि आधारभुत स्वास्थ्य केन्द्र, नगर स्वास्थ्य केन्द्रलाई थप व्यवस्थित गर्नको लागि उपयुक्त स्थान तोकी ल्याब सेवा सञ्चालन गरिनेछ ।
- महामारी रोगविरूद्ध सचेतना अभिवृद्धि गर्न टोल वस्ती स्तरमा सञ्चालन हुने लक्षित वर्ग लगायतका सचेतना सम्बन्धी कार्यक्रमहरूलाई एकीकृत र प्रभावकारी बनाइनेछ ।
- आर्थिक वर्ष ०७९ / ८० मा दमक अस्पतालको सुविधा सम्पन्न भवन निर्माण गरी सम्पन्न गरिनेछ साथै दमक अस्पताललाई यसै आर्थिक वर्ष देखि ५० बेड क्षमताको अस्पतालको रूपमा स्तरोन्नति गर्न सार्थक पहल गरिने छ ।
- स्वास्थ्य क्षेत्र सुदृढीकरणका लागि दमक नगरमा रहेका स्वास्थ्य संस्था तथा अन्य सरोकारवाला संस्थाहरूसँग समन्वय गर्ने कार्यलाई अझ प्रभावकारी बनाइनेछ ।
- आर्थिक वर्ष ०७९८० को पहिलो चौमासिक भित्र सबै वडाहर/ूमा आधारभूत स्वास्थ्य केन्द्र आफ्नै भवनमा व्यवस्था गरी सञ्चालनमा ल्याइनेछ।
- टिएचआइभी एड्स .बि.एचआइभी एड्स संक्रमित विरामीहरूलाई आवश्यक बजेट विनियोजन गरी टि .बि. विरूद्ध जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- घरमै सुत्केरी गराउने कार्य शून्य )Zero Home Delivery) कार्यक्रमलाई प्रभावकारी बनाउन दमक नगर भित्रका गर्भवती तथा सुत्केरी, असक्त र असहायहरूका लागि दमक क्षेत्र भित्र निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ साथै दमक नगर क्षेत्रभित्रका विपन्न सुत्केरी आमाहरूलाई पोषिलो खाना उपलब्ध गराइनेछ ।
- नगर भित्रका अति विपन्न, दलित, आदिवासी, जनजाति तथा विपन्न वर्गका मुटु, मृगौला र क्यान्सरका बिरामीहरूका लागि आर्थिक सहायता दिने नीतिलाई निरन्तरता दिइनेछ ।
- दमक नगरलाई पूर्ण खोपनगर तथा खुल्ला दिसामुक्त नगर घोषणा गरी सकिएको छ, यसलाई प्रभावकारी रूपमा निरन्तरता दिइनेछ ।

- लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूलाई एकीकृत सेवा दिने उद्देश्यले दमक अस्पतालमा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्र )OCMC) को प्रभावकारिताका लागि स्थानीय संघ संस्थाहरूसँग सहकार्य गरिनेछ ।
- सबै आधारभूत तथा नगर स्वास्थ्य केन्द्रमा कम्तीमा प्रत्येक महिनाको १ दिन चिकित्सक सेवा प्रदान गरिनेछ
- अशक्त र बृद्धबृद्धाहरूका लागि घरघरमा आधारभूत स्वास्थ्य परीक्षण तथा उपचार सेवा पुर्याइनेछ साथै आँखा र दाँतको निःशुल्क शिविर सञ्चालन गरिनेछ ।
- गर्भवती तथा सुत्केरी महिलाहरूका लागि निःशुल्क रूपमा आइरन, क्याल्सीयम तथा फोलिक एसिड वितरण कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- महिलाहरूका स्वास्थ्य समस्यामा बिशेष गरेर स्तन क्यान्सर, पाठेघरको क्यान्सर लगायतका समस्याहरू पहिचान गरी समाधान गर्नका लागि दमक अस्पतालमा निस्शुल्क परीक्षण गर्ने कार्य भै रहेको छ । यसका लागि महिला स्वास्थ्य स्वयम् सेविका र आधारभूत स्वास्थ्य केन्द्र, स्वास्थ्य शाखा तथा दमक अस्पताललाई अझ बढी क्रियाशील बनाउँदै लगिनेछ साथै विषयगत निःशुल्क स्वास्थ्य शिविरहरू वडा स्तरमै सञ्चालन गरी जनचेतना अभिवृद्धि एवम् उपचार सेवाको विस्तार गरिनेछ ।
- दमक नगर क्षेत्रभित्र रहेका निजी अस्पताल, स्वास्थ्य क्लिनिकहरू, होमियो तथा आयुर्वेदिक क्लिनिकहरूबाट परिचयपत्र प्राप्त जेष्ठ नागरिकहरूको निःशुल्क स्वास्थ्य परीक्षण गर्न आवश्यक समन्वय गरिनेछ ।साथै - आमा सुरक्षा कार्यक्रम सुदृढिकरणका लागि बजेटको व्यवस्था गरिनेछ ।
- महिला स्वास्थ्य शिक्षा तथा आमा सुरक्षा सम्बन्धी सचेतना कार्यक्रमको प्रभावकारिताका लागि आवश्यक समन्वय गरिने छ ।
- दमक७ स्थित रेडक्रस सोसाइटी परिसरमा सञ्चालन हुन लागेको बाल अस्पतालमा बालबालिकाहरुका लागि - ,सम्भावित महामारीको रोकथामनियन्त्रण र उपचारको व्यवस्था गर्न प्रदेश सरकारसंघीय सरका ,र-संघ , संस्थाहरुसँग आवश्यक समन्वय र सहयोग गरिनेछ ।
- "**स्वस्थ शहर**, **कुपोषण रहित दमक नगर**को अभियानलाई सार्थक बनाउन ५ वर्ष मुनिका बालबालिकाको " लागि पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।
- आर्थिक वर्ष २०७९/०८० भित्रमा सबै दमक नगरवासीहरूलाई कोरोना भाइरस विरूद् (१९-कोभिड) ो बु स्टर डोजको व्यवस्थापन गरिनेछ ।
- क्षयरोग तथा कुष्ठरोग न्यूनीकरणका लागि स्वास्थ्य शाखा, आधारभूत स्वास्थ्य केन्द्र र दमक अस्पतालको समन्वयमा प्रतिकारात्मकनिदानात्मक तथा उपचारात्मक सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ। ,
- दमक अस्पतालमा सञ्चालित टि.बि. तथा ART Center लाई थप व्यवस्थित बनाइनेछ ।
- महिला स्वास्थ्य स्वयम् सेविकाहरूलाई कार्यक्रममा फिल्ड खटेको दिन खाजा खर्च र मासिक यातायात खर्च उपलब्ध गराइने छ ।
- महिला स्वास्थ्य स्वयम् सेविकाहरूलाई कोष वृद्धि र अध्ययन भ्रमण खर्चका लागि बजेट व्यवस्थापन गरिनेछ ।

- महिला स्वास्थ्य स्वयंसेविकाको रूपमा नगरपालिकामा ६० वर्ष उमेरसम्म सेवा गरी सेवा निबृत्त हुने र १० बर्ष सेवा अवधि पुरा गरि काम गर्न असक्षम भएमा स्वयंसेविकाहरूलाई दिइने एकमुष्ट रकम रु.८० हजार र सम्मानजनक बिदाई कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरू अन्य कुनै सरकारी लाभको पदमा कार्यरत रहेको भए दुई मध्ये कुनै एक पदमा मात्र कार्यरत हुन पाउने व्यवस्था लागू गरिनेछ। महिला स्वास्थ्य स्वंयम सेविककाबाट अवकास हुन चाहेमा सेवा निवृत्त सुविधा बराबरको रकम उपलब्ध गराइनेछ ।-
- रिक्त भएको र आवश्यकता भएका स्थानमा महिला स्वास्थ्य स्वयंसेविकाको उचित व्यवस्थापन गरिनेछ।
- महिला स्वास्थ्य स्वयंम् सेविकाहरूलाई नगरको पूर्ण खोप, पोषण, स्वास्थ्य, सरसफाई, खुल्ला दिसामुक्त अभियान बालमैत्री लगायत अन्य अभियानहरूमा समेत परिचालन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविका सम्बन्धी कार्यविधि निर्माण गरिनेछ ।
- विपन्न तथा गरिब परिवारलाई दमक नगरपालिका अन्तर्गत रहेका अस्पतालमा उपचार नपाएको कारणले मृत्यु हुन नदिन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई स्वास्थ्य बिमा निशुल्क रुपमा उपलब्ध गराइनेछ ।
- दमक अस्पतालमा CT Scan र डाइलासिस सेवा विस्तारका लागि सम्बन्धित निकायमा आवश्यक पहल र समन्वय गरिनेछ ।
- दमक नगरभित्रका सुत्केरी५ वर्षमुनिका बालबालिकाहरु र नियमित रगत चढाउनु परेमा ल्याब परीक्षण , गरेबापत लाग्ने रकमलाई शोधभर्ना गरी निशुल्क गरिनेछ ।
- नमुनाको रुपमा हिमालय माध्यमिक विद्यालयमा सेनिटरी प्याड डिस्पोज गर्न आवश्यक व्यवस्थापन गरिनेछ।
- दमक नगरपालिका दमक रेडक्रस र दमक अस्पतालबीच आवश्यक समन्वय र सहकार्यमा ,KHDC कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- दमक अस्पताल र आम्दा अस्पताल सुदृढिकरणका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- दमक नगरपालिकामा स्थायी बसोबास भएका गम्भीर प्रकृतिका दीर्घरोगी, अति विपन्न तथा विपदमा परेका परिवारलाई सेवा नदोहिने गरी एक पटकका लागि बढीमा रू१५ हजार सम्म वडा कार्यालयको सिफारिसमा . आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

## गत आर्थिक वर्षमा सञ्चालित विकास योजना तथा कार्यक्रमको विवरण

| सञ्चालित कार्यक्रम /आयोजना | लक्ष्य | क्रियाकलाप/उपलब्धी |
|---|---|---|
| सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य | संस्थागत सुत्केरीमा सुधार ल्याउने । सुरक्षित गर्भपतन सेवा सञ्चालन गर्ने मातृ तथा शिशु मृत्युदर शुन्य बनाउने । परिवार नियोजनका अस्थायी साधनको प्रयोगमा बृद्धि गर्ने । | **क्रियाकलाप :** दमक नगरपालिकामा सञ्चालित स्वास्थ्य संस्थाबाट निःशुल्क गर्भजाँच सेवा उपलब्ध गराइएको । डेलिभरीका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको । सुरक्षित मातृत्वअन्तर्गत दमक नगर अस्पताल, आम्दा अस्पताललगायतका बर्थिङ सेन्टरहरुबाट सुरक्षित सुत्केरी कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन भएको । सबै स्वास्थ्य संस्थाबाट परिवार नियोजनका अस्थायी साधनहरु निःशुल्क वितरण गरिएको । फोलिक एसिड चक्की वितरण गरिएको । घुम्ती भिडियो एक्सरे सेवा सञ्चालन गरिएको ।<br>**उपलब्धि :** गर्भजाँच गराउनुपर्छ भन्ने सोचको विकास भई सुरक्षित आमा र स्वस्थ सन्तान जन्मको वातावरण सिर्जना भएको । आमाको गर्भावस्थाको पोषणसम्बन्धी चेतनाका कारण जन्मने बच्चाहरुमा जटिलतामा कमी आएको । फोलिक एसिड चक्की वितरणबाट अपाङ्गता सन्तान जन्मने अवस्थाको न्यूनीकरण भएको । घरमै सुत्केरी गराई आमा तथा बच्चाको स्वास्थ्यमा आउने जटिलतामा न्यूनीकरण भएको । |
| स्वाथ्य क्षेत्र सुधार कार्यक्रम | स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र संचालन गर्ने ।<br>भइरहेका स्वास्थ्य केन्द्रहरुलाई स्तरोन्नती गर्ने ।<br>आधारभूत स्वास्थ्य केन्द्र थप गरि सेवा विस्तार गर्ने ।<br>महामारीजन्य रोगहरुको व्यवस्थापनमा अगाडी बढ्ने । | **क्रियाकलाप :** दमक नगरपालिकाका वडा नम्बर ३, ४, ९ र १० का स्वास्थ्य संस्थामा ल्याब सञ्चालनका लागि आवश्यक औजार तथा उपकरण खरीद गरिएको । स्वास्थ्य संस्था न्यूनतम सेवा तथा मापदण्ड कार्यक्रमअन्तर्गत वडा नम्बर ७, ८, ९ र १० का स्वास्थ्य संस्थाहरुमा कार्यक्रम सञ्चालन गरिएको । सबै स्वास्थ्य संस्थाहरुमा बीपी सेट तथा अन्य आवश्यक मेसिन वितरण गरिएको । निम्न वर्गका लागि ह्वील चेयर, बैशाखीलगायतका आवश्यक सामग्रीहरु वितरण गरिएको ।<br>**उपलब्धि:** दमक नगर अस्पतालबाट मेडिकल अफिसरबाट सेवा प्रवाह गर्न सकिएको । सबै नागरिकमा आधारभूत स्वास्थ्य उपचारको पहुँच सुनिस्चित देखिन्छ । सबै स्वास्थ्य संस्थाहरु आधारभूत रुपमा राज्यकै भौतिक संरचनाबाट सेवा प्रवाह गर्न सफल देखिन्छ । |
| क्षयरोग नियन्त्रण कार्यक्रम | नयाँ क्षयरोगी पत्ता लगाउने, पत्ता लागेका क्षयरोगीहरुलाई उपचारमा ल्याई निदान गर्ने । | **क्रियाकलाप :** स्वास्थ्यर्मीका लागि टिबी मोडयुलर तालिम १५ जना स्वास्थ्यकर्मीलाई तीन दिन प्रदान गरिएको । स्वास्थ्यकर्मीहरुबाट स्क्रिनिङ कार्यक्रम । विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन । समुदायमा जनचेतनामुलक कार्यक्रम सञ्चालन । |

| | | |
|---|---|---|
| | | **उपलब्धि :** क्षयरोगी मृत्यु हुने दरमा कमी आएको । समुदायको चेतनास्तरमा सुधार आएको । |
| परिवार कल्याण कार्यक्रम | पोषण कार्यक्रम सञ्चालन गर्ने ।<br>५ वर्ष मुनिका वालवालिकाहरुको वाल रोगको एकीकृत व्यवस्थापन कार्यक्रम | **क्रियाकलाप :** – १ देखि १० वटै वडाका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य उपचार तथा आवश्यक स्वास्थ्य सामग्री ४०४ जनालाई सेवा प्रदान गरिएको । २१५ जनाले सुत्केरी पोषण प्राप्त गरेका । उपमेयरमार्फत् घरदैलो स्वास्थ्य परीक्षणका क्रममा आवश्यकताअनुसारका स्वास्थ्य सामग्री प्रदान गरिएको । हात्तीपाइले रोगको निदानका लागि खोजपड्ताल अभियान सञ्चालन गरिएको । ५९ महिनासम्मका बालबालिकालाई जुकाको औषधी, भिटामिन ए का साथै पोषणको अवस्था पत्ता लगाउन पाखुराको नाप परीक्षण गरिएको । पीएनसी भिजिटअन्तर्गत २७९ जनालाई घरमै उनीहरुको अवस्थाबारे परीक्षण गरिएको । भी आइए स्क्रिनिङबाट ५१० जना लाभान्वित भएका । आमाको अवस्था विश्लेषण गर्न पुस्तिका प्रकाशन गरिएको ।<br>**उपलब्धि :** कुपोषित बच्चाहरुको संख्यामा कमी आएको कुपोषणका कारण हुने शिशु मृत्युदरमा कमि आएको । जन्मान्तरको कारण आमा तथा बच्चाहरुको स्वास्थ्य तथा बृद्धि विकासमा सहायता मिलेको । संस्थागत सुत्केरी बढेको, घरमै सुत्केरी गराउने आमाहरु घटेका, पूर्ण खोप सुनिश्चितता भएको । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिले राज्य भएको अनुभूति गरेका । |
| एकिकृत बाल तथा स्वास्थ्य पोषण कार्यक्रम | कुपोषित बच्चाहरुको खोजी तथा व्यवस्थापन गर्दै कुपोषण रहित पालिका निर्माण गर्ने ।<br>ओ.टि.सि. सेन्टर स्थापना गर्ने । | **क्रियाकलाप:** ५९ महिनाभन्दा मुनिका बालबालिकालाई भिटामिन ए र जुकाको औषधी खुवाउने कार्य भएको । बालकको पोषणको अवस्था पत्ता लगाउन पाखुराको जाँच गर्ने कार्य गरिएको । कम तौल भएका बालबालिकालाई पोषण कार्यक्रममा सहभागी गराइएको । कुपोषित बालबालिकाहरुको अवस्था विश्लेषण गरिएको । वृद्धि अनुगमन कार्यक्रम प्रत्येक स्वास्थ्य संस्थामा सञ्चालन गरिएको, कुपोषित बच्चाहरुको खोजी गरी उपचार गरिएको । संस्थागत सुत्केरीसँगै पोषण सहयोग कार्यक्रम सञ्चालन गरिएको । ओटीसी सेन्टर स्थापना गरी आवश्यक क्रियाकलाप गरिएको ।<br>**उपलब्धि :** पोषणको कारण हुने मृत्युदरमा कमी आएको भिटामिन ए कार्यक्रम, न्यानो झोला कार्यक्रम र पोषण कार्यक्रम मार्फत बालबालिकाको जीवनस्तरमा परिवर्तन आएको ।<br>न्यून तौल भएका बच्चाहरुमा कमी आएको । |
| अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम | जन्मबाट नै हुने अपाङ्गता शुन्य बनाउने । | **क्रियाकलाप :** स्वास्थ्य घरदैलो कार्यक्रमअन्तर्गत १९६ जना अपाङ्गता भएका व्यक्तिको साधारण उपचार गरिएको । २६ ह्वील चेयर, एयर म्याट्रेस ४, नेबुलाइजर १, बैशाखी ५, लठ्ठी २९२, कमोड चेयर ७ र वाकर २ वितरण गरिएको । नयाँ अपाङ्गता भएका बच्चा पत्ता लगाउन स्वास्थ्यकर्मीहरु आवस्यक ठाउँमा घरदैलो गरिएको । गर्भको तयारी गरेर बच्चा जन्माउन आमा |

| | | |
|---|---|---|
| | | बाबु दुवैलाई फोलिक एसिड चक्की वितरण गरिएको । नियमित गर्भजाँच गरी अपाङ्गता बच्चा नै नजन्माउन विशेष निगरानी गरिएको । नवशिशु जाँच पड्ताल गरिएको । अपाङ्गता भएकाहरुलाई सहायक सामग्री वितरण गरिएको । स्वास्थ्य उपचारमा सहयोग गरिएको<br><br>**उपलब्धि :** अपाङ्गता भएका नवशिशु जाँच पड्तालबाट नभेटिएको । आवश्यकताका आधारमा सहायक सामग्री वितरण गरी अपाङ्गता भएकाहरुको जीवनयापनमा सहजता आएको । सामाजिक सुरक्षा कार्यक्रम मार्फत् आर्थिक सहायता प्राप्त भएको । विपन्न तथा अति समस्यामा रहेका अपाङ्गता भएका व्यक्तिलाई राज्यबाट प्रदान गरिएको नि:शुल्क स्वास्थ्य सेवाबाट स्वास्थ्य उपचारमा सहजता आएको । |
| अस्पताल निर्माण सुधार तथा व्यवस्थापन सूचना प्रणाली कार्यक्रम | पालिकास्तरको अस्पताल सञ्चालन गर्ने । | **क्रियाकलाप :** पालिका अस्पतालको भवन निर्माणलाई तीव्रता दिइएको । निर्माण सम्पन्न हुन बाँकी रहेका स्वास्थ्य संस्थाको निर्माण सम्पन्न गरिएको ।<br>**उपलब्धि :** दमक पालिका अस्पताल सञ्चालनमा आएको । सबै वडाको आधारभूत तथा शहरी स्वास्थ्य केन्द्रको भवन निर्माण सम्पन्न गरिएको । |
| राष्ट्रिय, स्वास्थ्य शिक्षा, सूचना तथा संचार कार्यक्रम | स्वास्थ्य सचेतनामा सुधार गर्ने । | **क्रियाकलाप :** पूर्ण खोप सुनिश्चितताका लागि घरधुरी सर्भेक्षण गरिएको । पूर्ण खोप सुनिश्चितताका लागि खोपमा छुटेका बालबालिकालाई खोप लगाउनुपर्छ भनी स्थानीय मिडियाबाट सूचना प्रकाशन, प्रशारण गरिएको । विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन । प्रत्येक सेवाको सेवा रजिष्टर, Tally sheet, HMIS 9.3, Monthly monitoring prophyle ,DHIS 2, eLMIS Systeam, Grop communication बारे नियमित मासिक बैठकमा विस्तृत छलफल गर्ने गरिएको ।<br>**उपलब्धि:** स्वास्थ्य र शिक्षा कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन भएका कारण पूर्ण खोप सुनिश्चितता भएको, संस्थागत सुत्केरीमा सुधार आएको, अपाङ्गता रोकथाम कार्यक्रम प्रभावकारी भएको, समयमै स्वास्थ्य उपचारमा जानुपर्छ भन्ने सोचको विकास भएको । |
| उपचारात्मक सेवा कार्यक्रम | सबै स्वास्थ्य चौकी तथा सबै वडाका स्वास्थ्य केन्द्रबाट आभारभूत देखी ओपिडी सेवा संचालन गर्ने । | **क्रियाकलाप :** मेडिकल अफिसरबाट पालिका अस्पतालमा ओ.पि.डि. सेवा सञ्चालन ।<br>- सबै स्वास्थ्य संस्थाहरुमा ओपीडी सेवा सञ्चालन गरिएको ।<br>- औषधीको नियमित व्यवस्था गरिएको ।<br>- आवश्यक उपकरणहरुको समयमै व्यवस्थापन गरिएको<br>**उपलब्धि :** नागरिकहरुलाई आधारभूत स्वास्थ्य उपचारात्मक सेवा प्रदान गर्न सफल रहेको । |
| नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम | नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम संचालन गर्ने । | **क्रियाकलाप :** सबै स्वास्थ्य सस्थाका नर्सिङ स्टाफहरुलाइ आवस्यक तालिम प्रदान गरिएको सामुदायिक म.स्वा.स्व.से.हरुलाइ यातायात खर्च प्रदान गरिएको । उत्कृष्ट महिला स्वास्थ्य स्वयम् सेविकालाई पुरस्कृत |

| | | |
|---|---|---|
| | | गरिएको । .<br>**उपलब्धि** : दक्ष स्वास्थ्यकर्मीहरुबाट सबै स्वास्थ्य संस्थाहरुमा नागरिकहरुलाई स्वास्थ्य सेवा प्रदान गर्न सफल रहेको । |

**सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका स्वास्थ्य क्षेत्रका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

- दमक नगरभित्रका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुका लागि स्वास्थ्य उपचारमा घरदैलो उपचार कार्यक्रममार्फत् सेवा प्रदान गर्दै आवश्यक सामग्री वितरण गरिएको ।
- दमकवासी नागरिकहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै आधारभूतदेखि विशेषज्ञसहितको उपचारात्मक सेवा प्रदान गरिएको ।
- स्वास्थ्यमा विपन्न परिवारको पहुँच वृद्धि गरी स्वास्थ्य उपचारको आधारभूतदेखि जटिलसम्मको सेवा प्रदान गर्न विपन्न परिवार स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिएको ।
- पूर्ण खोप सुनिश्चित गरी स्वस्थ समाज निर्माण गर्न खोज र खोपको नीति अनुरुप ग्रामिण सर्वेक्षण गरी पूर्ण खोप सुनिश्चितताको कार्य गरेको ।
- मातृ तथा शिशु मृत्युदर शून्य बनाउन सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आर्थिक सहितको व्यवस्थापन गरेको ।
- जन्मपश्चात् आमा र बच्चाको विश्लेषण गर्न पीएनसी होम भिजिट कार्यलाई तीव्रता दिइएको ।
- ल्याब सेवा सञ्चालनका लागि आवश्यक सामग्रीको प्रबन्ध गरिएको ।

## सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचकसहित कामको विवरण |
|---|---|
| ५ बर्ष मुनीका बालबालिकाले खोप प्राप्त अवस्था । | २१ वटा खोप केन्द्र मार्फत पूर्ण खोप सुनिश्चितता र दिगोपनाका लागि गरिएको घरधुरी सर्भेक्षणबाट १४ जना बालबालिका खोप लगाउन छुटेकोमा पत्ता लगाई खोपाउने कार्य भएको । १ जना शून्य डोजको बच्चा पत्ता लगाई खोपाउने कार्य भएको । पूर्ण खोप सुनिश्चित पालिका घोषणा भएको । |
| स्वास्थ्य चौकी एक घण्टाभित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या । | दमक नगरपालिकाभित्र सबै नागरिकहरुलाई एक घण्टाभित्र स्वास्थ्य केन्द को उपचार प्रदान गर्न आधारभूत स्वास्थ्य केन्द्र ७ वटा, शहरी स्वास्थ्य केन्द्र ३ वटा, नगर अस्पताल एउटा सञ्चालनमा रहेको । स्वास्थ्य संस्थासम्म स्वास्थ्य उपचारको पहुँच स्थापित गर्न सडक पूर्वाधारअन्तर्गत ग्राभेल, कालोपत्रे, सडक मर्मत, पुल, कल्भर्टका निर्माण कार्यहरु गरिएको छ । । स्वास्थ्य संस्थाको पहुँच भन्दा टाढा रहेका बस्तीहरुलाई खोप तथा आधारभूत स्वास्थ्य उपचार प्रदान गर्न २१ वटा खोप केन्द्र सञ्चालन गरिएका ।<br>विभिन्न निजी अस्पताल, क्लिनिक सञ्चालनमा रहेका । ग्रामीण क्षेत्रमा स्वास्थ्य सचेतना र आधारभूत स्वास्थ्यको पहुँचका लागि स्वयम्सेविका |

| | |
|---|---|
| | ४४ जना कार्यरत रहेका । उर्लाबारी, चुलाचुलीका स्थानीय तहहरुसँग नागरिकहरुको पहुँचका आधारमा आवश्यक स्वास्थ्य उपचारका कार्यक्रम सहकार्य गरिएको । |
| खोपमा पहुँच भएको जनसंख्या (एक वर्ष मुनिका बालबालिकाको आधारमा । | दमक नगरपालिकाभित्र रहेका २१ वटा खोप केन्द्रबाट नियमित रुपमा बि.सी.जी. १७०७ को लक्ष्य भएकोमा बि.सि.जि २१८%, पेन्टा १ ८४%, एम.आर २ १२ देखि २३ महिना ८६ %, जे.ई. १२ देखि २३ महिना ८५%, रहेको । खोप कार्यकर्ताहरुलाइ पुनर्ताजगी तालिम प्रदान गरिएको । खोज र खोपको नीतिअनुरुप घरधुरी सर्भेक्षण गरी खोपाउने कार्य गरिएको । महिला स्वास्थ्य स्वयम्सेविका परिचालन गरी एउटा खोप लगाएर छुटेका बालबालिकाको खोजी गरी खोपाउने कार्य गरिएको । |
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको संख्या । | दमक नगरपालिकाभित्र गर्भजाँचका लागि सबै स्वास्थ्य संस्थामा आवश्यक दमक नगरपालिकाले गर्भवती महिलाका लागि गर्भजाँचको सेवालाई सबै स्वास्थ्य संस्थाबाट नियमित र प्रभावकारी रुपमा सञ्चालन गरेको देखिन्छ । आमाहरुको आर्थिक र भौतिक अवस्थालाई मध्यनजर गर्दै ग्रामीण भिडियो एक्सरे सेवा समेत सञ्चालन गरिएको छ । विभिन्न संघसंस्थाको साझेदारीमा गर्भजाँच गराउनुपर्छ भन्ने चेतनामूलक कार्यक्रम गरिएको छ । दमकमा रहेका स्वास्थ्य संस्थाहरुमा प्रथम पटक गर्भजाँच गर्न लक्ष्य भन्दा प्रथम भिजिट ४७१% र प्रोटोकल चौथो भिजिट भने ३५५% रहेको ।<br>६,०६१ जनाले ४ पटक गर्भजाँच गराएका छन् । ३,४७६ जनाले ८ पटक गर्भजाँच गराएका छन् । गर्भजाँच पश्चात्, नियमित रुपमा आइरन, क्याल्सियम र आवश्यक फोलिक एसिड चक्की वितरण गरिएको छ । |
| दक्ष प्रसूति कर्मीबाट प्रसूति गरिएका महिलाको संख्या । | दमक नगरपालिकाभित्र नगर अस्पताल, आम्दा अस्पताललगायत अन्य निजी अस्पतालबाट संस्थागत सुत्केरी र दक्ष प्रसूतिकर्मीबाट प्रभावकारी सेवा सञ्चालनमा आएको देखिन्छ । केही विपन्न बस्ती र अस्पताल ल्याउने क्रममा १० जना घरमै सुत्केरी भएको देखिन्छ । त्यसमा पनि दक्ष स्वास्थ्यकर्मीहरु आमा तथा बच्चाको अवस्थालाई मध्यनजर गरी घरमा पुगेको देखिन्छ । |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिकाको संख्या | इन्टरनेटको पहुँच, रेडियो टेलिभिजन, विभिन्न सामाजिक सञ्जालबाट भएका चेतनामूलक, सन्देशमूलक सूचना प्रवाह भएका ।<br>व्यक्तिगत सरसफाई सम्बन्धि जनचेतनामूलक कार्यक्रम संचालन गरिएको ।<br>पानी तथा खानेकुराबाट सर्ने रोगहरुको विषयमा समुदायस्तरमा विभिन्न स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयम् सेविकाहरुबाट जनचेतनामुलक कार्यक्रम गरिएको । मार्फत चेतनामा सुधार भएको ।<br>सबै घरहरुमा शौचालय निर्माण भई खुल्ला दिसामुक्त पालिका घोषणा भएको । |

## आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :

- बर्थिङ सेन्टर र नगर अस्पतालको सेवा प्रभावकारी हुँदाहुँदै पनि मातृ मृत्युदर, बाल मृत्युदर तथा होम डेलिभरीको समस्या शुन्य बनाउन नसकिएको ।
- नगर अस्पताल तथा बर्थिङ सेन्टरमा आउने बिरामीको चाप व्यवस्थापन गर्न केही कठिनाई रहेको ।
- कार्यक्रम र सेवाको विस्तार अनुसार जनशक्ति, औजार, उपकरणको आवश्यक मात्रामा व्यवस्था गर्न कठिनाई रहनु ।
- भइरहेको सेवाप्रति नै नागरिकको सन्तुष्टि कम हुनु तथा थप विशिष्टिकृत सेवाको चाहना राख्नु ।
- बाहिरको महँगो उपचार पद्धतिप्रति बढी विश्वास गर्नु ।
- स्थानीय आधारभूत स्वास्थ्य उपचार सेवा लिन नागरिकहरु कम आउनु ।

## ८. भावी कार्यक्रम अझ प्रभावकारी संचालनको लागि चाल्नुपर्ने कदम र सुझावहरु :

- ❖ होम डेलिभरीको समस्या केही देखिएकाले थप जनचेतामूलक कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक देखिन्छ ।
- ❖ गर्भवती जाँच, संस्थागत सुत्केरी, खोप लक्ष्यभन्दा दोब्बर बढी देखिएकोले यसलाई स्थानीय लक्ष्य निर्धारण गरी त्यसै अनुरुप कार्य गर्न आवस्यक देखिन्छ ।
- ❖ कार्यक्रम र सरकारले तोकेको आधारभूत सेवा विस्तार भई सूचक अनुसारको पूर्वाधार तथा जनशक्ति व्यवस्थापन भए पनि प्रचारात्मक सेवामार्फत् नागरिकहरुलाई सेवा लिन आउन सक्ने वातावरण मिलाउन आवश्यक देखिन्छ ।
- ❖ नसर्ने रोगलाई समयमै सचेतना बढाउन स्वस्थ्यकर खानपान र ब्यायामसम्बन्धी स्वास्थ्य शिक्षामा जोड दिने

## विषयगत शाखा/कार्यालयको नाम : (ख) शिक्षा शाखा

### शिक्षा सम्बन्धी नीति :

१) शिक्षालाई जीवनोपयोगी र व्यावहारिक बनाइनेछ ।

२) स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय बजार मागलाई मध्यनजर गरी प्राविधिक जनशक्ति उत्पादनलाई प्राथमिकता दिइनेछ ।

३) शिक्षकले विद्यालयमा बिताउने समयमा अधिक वृद्धि गर्नका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षक तथा कर्मचारीको विद्युतीय हाजिरी प्रणाली विकास गरिनेछ ।

४) **“बालबालिकालाई विद्यालयमा ल्याऔं, टिकाऔं र सिकाऔं** ”कार्यक्रमलाई सफलीभूत पार्न सहयोगापेक्षी र टुहुरा बालबालिकाको शैक्षिक अभिभावकत्व नगरपालिकाबाट लिइने व्यवस्था मिलाइनेछ ।

५) विशेष आवश्यकता भएका र कमजोर आर्थिक अवस्था भएका परिवारका बालबालिकाको शिक्षामा सहज पहुँच र सहभागिता सुनिश्चित गर्न निश्चित मापदण्डका आधारमा छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

६) नगरपालिकाभित्र सञ्चालित सामुदायिक क्याम्पसको स्तरोन्नतिमा सहयोग गरिनेछ ।

७) **“शिक्षा हाम्रो मौलिक अधिकार”दमक नगरको उन्नति र समृद्धिको आधार ,** कार्यक्रम सञ्चालन गरी विद्यालयबाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने र विद्यालयमा उनीहरुको उपस्थितिलाई निरन्तरता दिँदै शैक्षिक उपलब्धि वृद्धि गर्न आधारभूत तहको शिक्षालाई निःशुल्क तथा अनिवार्य गराउने कार्यलाई तीव्रता दिइनेछ ।

८) सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि प्रत्येक वडाभित्र शैक्षिक सुधार अभियान चलाइनेछ ।

९) आधारभूत तथा माध्यमिक तहको नतिजा एवं समग्र विद्यालयको कार्यसम्पादन मूल्याङ्कनका आधारमा उत्कृष्ट विद्यालय, व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक र विद्यार्थी छनौट गरी पुरस्कृत गरिनेछ ।

१०) खेलकूदका माध्यमबाट सिर्जनात्मक सिकाईलाई जोड दिने व्यवस्था मिलाइनेछ ।

११) कम विद्यार्थी संख्या भएका विद्यालयहरुको छनौट गरी सरोकारवालाहरुको सहमतिमा विद्यालय समायोजन कार्यलाई अघि बढाइनेछ ।

१२) नगरपालिकाभित्र सञ्चालनमा रहेका सबै विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन गरिनेछ ।

१३) नेपाल सरकारबाट प्राप्त अनुदानबाट १० वर्षभन्दा माथि उमेरका सामुदायिक विद्यालयमा अध्ययनरत सबै छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड उपलब्ध गराइनेछ ।

१४) संघीय सरकारको बजेटबाट सबै सामुदायिक विद्यालयका बालविकास कक्षादेखि आधारभूत तहको कक्षा ६ सम्मका बालबालिकालाई पोषणयुक्त दिवाखाजा कार्यक्रम सञ्चालन गरिनेछ ।

१५) विद्यालयमा निर्माणाधीन अवस्थामा रहेका भौतिक संरचनाहरु विद्यालय भवन, खानेपानी, शौचालय लगायतको निर्माण कार्य सम्पन्न गरिनेछ ।

१६) विद्यार्थीको सर्वाङ्गीण विकास गर्ने किसिमका कार्यक्रमहरु जस्तै ) ः नेपाल राष्ट्रिय ,स्काउट सेवा दल( लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१७) सामुदायिक विद्यालयहरूको स्तरवृद्धि गर्ने तथा नियमित अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

१८) सामुदायिक विद्यालयहरूको गुणस्तर, सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुक्ष्म रूपमा अनुगमन गरिनेछ।

१९) समुदायबाट सञ्चालित बाल विकास केन्द्रहरूलाई नजिकको सामुदायिक विद्यालय मातहत सञ्चालन गर्न आवश्यक व्यवस्थापन गर्ने ।

२०) दमक नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका संस्थागत विद्यालयहरूलाई पौष मसान्तभित्र करको दायरामा ल्याउने र शिक्षाको गुणस्तरमा वृद्धिका लागि आवश्यक समन्वय गर्ने ।

## गत आर्थिक वर्षमा सञ्चालित विकास योजना तथा कार्यक्रमको विवरण :

| आयोजनाको नाम | लक्ष्य | क्रियाकलाप | उपलब्धि |
|---|---|---|---|
| | **बालविकास र शिक्षा**<br>● दमक नगरपालिकाभित्रका बाल विकास उमेर समुहका बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको पहुँचमा ल्याउनु ।<br>**आधारभूत शिक्षा**<br>● बाल विकास केन्द्रबाट आएका बालबालिकालाई कक्षा १ मा भर्ना गराउनु । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको | **बालविकास र शिक्षा**<br>● दमक नगरपालिकाभित्र विद्यालय तथा समुदायस्तरमा बाल विकास केन्द्र सञ्चालन भई बालविकास उमेर समूहका बालबालिकाहरुलाई बाल विकास केन्द्रसम्म ल्याई उनीहरुको उमेर समूहअन्तर्गतका खेलकुद, मनोरञ्जनका लागि चाहिने आवश्यक सामग्री कक्षा कोठा व्यवस्थापन तालिमप्राप्त सहयोगी कार्यकर्तामार्फत् बालबालिकाको बाल मनोविज्ञान बुझी आधारभूत सिकाइको वातावरण बनाइएको । | दमक नगरपालिकाभित्रका बाल विकास उमेर समूहका सबै बालबालिका सामुदायिक तथा संस्थागत बाल विकास केन्द्रमा ल्याउन सफल रहेको । |

| | | | |
|---|---|---|---|
| विद्यालय क्षेत्र सुधार योजना | प्रभावकारी कार्यान्वयन गर्दै समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।<br>**माध्यमिक शिक्षा**<br>• निःशुल्क माध्यमिक शिक्षालाई पहुँच योग्य बनाई माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई व्यवस्थित गर्ने ।<br>**उच्च शिक्षा**<br>• सस्थागत क्षमता विकास र गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति दिने<br>**पाठ्यक्रम तथा मूल्याङ्कन**<br>• स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकास गर्ने ।<br>• प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने ।<br>**शिक्षक व्यवस्थापन र विकास**<br>• विद्यालयहरुमा विद्यार्थी संख्या र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान गरी शिक्षकको व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिने । | **आधारभूत शिक्षा**<br>• दमक नगरपालिकाभित्र आधारभूत तहका विद्यालयहरुमा कक्षा कोठा निर्माण, शैक्षिक सामग्री वितरण, आधारभूत तहका सबै कक्षामा निःशुल्क पाठ्यपुस्तक वितरण र छात्रा तथा दलित विद्यार्थीलाई छात्रवृत्ति वितरण । कक्षा १ देखि कक्षा ५ सम्म दिवा खाजा वितरण । खेल सामग्री, अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु सञ्चालन गरिएको ।<br>**माध्यमिक शिक्षा**<br>दमक नगरपालिकाभित्रका माध्यमिक तहका विद्यालयमा आवश्यक कक्षा कोठा तथा भवन निर्माण कार्य भइरहेको । आइसीटी ल्याब निर्माण, विज्ञान प्रयोगशाला सञ्चालन, पुस्तकालय सञ्चालन, खेलमैदान निर्माण, हाजिरीजवाफ प्रतियोगितादेखि वादविवाद, वक्तृत्वकला प्रतियोगिता कार्यक्रम सञ्चालन, लैङ्गिकमैत्री शौचालय निर्माण, छात्राहरुका लागि सेनेटरी प्याडको व्यवस्थापन, शुद्ध पिउने पानीको व्यवस्था, स्वास्थ्य शिविर, पोषण कार्यक्रम, शिक्षामा निःशुल्क पाठ्यपुस्तक वितरण, दलित छात्रवृत्ति वितरणजस्ता कार्यक्रमहरु गरिएको ।<br>**उच्च शिक्षा**<br>• गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई प्राविधिक शिक्षा अध्ययनका लागि विशेष अनुदानका कार्यक्रमको व्यवस्था गरिएको ।<br>• क्याम्पस सञ्चालनका लागि विशेष अनुदान वितरण गरिएको ।<br>**पाठ्यक्रम तथा मूल्याङ्कन**<br>• स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्ने कार्य भइरहेको (कक्षा १- ८)<br>• विद्यालयहरुमा विद्यार्थीको सिकाइको अवस्था मूल्यांकन, अनुगमन शिक्षा शाखाबाट नियमित भइरहेको । माध्यमिक तहसम्मको निःशुल्क पाठ्यक्रम समयमा नै विद्यालयसम्म | आधारभूत तहका विद्यालय उमेर समूहका सबै बालबालिका विद्यालयको पहुँचमा ल्याउन सफल रहेको देखिन्छ ।<br><br>दमक नगरपालिकाभित्र रहेका माध्यमिक विद्यालयको शैक्षिक स्तर सुधारात्मक रहेको छ । केही विद्यालयमा अङ्ग्रेजी माध्यमबाट पठनपाठन, प्राविधिक धारको शिक्षासमेतको व्यवस्थापन गरिएको छ ।<br><br>उच्च शिक्षाका लागि छात्रवृत्ति कोटामा सिफारिश गरिएको । दमकमा रहेको क्याम्पसलाई आवश्यक अनुदानको व्यवस्था गरिएको ।<br><br>आधारभूत तह कक्षा ८ को परीक्षा प्रणाली व्यवस्थापन गरिएको । विद्यालयमा शैक्षिक क्यालेण्डर प्रकाशन गरी शैक्षिक गतिविधि गरिएको । |

| | | | |
|---|---|---|---|
| | | पुर्याउने कार्यमा सहजीकरण भइरहेको ।<br>**शिक्षक व्यवस्थापन र विकास:**<br>● विद्यालयमा विद्यार्थीको संख्या र विषयगत शिक्षकहरुको अवस्था हेरी दरबन्दी मिलान गरेको ।<br>● शिक्षकहरुलाई आवश्यक तालिमको व्यवस्थापन गरिएको । | आवश्यकता, अवस्थाअनुसार क्षमता विकास तालिम, सरुवा, बढुवा तथा दरबन्दी मिलानको कार्य भएको देखिन्छ । |
| शिक्षा गुणस्तर सुधारका प्रयास | **शैक्षिक समता र समावेशीकरण**<br>✓ शिक्षाको मूल धारबाट वञ्चित रहेका बालबालिकाहरूलाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्ने ।<br>**दिवा खाजा र स्वास्थ्य तथा पोषण कार्यक्रम**<br>● विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि व्यापारसँग जोड्ने ।<br>● सबै विद्यालयमा फोकल पर्सनको व्यवस्था तथा महिला स्वयम् सेवक परिचालन गर्ने ।<br>**विद्यालय भौतिक पूर्वाधार विकास**<br>✓ विद्यालय पूर्वाधारहरु लाई बालमैत्री, अपङ्गता र लैङ्गिक मैत्री आवश्यक मापदण्ड विकास र कार्यान्वयन ।<br>**शिक्षामा सूचना र प्रविधि**<br>✓ विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने । | **शैक्षिक समता र समावेशीकरण**<br>● दमक नगरपालिकाका विपन्न, दलित बालबालिकाहरुलाई शैक्षिक सामग्री, छात्रवृत्ति प्रदान गरिएको ।<br>● शिक्षाको मूल धारबाट वञ्चित रहेका बालबालिकाहरूलाई शिक्षामा पहुँच पुऱ्याउन विद्यार्थी भर्ना अभियान सञ्चालन गरिएको ।<br>● आवस्यक छात्रवृत्ति प्रदान गरिएको ।<br>**दिवा खाजा र स्वास्थ्य तथा पोषण कार्यक्रम**<br>● नगरका कक्षा १ देखि ५ सम्मका सबै विद्यालयमा दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषिसँग जोड्दै विद्यालयमा आधारित खाजा प्रणाली लागू गरिएको ।<br>● सबै विद्यालयमा फोकल पर्सनको व्यवस्था गरेको । सेनिटरी प्याड वितरण गरिएको तथा महिला स्वयम् सेविका आंशिक परिचालन गरिएको ।<br>**विद्यालय भौतिक पूर्वाधार विकास**<br>● दमक नगरभित्रका विद्यालयहरुमा थप कक्षाकोठा निर्माण, बालमैत्री, अपाङ्गता र लैङ्गिकमैत्री आवश्यक शौचालय निर्माण, आइसीटी ल्याब, विज्ञान प्रयोगशाल, पुस्तकालय निर्माण, खानेपानी, खेलमैदान, कम्पाउण्ड वालजस्ता भौतिक पूर्वाधारका आवश्यक निर्माण कार्य गरिएको । | समावेशी र समतामूलक शिक्षण सिकाइ, भाषाअनुसारको सिकाइप्रति पालिकाको चासो रहेको ।<br><br>दिवा खाजा कार्यक्रममार्फत् विपन्न समुदायका बालबालिकाको समेत शिक्षामा पहुँच वृद्धि भएको ।<br><br>समय सापेक्ष प्रविधिमा आधारित भौतिक संरचनाको निर्माणको कार्य भएको देखिन्छ ।<br><br>प्रविधिमा आएको |

| | | | |
|---|---|---|---|
| | | • **शिक्षामा सूचना र प्रविधि**<br>• IEMIS क्षमता विकास तालिम कार्यक्रम सञ्चालन ।<br>• Ict ल्याब निर्माण, तथा आवश्यक तालिमको प्रबन्ध गरिएको ।<br>• सबै विद्यालयमा इन्टरनेटको सुविधा ।<br>• विज्ञान प्रयोगशाला तथा पुस्तकालय व्यवस्थित गर्ने कार्य भएको । | परिवर्तनसँगै सामुदायिक विद्यालयलाई समेत प्रविधिमा आधारित सिकाइका प्रबन्धहरु गरिएको ।<br>कालो बोर्डबाट डिजिटल बोर्डमा प्रवेश गरिसकिएको । |

**सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्यमुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

- अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरी सामुदायिक विद्यालयप्रति आम अभिभावको सकारात्म सोचको विकास गराउने कार्य भएको ।
- शिक्षालाई आधारभूत तहमा सबैको पहुँचयोग्य बनाउँदै विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालयको पहुँच सुनिश्चित गर्ने गरी कार्य भएको ।
- शिक्षालाई सूचना, संचार प्रविधिसंग आवद्ध गर्दै विद्यालयहरुको पूर्वाधारको अवस्था हेरी प्राविधिक शिक्षाको सम्भावना अध्ययन गरि प्राविधिक शिक्षा विकासलाई प्राथमिकतामा राखिनु ।
- विद्यार्थी कम भएका, एक आपसमा भौतिक रुपमा नजिक रहेका विद्यालयलाई सम्भाव्यता अध्ययनको आधारमा कक्षा घटाउने, एक आपसमा समायोजन गर्दै ठूला विद्यालयको स्थापना र विकासमा जोड दिने नीति लिइएको ।

**आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :**

- समुदायका सचेत वर्गका बालबालिका सामुदायिक विद्यालयमा ल्याउन नसक्दा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा खबरदारीको कमीका कारण लगानीअनुसारको प्रतिफलमा कमी देखिन्छ ।
- सामुदायिक विद्यालयलाई समुदायको सम्पत्ति र संरक्षण अपनत्व ग्रहण गराउन नसक्दा शिक्षाप्रति नकारात्मक धारण बढेको देखिन्छ ।
- केही विद्यालयको भौतिक संरचना जीर्ण देखिन्छ । शुद्ध पिउने पानीको व्यवस्थापनमा कमि देखिन्छ ।
- बालकक्षामा भर्ना हुन आएका सामुदायिक विद्यालयका विद्यार्थी कक्षा १ मा भर्ना हुँदा धेरै घटेको देखिन्छ ।
- आधारभूत तहका सामुदायिक विद्यालयको शैक्षिक भौतिक अवस्था केही कमजोर देखिन्छ । यसलाई प्रतिस्पर्धी बनाउन नसक्नु ।
- आधारभूत तहमा कक्षा छोड्ने दर भेटिएको छ ।
- पछिल्लो समय सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार भए पनि समुदायमा त्यसको प्रचार गर्न नसकिएको देखिन्छ ।

**भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरु र सुझावहरु :**

- समुदायका नेतृत्व गर्न सक्ने वर्गका बालबालिकाहरुलाई सामुदायिक विद्यालयको पठनपाठनमा ल्याउन आवश्यक गतिविधि सञ्चालन गर्न आवश्यक देखिन्छ ।
- बालकक्षाबाट कक्षा १ मा जाँदा सामुदायिक विद्यालयमा विद्यार्थी घटेको देखिन्छ । यसका लागि कक्षा १ को पठनपाठनमा सुधारको नीति आवश्यक देखिन्छ ।
- कक्षा १ को भर्ना दर र कक्षा ८को उत्तिर्ण दरमा आएको अन्तरलाई ड्रपआउट बच्चाको खोजि कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ ।
- बढी विद्यार्थी भएका विद्यालयको भौतिक, शैक्षिक गतिविधिका लागि आवश्यक कक्षाकोठा थप, शिक्षक दरबन्दी मिलान गर्नुपर्ने देखिन्छ ।
- कम विद्यार्थी भएका र शिक्षक दरबन्दी बढी रहेका केही विद्यालयलाई ठूला र नजिकका विद्यालयहरुसँग मर्ज गरी आवश्यक गाडीको प्रबन्ध मिलाई शैक्षिक क्षेत्रमा जनशक्ति व्यवस्थापन र पठनपाठनमा सुधार गर्नुपर्ने देखिन्छ ।

## विषयगत शाखा/कार्यालयको नाम : (ग) कृषि शाखा

### पालिकास्तरिय नीतिहरु :

१) प्राङ्गारिक खेती प्रवर्द्धनका लागि प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादन र प्रयोगमा प्रोत्साहन गरिनेछ।

२) हालको खेती प्रणालीलाई व्यावसायिक खेती प्रणालीमा परिणत गर्न प्रोत्साहन गरिनेछ ।

३) वैदेशिक रोजगारबाट फर्केका र स्वदेशमै कृषि क्षेत्रमा संलग्न हुन इच्छुक युवाहरुका लागि प्रोत्साहन स्वरुप नगरबाट जमिन र अन्य खेती पद्धतिमा सहयोग गरिनेछ ।

४) अँधियाठेक्का र भाडामा जग्गा लिएर खेती गर्ने कृषक पहिचान गरी सहुलियत रुपमा सिज ,न अनुसार उन्नत बीउ, सिंचाई सुविधा र विद्युत महशुलमा समुचित छुट गरिनेछ ।

५) एक समुह एक उत्पादन ९इन्इए० कार्यक्रमलाई शुरुवात गरी त्यसलाई प्रोत्साहन गरिने छ ।

६) रोग किरा नियन्त्रणको लागि जैविक विषादी र सुरक्षित रसायनिक विषादी निःशुल्क उपलब्ध गराइने छ ।

७) बढी उत्पादन दिने स्थानीय तथा स्वदेशी बीउ प्रयोगमा प्रोत्साहन र प्रविधि प्रवर्द्धन गरी कृषकलाई विश्वस्त गराइनेछ ।

८) कृषि बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

९) आयातित बीउको समस्या न्युनीकरणको लागि सहकारी तथा समुहलाई मुल बीउ उपलब्ध गराएर उन्नत-बीउ उत्पादन गरी बीउमा आत्मनिर्भर बनाउन सुरुवात गरिनेछ ।

१०) प्राङ्गारिक तथा जैविक खेतीको महत्व र रसायनिक विषादीको प्रयोगले मानव स्वास्थ्य र जीवहरुमा पर्ने प्रभावबारे स्कुल, कृषकसमुह-, निजी फर्महरुलाई अभियानको रुपमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

११) Good Agriculture Practices लाई प्रभावकारी रुपमा पालना गर्न प्राविधिक तथा अन्य सेवा उपलब्ध गराइनेछ ।

## गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण :

| संचालित आयोजना/कार्यक्रम | लक्ष्य | क्रियाकलाप | उपलब्धि |
|---|---|---|---|
| प्रविधि र प्राविधिक सेवा उपलब्ध गराउने । | आय मुलक, आधुनिक, व्यवसायिक र मर्यादित तथा आधुनिकिकरण र यान्त्रिकरणमा जोड दिँदै उत्पादनशिल व्यवसायको रुपमा विकाश गरिनेछ । प्राविधिकहरु कृषकको खेतबारीमा पुगि खेति प्रविधि सम्बन्धि प्राविधिक सेवा दिने व्यवस्था मिलाउने । | ५० प्रतिशत अनुदानमा १३ वटा मकै छोडाउने मेसिन खरिद र ईलेक्ट्रोनिक पावर स्पे खरिद गरिएको ।<br>ब्यवसायिक कृषि फर्मले कृषि यान्त्रिकरणको प्रत्यक्ष लाभ लिएका ।<br>तरकारी खेतिमा आवद्ध २५ जना कृषकलाई प्लाष्टीक टनेल मर्मत र नयाँ खरिद गरि सहयोग गरेको ।<br>बर्षा याममा साग उत्पादन र हिंउदयाममा टमाटर तथा करेला काँक्रा खेति गर्न सफल । | दमक नगरपालिकाबाट किसानहरुका लागि प्रविधि हस्तान्तरण गरी कृषि लागतमा कमी आएको साथै उत्पादन वृद्धि भएको । |
| बाली बिकास कार्यक्रम | कम उत्पादन दिने बालिको सट्टा बढी उत्पादन दिने बालिको खोजि गरि उत्पादन बढाउन पकेट कार्यक्रम संचालन गर्ने । | बिनाशकारी रोग किरा नियन्त्रणको लागी प्रांगारिक तथा जैविक तथा रसायनिक बिषादि खरिद तथा बितरण।<br>३० घरधुरीले आधुनिक साना मेसिन औजार उपकरण प्रयोग गरेर लाभ लिइरहेका । साना औजार उपकरण अनुदान अन्तर्गत ५०% अनुदानमा १३ वटा मकै छोडाउने मेसिन, ६९ वटा विषादी छर्ने मेसिन, ड्याङ बनाउने ५१ वटा र झार तान्ने २५ वटा मेसिन वितरण गरिएको । २५ वटा टनेल तथा साना औजार उपकरण वितरण गरिएको । तरकारी तथा बाली विकास कार्यक्रम अन्तर्गत १,४१२ केजी उन्नत तोरीको बीउ र चैते धानको बीउ ७५% अनुदानमा वितरण गरिएको ।<br>आधुनिक साना मेसिन औजार उपकरण प्रयोग गरि कृषि यन्त्रिकरणको प्रतक्ष्य लाभ लिएका छन् । कृषकहरुलाई रोग किरा र | धान, आलु तथा तोरी उत्पादनमा वृद्धि भएको, नयाँ प्रविधिको प्रयोगका कारण श्रम लागत घटेको । |

| | | | |
|---|---|---|---|
| | | समस्या पहिचान गरि सुरक्षित बिषादी आवश्यकता अनुसार उपलब्ध गराईएको । | |
| आईपीएम पाठशाला | संचालन गर्ने । | माटो तथा मल परिक्षण प्रयोगशाला संगको समन्वयमा माटोको नमुना परिक्षण भएको छ ।<br>माटोको भौतिक सुधारको लागी ४० मे.टन कृषि चुन खरिद गरि निशुल्कः बितरण गरिएको जसबाट ५५ बिगाहा माटो सुधार गरिएको । | आवश्यक मल तथा विषादी निर्माणमा अनुदान समेत प्राप्त हुन थालेको । |
| कृषि तालिम सञ्चालन गर्ने । | आधुनिक प्रविधिको विकासका लागि कृषि तालिम संचालन गर्ने । तालिम प्राप्त कृषक बनाई कृषिमा आत्मनिर्भर बनाउने । | अर्गानिक तथा जैविक वनस्पति विषादी निर्माण सम्बन्धी तालीम प्रदान । कृषि र पशु पाठशाला तालीम संचालन गरिएको ।स्थानीय मिडियाबाट कृषि प्रसारका काम गरिएको । | जैविक कृषिप्रणालीमा सुधार आएको । |
| कृषि बिमा | कृषि बिमाको प्रवन्ध मिलाउने । | अगुवा किसान तथा निजी फर्महरुले बाली बीमा अवलम्बन गरेको देखिन्छ । | कृषि बिमा गर्नुपर्छ भन्ने चेतना प्रसार भएको । |
| अनुदान लक्षित कार्यक्रम | उत्पादन बृद्धि गर्न प्रविधि, सिँचाइका साधन, उन्नत जातका विऊ कृषकहरुलाई वितरण गरि स्वरोजगार निर्माण गर्ने | प्रविधि अनुदान, अन्नबाली तथा तरकारी बालीका विऊ अनुदान, प्लास्टिक टनेल अनुदान, मल्चिङ प्लास्टिक अनुदान, झोल मल, जैंविक युरिया अनुदान दिइएको । | उत्पादनमा वृद्धि भएको |

**सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्यमुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

- उन्नत जातका बीउ वितरण गरी बीउको समस्याप्रति राज्यको चासो बढेको ।
- प्रविधि हस्तान्तरणबाट लागत कम भई कृषकहरुको आयस्तरमा सुधार भएको ।
- सिँचाइ, अनुदानका कार्यक्रममार्फत् सिँचाइ सुविधको सहजता भई उत्पादन बढेको ।
- जैविक खेती प्रणालीका लागि बहुसंख्यक किसानलाई स्थानीय मल, विषादी, निर्माण गरी प्रयोग गर्ने वातावरण सिर्जना गरिनु ।
- किसानको उत्पादनलाई थप सुरक्षित गर्न माटोको नमूना परिक्षण गरी व्यावसायिक उत्पादनमा जान र रोग तथा कीराको व्यवस्थापन गर्न सहज भएको ।

**आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :**

- कृषकहरुमा परम्परागत खेतीप्रणाली नै विश्वास हुनु र कृषि व्यवसायलाई कृषि उद्यमको रुपमा पहिचान गर्न नसक्नु ।
- कृषकहरुमा चेतनको कमीका कारण सबै खाले कीरा हानिकारक नै हुन् भन्ने उद्देश्यले कडा विषादीको प्रयोगबाट मित्रजीवहरु नै शिकारमा परेको हुँदा मित्रजीव र शत्रुजीव पहिचान गरी अर्गानिक मोडलका विषादीहरु वा न्यून क्षमता भएका विषादीहरु प्रयोग नगरी कडा विषादी प्रयोग गर्दा प्राकृतिक चक्रमा नै समस्या देखिन्छ ।
- कृषकहरुमा रसायनिक मलमात्र ले उत्पादन वृद्धि हुन्छ रासायनिक मलबिना उत्पादन हुन्न भन्ने सोच विकसित हुँदै जाँदा माटोको उर्वरक्षमता ह्रास भई भावी उत्पादनमा समेत असर पर्ने हुँदा त्यसतर्फ किसान सचेत हुन नसक्दा रोगको जोखिम र माटोमा अम्लीयपन बढ्दै गएको देखिन्छ ।
- कृषिको रोजगारीलाई सम्मानित रोजगारीको रुपमा ग्रहण गर्न नसक्नु, राम्रो कमाइ हुँदाहुँदै पनि सानो कमाइ हुने रोजगारीप्रतिको आकर्षण देखिनु ।

**७. भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरु र सुझावहरु :**

- ❖ तल्लो तहका किसानको पहिचान गरी उनीहरुको समस्या कसरी राज्यबाट समाधान गर्न सकिन्छ भनी खोजी गरिनुपर्ने ।
- ❖ रैथाने बालीको बीउ संरक्षण गरी भावी पुस्तालाई हस्तान्तरण गर्ने कार्यक्रमको सञ्चालन गर्न आवश्यक देखिन्छ ।
- ❖ उन्नत बीउ समयमा नै व्यवस्थापन गर्न निजी क्षेत्रसँगको सहकार्य आवस्यक देखिन्छ ।
- ❖ निर्माण सम्पन्न भएका कृषि बजारलाई व्यवस्थित सञ्चालनको मापदण्ड बनाउन आवस्यक देखिन्छ ।
- ❖ करेसाबारी खेति प्रणाली र जैविक मल तथा विषादीको प्रयोग सम्बन्धि सचेतना मुलक कार्यक्रम सञ्चालन गर्न आवस्यक देखिन्छ ।

## विषयगत शाखा/कार्यालयको नाम : (घ) पशुपंक्षी शाखा

### पालिकास्तरीय नीतिहरु :

१) पशुआहारा आपूर्तिका लागि साझेदारीमा घाँसको बीउ वितरण गरिने छ ।

२) आन्तरिक तथा बाह्य परजिवी र महामारी रोग नियन्त्रणका लागि कार्यक्रम सञ्चालन गरिने छ ।

३) पशुपालन सम्बन्धी तालिमहरु सञ्चालन गरिने छ ।

४) माछापालन व्यवसायलाई प्रोत्साहन गर्न साझेदारीमा माछाको भुरा वितरण गरिने छ ।

५) विशेषज्ञद्वारा पशु औषधी पसलदाना पसल र , डेरी पसलहरुको अनुगमन तथा नियमन नियमित रुपले गर्ने व्यवस्था गरिने छ ।

६) पशुपन्छीको रोग निदानका लागि प्रयोगशाला सञ्चालनका लागि आवश्यक पहल गरिनेछ।

७) सामुदायिक कुकुरहरुको बन्ध्याकरण तथा व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

### गत आर्थिक वर्षमा संचालित योजना तथा कार्यक्रमको विवरण :

| आयोजनाको नाम | लक्ष्य | क्रियाकलाप | उपलब्धि |
|---|---|---|---|
| पशु विकास कार्यक्रम | दूध, फुल, मासुमा आत्मनिर्भरताका लागि यान्त्रिकरणमा जोड दिँदै व्यावसायिक रुपमा पशुपालन कार्यक्रम गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने ।<br>बंङ्गुरका साना व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम सञ्चालन गर्ने ।<br>व्यावसायिक गाई, भैसी, बाखा, कुखुरा र माछा पालन व्यवसायलाई प्रोत्साहन गर्ने ।<br>पोखरी संरक्षणबाट माछा उत्पादनमा जोड दिने । | पशुहरुमा कृत्रिम गर्भाधान मिसन कार्यक्रम सञ्चालन गरिएको । माछाका भूरा वितरण गरिएको । च्याफकटर वितरण गरिएको । प्रत्येक वडामा पशुपालन किसानलाई गोठसुधार, खोर सुधार, पोषिलो घाँस, सफा आहाराबाट मात्र उपयुक्त उत्पादन हुन्छ भन्ने पशु प्राविधिकहरुबाट सचेतना फैलाइएको । मासुका लागि राम्रा जातका पाठापाठी पालन गर्नुपर्छ भन्ने सन्देश पशु प्राविधिकहरुबाट दिइएको । | पशु विकास कार्यक्रम मार्फत पालिका भेगका नागरिकको जीवनस्तरमा परिवर्तन आएको । |
| पशु स्वास्थ्य कार्यक्रम | खोरेत रोग विरुद्धको खोप १२,०००, बाखामा पि.पि.आर. खोप १२,०००, बंगुरमा पि.पि.आर. ३,०००, लम्पीस्किन रोग विरुद्ध खोप ५,००० २१० वटा सामुदायिक कुकुर बन्ध्याकरण मार्फत् पशुहरुलाई उपचार सेवा दिइएको । | २१,००० बढी पशुपंक्षीहरुलाई खोप दिइएको ।<br>पशुमा देखिने माहामारी जन्य रोगहरुको रोकथामका लागि ठूला पशुमा खोरेत रोग विरुद्ध ८,११८, बाखामा पिपिआर ११,९०६, बंगुरमा स्वाइन फ्लु, २,०००, ठूला पशुमा रेविज रोग विरुद्धको खोप | पशुमा देखिने जटिल तथा सामान्य रोगहरुको समाधानका लागि पहल भएको । |

| | | | |
|---|---|---|---|
| | | ४८५ र ५०० वटा कुकुरलाई रेविज रोग विरुद्धको खोप कार्यक्रम सञ्चालन गरिएको ।<br>परजीवीविरुद्ध औषधी खरीद तथा वितरण, माइनर सर्जिकल औषधी खरीद तथा वितरण, गाइनोक्लोजिस्ट औषधी खरीद तथा वितरण, पंक्षी औषधी खरीद तथा वितरण, मत्स्य औषधी खरीद तथा वितरण, प्राथमिक उपचार औषधी खरीद तथा वितरण । | |
| पशु आहारा सेवा | उत्पादन वृद्धिका लागि पशु आहारा सेवा कायक्रम संचालन गर्ने । | पशु आहारा विकास कार्यक्रम अन्तर्गत ५० % अनुदानमा जै तथा वर्षिम घाँसको बीउ वितरण र टियोसेन्टी घाँसको बीउ १२७९ केजी वितरण गरी कृषक व्यवसायि लाभान्वित भएका । घाँसका बीउहरु, बिरुवाहरु, सचेतना कार्यक्रमहरुमा जात मात्र राम्रो भएर हुँदैन घाँस राम्रो चाहिन्छ अनि मात्र भने जति उत्पादन पाइन्छ, भन्ने उद्देश्य राखि उन्नत जातका घाँसका बिउहरु वितरण गरिएको । | कृषकमा उन्नत जातको घाँसको बिऊ बारे सोचको विकास भएको । |
| पशु स्वास्थ्य नियमन कार्यक्रम | पशु स्वास्थ्य नियमन अनुगमन, खोप कार्यक्रम संचालन गर्ने | दमक नगरपालिकाका पशु प्राविधिकबाट किसान तथा व्यावसायिक पशुपालक कृषककोमा आवश्यक स्वास्थ्य उपचार सेवा प्रदान गरिएको ।<br>समयसमयमा पशुहरुमा खोप लगाउने, जुकाको औषधी खुवाउने कार्य भइरहेको ।<br>विभिन्न समयमा भ्याक्सिनका कार्यक्रमहरु अभियानको रुपमा सञ्चालन गरिएको । | स्वस्थ पशु राम्रो उत्पादन भन्ने चेतना स्तरमा क्रमश: सुधार हुँदै आएको । |
| पशु सेवा प्रसार कार्यक्रम | पशु सेवा प्रसार कार्यक्रम सञ्चालन गर्ने | पशुको प्रजनन स्वास्थ्य, गाइनोक्लोजिस्ट सम्बन्धी कार्य गरिएको, भ्याक्सिनका कार्यक्रमहरु सञ्चालन गरिएको, विभिन्न समयमा तालीमहरु सञ्चालन गरिएको, पोषिलो घाँसको बारेमा चेतना फैलाइएको । पशुमा देखिने जटिलता तथा सामान्य स्वास्थ्य समस्याका लागि सञ्चारमाध्यममा सूचना प्रकाशन गरी जानकारी दिइएको । | पशु पनि मानिस जस्तै हो । उनीहरुका पनि समस्या पहिचान गरी उत्पादन वृद्धि गर्नुपर्दछ भन्ने किसानमा सचेतना जागेको । |

**सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य-मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

- उन्नत जातका पशु वृद्धि गरी दूध तथा मासु उत्पादन वृद्धिका लागि कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालनमा रहनु ।
- उत्पादन वृद्धि गर्दै किसानको आयस्रोतमा सुधार गर्न प्रयो गरिरहेको घाँसभन्दा पोषिलो घाँसको बीउ वितरणको कार्य गरिएको ।
- महामारी रोग नियन्त्रण तथा व्यवस्थापनका लागि पशुमा खोप तथा भ्याक्सिन कार्यक्रम सञ्चालन गरिनु ।
- किसानको पशुधनको सुरक्षा गर्न पशु प्राविधिकदेखि विशेषज्ञ सेवा घरदैलोसम्म पुर्याउने कार्य भएको साथै प्रयोगशाला सेवा र गाइनो सेवा प्रदान गरिएको ।

**आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :**

- पशुहरुमा जटिल स्वास्थ्य समस्या आएपछि मात्र पशु स्वास्थ्य प्राविधिकहरुलाई खबर गरिनु, जसबाट पशुधनको क्षति ज्यादा रहनु ।
- युवालक्षित व्यवसायिक फर्महरु संचालनमा आए पनि अनुदान केन्द्रित कार्यक्रमप्रति केन्द्रित हुनु ।
- उत्पादन भएर पनि मासु तथा दुग्धजन्य पदार्थको उचित मात्रामा मुल्य पाउने समस्या रहनु ।
- दमक नगरपालिकाका बहुसंख्यक किसानहरुले परम्परागत तथा निर्वाहमुखी पशुपालन प्रणालीमै विश्वास गर्नु ।

**भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरु र सुझावहरु :**

- नव प्रवर्तनकारी युवा तथा उद्यमी र बैदेशिक रोजगारबाट फर्केका अनुभवी तथा सीपयुक्त उद्यमशिल युवाहरुलाई उद्यम ब्यावसाय सुरु गर्न व्यवसायिक योजनाका आधामा सुरुवाति पूँजी उपलब्ध गराउनुपर्ने ।
- पहिचानको रुपमा रहेको दमकको पशु बजारलाई व्यवस्थित गर्न आवश्यक देखिन्छ ।
- हाल उत्पादन भइरहेको मासु, दूध, अण्डाजन्य वस्तुको वास्तविक तथ्याङ्क राखी कुन क्षेत्रमा के वस्तुको आवश्यकता छ र कुन क्षेत्रमा के सहयोगको कमीले उत्पादनमा समस्या छ भन्ने दीर्घकालीन समाधानको सोच आउन जरुरी देखिन्छ ।
- तल्लो वर्गमा अनुदानका कार्यक्रमहरु पुग्न सके नसकेको अनुगमन गर्न आवश्यक देखिन्छ ।
- उत्पादन भएर पनि मासु तथा दुग्धजन्य पदार्थको उचित मुल्य व्यवस्थापन गर्न सुझाव दिइन्छ ।

## सहकारी शाखा

जम्मा सहकारी ७९ वटा
सञ्चालनमा रहेका सहकारी ७६ वटा
विवरण पेश गर्ने सहकारी ५६ वटा
जम्मा शेयर सदस्य ५०,५५६ जनामध्ये पुरुष २५,७९७ र महिला २४६७९
सहकारीबाट रोजगारीः ३०३ जना
५१ करोड १९ लाख रुपैयाँ शेयरपूँजी

# अनुसूची ९ को ७
# सामाजिक परीक्षणबाट देखिएका सबल पक्षहरु

**दमक नगरपालिकाको सामाजिक परीक्षणका क्रममा देखिएका सबल पक्षहरु निम्नानुसार उल्लेख गर्न सकिन्छ**

**उद्देश्यहरु हासिल गर्न प्राथमिकता निर्धारण गरिएको**

- नागरिक बडापत्र, नगर प्रवक्ता, गुनासो सुन्ने अधिकारी, सुझाव पेटिका, सूचना अधिकारीको व्यवस्था भएको ।
- दमक नगरपालिकाले आ. व. २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट टोल विकास संस्था, वडास्तरीय हुँदै छनौट गरी कानुनले तोकेअनुसारका समितिमा छलफल गर्दै कार्यपालिकाबाट अनुमोदन गरी नगरसभाबाट पास भई सञ्चालन गरेको ।
- चौमासिक समीक्षा, वार्षिक समीक्षा, चौमासिक सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, वेबसाइट सञ्चालन भएको ।
- वडा कार्यालय, स्वास्थ्य संस्थामा डिजिटल प्रविधिको प्रयोग गरी राजश्व संकलनको कार्य भएको ।
- बजेट नीति तथा कार्यक्रम वेबसाइट, सञ्चारमाध्यम र बुकलेटमा प्रकाशन गरिएको पाइयो ।
- दमकलाई क्षयरोग मुक्त बनाउने, कुष्ठरोग हटाउने अभियान, नसर्ने रोगहरु सम्बन्धी स्वास्थ्य कार्यक्रम, जेष्ठ नागरिकहरुको स्वास्थ्य प्रवर्द्धन, गर्भवती महिलालाई नि:शुल्क रुपमा क्याल्सियम ट्याब्लेट र आइरन चक्की उपलब्ध गराउने व्यवस्था, ४ पटक गर्भ जाँच प्रोत्साहन कार्यक्रम, सुत्केरी प्रोत्साहन कार्यक्रमबाट नागरिकले लाभ लिइरहेका ।
- स्वस्थ जीवनका लागि दमकको अर्गानिक तरकारी उत्पादन गरी जैविक विषादीको प्रयोग, नि:शुल्क माटो परीक्षण, सिँचाई मोटरमा सहयोग कार्यक्रम, किसानहरुलाई कृषि बिमा, किसान कोर्ड, धान उत्पादन प्रवर्द्धन कार्यक्रम, कृषकलाई यन्त्रिकरणमा सहयोग, कृषि बजार पूर्वाधार निर्माण तथा सञ्चालन कृषक पाठशाला संचालन, साना व्यवासायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम, कृषी मेला, कृषी प्रदर्शनी, विषादी प्रयोग मुक्त सप्ताह तथा किसान दिवस, बाली उपचार शिविर जस्ता कार्यक्रमहरु शुरु भएका ।
- दमक नगरभित्रका नागरिक स्वास्थ्यको पहुँचबाट वञ्चित नहुन भनी नगर अस्पतालाट विषेशज्ञ सेवासहित सबै वडामा शहरी, आधारभूत गाउँघर क्लिनिक, खोप केन्द्र स्थापना भई सेवा प्रवाह भइरहेको ।
- उज्यालो दमक निर्माणका लागि सडक बत्तीको पोल नम्बरी र टोल विकाससँग साझेदारीको कार्य प्रारम्भ गरिएको ।
- दमक नगरभित्रका बालबालिकाको शिक्षामा पहुँच अभिबृद्धि गर्न विपन्न तथा दलित छात्रबृत्ति, दिवा खाजा, नि:शुल्क पाठ्यपुस्तक र शैक्षिक सामग्रीको व्यवस्था भएको ।
- शैक्षिक गुणस्तर सुधारका लागि आइ.सि.टी. ल्याव, अंग्रेजी माध्यमको पठन-पाठनको शुरुवात भएको ।
- दमक नगरपालिकाको आन्तरिक श्रोत पहिचान गर्दै आर्थिक विकासका लागि सम्पति कर, ठेक्का कर, हाटबजार कर, व्यवसाय कर, घरनक्सा पास दस्तुर, लगायत करको दायरा बृद्धि गरि आन्तरिक श्रोतमा सुधार को नीति रहेको ।

- फोहोरमैला व्यवस्थापनमा त्रिपक्षिय सम्झौता भई श्रोतबाट नै फोहोर वर्गिकरण गरी उर्जा र मल उत्पादनको कार्यको प्रारम्भ भएको ।
- नगरपालिकाले गरेका आयोजनाहरु संचालन गर्दा स्थानीय सरकार संचालन ऐन तथा नियमावली तथा आर्थिक प्रशासन नियमावलीहरुलाई ध्यानमा राखेर अगाडी बढ्नु ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम, शिपमुलक तालिम संचालन गरी स्वरोजगार तथा दक्ष नागरिक उत्पादन गर्ने कार्य भएको ।
- शहरी विकास अन्तर्गत दमक सभाहल, दमक भ्युटावर, नेपाल-चाइना इन्डष्ट्रियल फ्रेण्डशिप पार्क संघीय सरकारका गौरवका आयोजना तथा दमकको सम्पत्तिलाई सञ्चालन तथा व्यवस्थापनको प्रवन्धको खोजी भएको ।
- दमक विकासका दृष्टिकोणले कृषि, पशु, स्वास्थ्य, शिक्षा, मानव संसाधन विकास, विपद् न्युनिकरणको क्षेत्रमा कार्य प्रारम्भ भएको देखिन्छ ।
- मुख्य शहरी क्षेत्रका निजी तथा सामुदायिक भवनहरुको अण्डरग्राउण्ड पार्किङ योजना तय गरिएको ।
- फाल्गुनन्द बसपार्कको डि.पि.आर. तयार भई बहुआयामिक कार्यको लक्ष्य राखिएको ।
- दमक नगरपालिकाले पशु बिमा कार्यक्रम, चिलिङ भ्याट अनुदान, मासु पसल सुधार कार्यक्रम, पशु स्वास्थ्य शिविर संचालन, खोप कार्यक्रम, कुकुरको बन्ध्याकरण कार्यक्रम, दाना आत्मा निर्भर कार्यक्रम, कृत्रिम गर्भाधान सेवा, मासुमा आत्मानिर्भर बनाउन माछाका भुरा अनुदान लक्षित कार्यक्रम भएका ।
- विपद पूर्वतयारी अन्तर्गत विपद् न्युनिकरण, सचेतना,उद्दारका सामग्री र पूर्नस्थापनासम्मका क्रियाकलाप आंशिक प्रारम्भ भएको ।

## अनुसूचि ५ को ४

### दमक नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सामाजिक परीक्षण गर्ने क्रममा देखिएका उपलब्धिहरु :

- स्वस्थ समाज र भोलिका भविष्य निर्माण गर्न सबै बालबालिकाहरुलाई आवश्यक खोप पूरा गर्न खोज र खोपको नीति अनुरुप घरदैलो सर्भेक्षण गरी छुटेका १४ बालबालिका र खोपै प्राप्त गर्न नसकेका १ बालबालिकालाई खोपाउने कार्य पूरा गरी पूर्ण खोप सुनिश्चित पालिका घोषणा गर्न सफल भएको ।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिकहरुको घरदैलोमै गई स्वास्थ्य उपचार गरी आवश्यक औषधी तथा अपाङ्गता भएकाको लागि सहायक सामग्री वितरण कार्य गरिएको ।
- जन्मपश्चात् आमा र बच्चाको स्वास्थ्य र पोषणको अवस्था विश्लेषण गर्न स्वास्थ्यकर्मीहरु सुत्केरी घरभेट पिएनसी भिजिट गरी आमा र बच्चाको स्वास्थ्य विश्लेषण गरिएको ।
- ल्याब सेवा सञ्चालनका लागि आवश्यक उपकरणको व्यवस्था विभिन्न स्वास्थ्य संस्थाहरुमा गरिएको ।
- पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ सबै वडाहरुमा सञ्चालन गरी स्वास्थ्य सेवाको कार्य गरिएको ।
- आधारभूत स्वास्थ्य उपचारको पहूँच सुनिश्चित गर्न १० बटै वडामा आवस्यक शहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना गरी भौतिक रुपमा आफ्नै भवनबाट सेवा प्रवाह गर्दै आधा घण्टाभित्र आधारभूत स्वास्थ्य उपचारको पहुँच सवै नागरिकमा सुनिश्चित गर्न सफल रहेको ।
- स्वास्थ्यमा विशिष्ट सेवाको लागि नगर अस्पताललाई व्यवस्थित गदै बर्थिङ्ग सेन्टर, विशेषज्ञ सेवा बाट नागरिकको स्वास्थ्य उपचारमा उल्लेख सफलता हात पार्न सफल देखिन्छ ।
- प्रोटोकल गर्भजाँच संस्थागत सुत्केरी र खोप कार्यक्रम जनताको पहुँच योग्य बनाउदै लक्ष्य भन्दा बढी उपलब्धि हासिल गर्न सफल देखिन्छ ।
- सबै स्वास्थ्य संस्थाबाट प्रदान गरिने निःशुल्क औषधी र सुरक्षित गर्भपतन सेवा प्रभावकारी रुपमा संचालन भएको देखिन्छ ।
- बालशिक्षामा भर्ना हुने उमेर समुहका सबै बालबालिका आधाधण्टा भित्र विद्यालयको पहुँचमा रहेको अवस्था देखिन्छ भने त्यस उमेर समुहका सबै बालबालिका शतप्रतिशत विद्यालयमा भर्ना गराउन सफल रहेको अवस्था देखिन्छ ।
- विद्यालयमा पिउने पानी, शौचालय, विद्यालयसम्म पुग्ने पहुँच मार्ग निर्माण गरी आधारभूत आवश्यकता सुनिश्चित भएको देखिन्छ ।
- शिक्षाको गुणस्तर सुधारका लागि प्रयोगशाला पुस्तकालय I.C.T ल्याव प्रविधि डिस्प्ले बोर्डजस्ता प्रविधि साथै इन्टरनेटको प्रवन्ध मिलाउन सफल देखिन्छ ।
- सबै सामुदायिक विद्यालयमा आवश्यक आवश्यकता र अवस्था हेरी विद्यालयलाई चाहिने आवश्यक शैक्षिक सामग्री मर्मत सम्भार नयाँ निर्माण छात्रावृद्धि प्रदान गरिएको देखिन्छ ।
- आधा घण्टाभित्र पालिकाबासी कोही पनि नागरिक अब विद्यालयको पहुँचभन्दा बाहिर नरहेको पालिका बनाउन सफल भएको देखिन्छ ।

- विद्यालय उमेर समूहका आधारभूत तहका कोही पनि बालबालिका विद्यालयको पहुँचबाट टाढा नरहेको र सबै भर्ना भएको नतिजा आएको देखिन्छ ।
- आधारभूत तहमा दलित बालबालिकाको शिक्षाको पहुँचका लागि दलित छात्रवृत्ति र दिवा खाजा कार्यक्रम सञ्चालन गरी कोही पनि बालबालिका विद्यालय आउनबाट वञ्चित नरहेको पालिका रहेको देखिन्छ ।
- सबै विद्यालयमा खानेपानी, इन्टरनेट, बिजुलीबत्ती, आवश्यक भवन, आधारभूत खेलमैदानको सुनिश्चितता भएको देखिन्छ ।
- केही विद्यालयमा बाहेक पुस्तकालय, विज्ञान प्रयोगशाला, आइसीटी ल्याब, लैङ्गिकमैत्री शौचालयसम्मको व्यवस्थापन भई केही विद्यालयमा प्राविधिक धारको शिक्षण सिकाइसमेत भई कक्षा सञ्चालन भएको देखिन्छ ।
- बालमैत्री पालिका निर्माणका लागि सबै विद्यालयमा बाल क्लब वडास्तरीय बाल संजाल र पालिका स्तरीय बाल संजाल सक्रिय अवस्थामाा रहेको देखिन्छ ।
- दमक नगरपालिकाले मेडिकल अफिसर सहितको स्वास्थ्य सेवा र बीमा कार्यक्रम आफ्नै पालिका अस्पताल सञ्चालन गरी सेवा प्रवाह गर्न सफल भएको देखिन्छ ।
- सरकारको राष्ट्रिय लक्षअनुसार पूर्ण खोप सुनिश्चितता पालिका घोषणा भई दिगोपनाका रणनीतिहरु समेत अवलम्बन गरेको देखिन्छ ।
- सुरक्षित मातृत्व कार्यक्रमअन्तर्गत गर्भजाँच, संस्थागत सुत्केरी, कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरी घरमा सुत्केरी गराउने आमाहरुको संख्या र गर्भजाँच गर्ने आमाहरुको संख्यामा नतिजाको नजिक पुगेको देखिन्छ ।
- विपन्न परिवारको स्वास्थ्यमा पहुँच स्थापित गर्न विपन्न परिवारलाई स्वास्थ्य बीमा कार्यक्रममा लाग्ने खर्च अनुदान दिई तल्लो वर्गका मानिसहरुको स्वास्थ्य उपचारको पहुँचका लागि कार्य भएको देखिन्छ ।
- वडा कार्यालयमा स्तनपान कक्ष निर्माण गरिएको ।
- समुदायमा अति शीघ्र कुपोषण लागेका बालबालिकाको व्यवस्थापन गर्न सफल रहेको ।
- पूर्वाधार विकासतर्फ सबै वडाबाट स्वास्थ्य संस्था, विद्यालय, स्वास्थ्य उपचार केन्द्र, कृषि केन्द्रसम्म जानको लागि पहुँच मार्ग, पुलपुलेसा, कल्भर्ट निर्माणमा निरन्तरता दिँदै पालिकावासी नागरिकको सहज यातायातको पहुँच सुनिश्चित भएको देखिन्छ ।
- स्थानीय उत्पादनलाई उचित बजारीकरणका लागि विभिन्न ठाउँहरुमा कृषि बजार स्थापना तथा निर्माण कार्य सम्पन्न चरणमा रहेको देखिन्छ ।
- कृषकहरुको बालीमा देखिएका रोगकिरा व्यवस्थापन तथा दिगो समाधानका लागि जैविक निम तेलको प्रयोग प्रारम्भ भएको देखिन्छ ।
- कृषिमा यान्त्रीकरण, सिँचाइ सुविधामा सहजताका लागि यान्त्रीकरण बस्तु अनुदानका निम्ति अवलम्वन गरेको देखिन्छ ।
- कृषकहरुको खेतबारीमै गई प्राविधिकहरुबाट रोग, कीराको व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने स्थलगत रुपमा सेवा प्रवाह गरिएको ।

- बाली विकासका लागि उन्नत जातको बिउ माटोको गुणस्तरका लागि माटो जाँच र रोग किराको व्यवस्थापन तथा न्यूनिकरणका लागि लागि प्राविधिक सेवा किसानको घरसम्म पुऱ्याउने कार्य भएको देखिन्छ ।
- कृषि गुरुयोजना तयार भएको र यसबाट कृषि रणनीति र कार्यक्रमहरु तय गर्न सहज भएको छ ।
- कृषि बालीका लागि धान पकेट, तोरी पकेट, आलुको बीउ उत्पादन कार्यक्रम सञ्चालन गरी कृषिलाई संस्थागत तथा व्यावसायिक बनाउन खोजिएको छ ।
- माटोको गुणस्तर मापन गर्न कृषकको माटो नमूना परीक्षण गर्दै त्यसका लागि चाहिने आवश्यक कृषि चुनको व्यवस्थापन गरिएको देखिन्छ ।
- जैविक मल तथा विषादी बाह्रै महिना किसानले चाहेको बखतमा निःशुल्क रुपमा प्राप्त गर्न सकिने पद्धतिको व्यवस्थापन गरिएको छ ।
- पशु विकास कार्यक्रमअन्तर्गत उत्पादन वृद्धिका लागि बाह्रै महिना नश्ल सुधारका कार्यक्रम सञ्चालन गरी उन्नत पशुहरु वृद्धि विकास गरिएको र उत्पादनमा वृद्धि भएको
- सामुदायिक कुकुरहरुको बन्ध्याकरणमार्फत् सामुदायिक कुकुरहरुबाट हुने पशु चौपायाको हानी तथा रेबिजजन्य रोगको रोकथाम तथा न्यूनीकरणमा सफलता प्राप्त भएको
- पशु विकास कार्यक्रम अन्तर्गत नश्ल सुधार कार्यक्रम प्रभावकारी संचालनमा रहेको देखिन्छ ।
- पशु स्वास्थ्य नियमन, उपचार खोप कार्यक्रम अन्तर्गत बहुसंख्यक किसानका पशुहरुमा देखिन्छ जहिले तथा सामान्य रोगको रोकथामका लागि आवश्यक खोप कार्यक्रम प्रभावकारी रुपमा संचालन भएको देखिन्छ ।
- पशुको उपचार सेवा आधारका लागि पशु प्राविधिकहरुले घर घरमै उपचार सेवा प्रदान गर्ने कार्य गरेको देखिन्छ । पशु आहारमा आवश्यक पोषिला घाँसका बिउ अनुदानमा वितरण गरेको देखिन्छ ।
- रोजगार बेरोजगारहरुको सूचिकृत गरी सूचिकृत बेरोजगारहरुलाई छोटो समयमा रोजगार दिएको साथै कृषि पशु र विभिन्न सामग्रीहरु अनुदानमा वितरण गरिएको वडा कार्यालय, सिटिईभिटि इभेन्ट समृद्धि परियोजनाका कार्यक्रमबाट विभिन्न सीपमूलक कार्यक्रम संचालन गरी क्षमता अभिवृद्धि तथा स्वोरोजगार निर्माण गर्ने कार्य गर्न सफल भएको देखिन्छ ।
- बस्ती विकास भवन निर्माण अन्तर्गत घरहरुको अभिलेखीकरण नक्सापासलगायत कार्य गरी बस्ती विकासलाई व्यवस्थित गर्न प्रयत्न गरेको देखिन्छ ।
- संघीय आयोजना अन्तर्गत ढल निकास तथा फोहोरमैला व्यवस्थापनको कार्यमा निरन्तर रुपमा संचालन भएको दखिन्छ ।
- सहकारीहरुको नियमन व्यवस्थापन तथा अनुगमनको कार्य गर्न सफल देखिन्छ ।
- विभिन्न समयमा आएका उजुरीहरु मेलमिलाप गराई न्यायिक सम्पादन गर्न उल्लेख उपलब्धि हासिल भएको देखिन्छ ।
- अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यक्रमबाट अपाङ्गता भएका नागरिकहरुको आवश्यक सहजीकरण गर्न सफल देखिन्छ ।
- विपद् व्यवस्थापन तथा न्यूनिकरणका लागि आवश्यक ठाउँहरुमा तटबन्धन लगायत कार्य भएको देखिन्छ ।

# अनुसूचि ९ को ८

## सामाजिक परीक्षणबाट देखिएका चुनौती र कमजोरीहरु :

- दमक नगर अस्पतालको सेवा प्रवाहलाई भिड व्यवस्थापन र व्यवस्थित शौचालयको आवस्यक प्रवन्ध मिलाउने पक्षमा सानातिना कमजोरीहरु रहेको ।
- पालिकाभित्र रहेका शहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्रहरुको सेवा प्रवाहको आवस्यक प्रचारमा कमि रहेको ।
- संस्थागत सुत्केरीलाई शतप्रतिशत बनाउने लक्ष रहेको भए पनि १० जना आमाहरुलाई स्वास्थ्य संस्थाको पहुँचमा ल्याउन नसक्नु ।
- खोप, गर्भजाँच, स्वास्थ्य उपचार, संस्थागत सुत्केरीको लक्ष र उपलब्धिमा देखिएको फरकलाई हेर्दा स्थानीय तहले लक्ष र उद्देश्य स्थानीयकरण गर्न नसक्दा नतिजामा फरक देखियो ।
- विद्यालयको आधारभूत आवस्यकता पिउने पानी, शौचालय मर्मत, रङ्गरोगनको सानातिना समस्याले विद्यालयलाई सताइरहेको अवस्थामा आवस्यक प्रवन्ध गर्न नसकिएको देखिन्छ ।
- विद्यालय भर्ना अभियान सञ्चालन भएपनि विद्यालय प्रति आकर्षक कार्यक्रम नहुँदा निजि विद्यालयमा विद्यार्थीको चाप बढी र सामुदायिक विद्यालयमा केही विद्यालय बाहेक विद्यार्थी संख्या न्युन रहनु ।
- आधारभूत तहमा कक्षा छोड्ने दर पर्याप्त मात्रामा भेटिएकोले कक्षा छोड्ने कारण, छोडेको संख्या र आगामी कार्यक्रम प्रष्ट नीति तथा कार्यक्रम नभएको देखिन्छ ।
- दिवा खाजा र विद्यार्थीको विद्यालय नियमितताको आवस्यक अनुगमन हुन नसकेको ।
- विभिन्न तालिम मार्फत शिप विकास तथा व्यावसायिक र रोजगार मुलक कार्यक्रम सञ्चालन भएपनि अनुगमन गरी रोजगारीको विवरण खोजी हुन नसकेको ।
- शहर सौन्दर्यीकरण र शहरभित्रका भत्किएका सडकहरुको समयमा मर्मत सम्हार गर्ने कार्य पर्याप्त हुन नसकेको ।
- खानेपानी, ढल, सडकबिचको आवस्यक एकिकृत योजना निर्माण हुन नसक्दा बन्ने र भत्कने जस्ता कार्यले निरन्तरता पाइरहेको ।
- विपद व्यवस्थापनका लागि पूर्व तयारी, प्रतिकार्य, न्युनिकरणका ठोस योजना समावेस हुन नसकेको ।
- ढल निकास, सडक र पालिका बिचमा आवस्यक समन्वयबाट निर्माण सम्पन्न भएका ढल व्यवस्थापनको दिर्घकालिन सोच अनुसार आवस्यक समन्वयमा कमि रहेको ।
- उत्तरमा रहेको व्यावसायिक टावर र दक्षिणमा रहेको अन्तरराष्ट्रिय सभाहलको स्वामित्व ग्रहण गरी योजना अनुरुप कार्य हुन नसकेको ।

## अनुसूची-९ को ९ संग सम्बन्धित

## सामाजिक जिम्मेवारी पूरा गर्न दमक नगरपालिकाले चाल्नुपर्ने कदम तथा सुझावहरु :

- पूर्वकै उज्यालो शहरको रुपमा रहेको दमक नगरको सौन्दर्यलाई थप व्यवस्थित गर्न भत्किएका सडक मर्मत, वृक्षरोपण र शहर सौन्दर्यीकरणमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।
- ढल निकास तथा फोहोर व्यवस्थापन अन्तर्गत ढल निकासको क्षेत्रमा देखिएका स-साना समस्याहरुलाई समयमै योजना सम्पन्न हुनुपूर्व नै व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।
- लक्ष्यको दोब्बर बढी संस्थागत सुत्केरीमा नतिजा आए पनि घरमा सुत्केरी हुनेहरुको संख्या देखिएकोले थप सचेतनाका कार्यक्रम सञ्चालन गरी संस्थागत सुत्केरी गराई वाल तथा मातृ मृत्युदरमा शुन्य बनाउन आवस्यक कार्यक्रम सञ्चालन गर्न आवस्यक देखिन्छ ।
- स्वास्थ्यका राष्ट्रिय लक्ष्यलाई स्थानीयकरण गरी वडा तथा टोलको अवस्था सहितको सर्वेक्षणबाट लक्ष्य निर्धारण गर्न आवस्यक देखिन्छ ।
- नगर अस्पतालको सेवा प्रभावकारी रहेकोले आन्तरिक व्यवस्थापन, साना मर्मत जस्ता विषयमा थप सक्रिय रहन आवस्यक देखिन्छ ।
- शहरी र आधारभूत स्वास्थ्य संस्थाको सेवा प्रवाहलाई थप प्रचारात्मक क्रियाकलाप सञ्चालन गरी यहीँबाट स्वास्थ्य उपचार पाइन्छ भन्ने सोचको विकास गर्न आवस्यक देखिन्छ ।
- दमक नगरपालिकाले आधारभूत तहका सामुदायिक विद्यालयको भौतिक, शैक्षिक, प्रशासनिक सुधारसँगै शैक्षिक गुणस्तर र कक्षा छोड्ने दर देखिएको हुँदा कक्षा छोड्ने दरमा कमि ल्याउन आवश्यक बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गर्न आवस्यक देखिन्छ ।
- राजश्व सम्भाव्यता अध्ययन गरी कार्यान्वयनमा ल्याउन आवस्यक देखिन्छ ।
- माटो ल्याव र माटो परीक्षणलाई वडास्तर बाट नै अभियानको रुपमा माटो सुधार कार्यक्रम ल्याउन आवस्यक देखिन्छ ।
- संविधानको अनुसूची ८ को २२ वटा अधिकार र अनुसूची ९ का साझा अधिकार कार्यान्वयनमा ल्याउन ऐन, कानुन, कार्यविधि निर्माण गरि दिर्घकालिन तथा आवधिक योजना निर्माण गरि ३ वर्षमा पुग्ने ५ वर्षमा पुग्ने गन्तव्य र योजना प्रक्षेपण गरि कहाँबाट हिड्ने र कहाँ पुग्ने लक्ष्य निर्धारण गर्न आवस्यक देखिन्छ ।
- ३ बर्षमा हुने खर्चको प्रक्षेपण मध्यकालिन खर्च संरचना MTEF तयार गरि साधारण खर्चको दायित्व, प्रतिवद्धता सिमा भन्दा माथि भई वित्तिय अनुसाशन बिग्रन सक्ने अवस्था सुधार गर्न आवस्यक देखिन्छ
- नदीको कारण यहाँको जनताले वर्षेनी कटान र बाढीको प्रकोप व्यहोर्नु परेको छ । प्राकृतिक स्रोत उत्खननका लागि वातावरणीय इन्जिनियरको व्यवस्थापन गर्न आवश्यक देखिन्छ ।
- खाद्य गुणस्तर परीक्षण तथा नियन्त्रण हुन नसकेको कारण खाद्य पर्दाथमा विषादी, अखाद्यवस्तु र मिसावटयूक्त पर्दाथको प्रयोग भईरहेको छ । माथि उल्लेखित कामहरुको कार्यान्वयनमा लाग्नुपर्ने देखिन्छ ।
- यस नगरपालिकामा सुदृढ औद्योगिक र व्यापारी आधारशिला नभएका कारण बेरोजगारी समस्या बढ्दै गईरहेको छ ।

- सामुदायिक विकासतर्फ शैक्षिक गुणस्तरका लागि पालिका भित्र रहेका आयश्रोत नभएका विद्यालयहरुलाई आधारभूत प्रशासनिक खर्च व्यवस्थापन गरि मनोबल बढाई शैक्षिक गुणस्तर सुधार गर्न ध्यान दिनुपर्ने देखिन्छ ।
- आधारभूत स्वास्थ्य सेवा पुऱ्याउन सकिए पनि हाम्रो स्वास्थ्य उपचारमा विश्वास दिलाउने खालका स्वास्थ्य सेवा प्रदान गर्न कठिन हुँदा शहर केन्द्रित महङ्गा अस्पतालहरुमा सेवा लिन गइरहेको देखिन्छ ।
- पकेट कार्यक्रमको उपलब्धी अनुगमन गर्नुपर्ने देखिन्छ ।
- दिगो विकासका पाँच स्तम्भहरु अनुसार बिभिन्न बिषयगत समिती जनतासँग साझेदारी प्रकृति श्रोत साधन उपभोग र संरक्षण मानव विकास शान्ती  र समृद्धि सहितको दिगो विकास र योजनाबद्ध विकासमा स्थानीयकरण गर्न आवस्यक देखिन्छ ।
- कृषि रोजगारको नारालाई सफल पार्न कृषि तथा पशुपालनलाई व्यवसायिक बनाउँदै सरकारले प्रदान गर्ने सहुलियत उद्यमशिल कर्जा लगानीको वातावरण श्रृजना गर्दै कृषिबाट रोजगार उत्पादित बस्तुको उचित मुल्य सहितको व्यावसायिक उत्पादनमा जोड दिन सुझाव दिइन्छ ।
- माछा, बाखा, कुखुरा, बंगुर पालन कार्यक्रम सबै वडामा विस्तार गरी मासु उत्पादनमा आत्मनिर्भर तथा निर्यातमा जोड दिन सुझाव दिइन्छ ।
- नव शिशु जाँच पर्तालिलाई सुनौलो हजार दिनमा आमाहरु प्रतिका कार्यक्रमको नतिजामा अनुगमन गर्न सुझाव दिइन्छ ।
- जनताको सबै भन्दा नजिकको सरकार स्थानीय सरकार हो । बजेट खर्च र आन्तरिक नियन्त्रण प्रणाली कमजोर देखिन्छ । वार्षिक खर्चको लेखा परीक्षण महालेखा परीक्षकले औल्याएका व्यहोराको फरफारक गर्ने काम नगरपालिकामा नै निहित रहेको हुँदा नियन्त्रण र सन्तुलन एवं वित्तिय जवाफदेहिताको मान्य सिद्धान्त उपेक्षित देखिन्छ । कार्यक्रम योजना तर्जुमा र कार्यपालिकाले छलफल गरी प्रस्तुत गर्ने सभाले पारित गरेपनि कार्यपालिकाका प्रमुख र सभाका प्रमुख एकै हुने भएकाले लेखा परीक्षकले औल्याएका विवरण पनि कार्यपालिकाले नै छलफल गरि छुट्याउने हुँदा नियन्त्रण, सन्तुलन र जवाफदेहिता कसरी बनाउने चुनौती प्रष्ट देखिन्छ । साथै फछ्र्यौट गर्नुपर्ने बेरुजु पनि फछ्र्यौट नभएको देखिन्छ त्यसतर्फ सक्रिय हुन आवश्यक देखिन्छ ।
- सशर्त तर्फका शिक्षा, स्वास्थ्य, कृषि, महिला, बालबालिका, ज्येष्ठ नागरिकलगायतका कार्यक्रमको बजेट समयमै खर्च हुन नसकी केही प्रतिशत फ्रिज भई गएको देखिन्छ । ती कार्यक्रमलाई प्रभावकारी रुपले सञ्चालन गर्न आवश्यक देखिन्छ ।
- गौरवको रुपमा रहेको पशु हाट-बजारलाई आकर्षित योजना सहितका कार्यक्रम सञ्चालन गरिनुपर्ने ।
- गौरवका आयोजना अन्तर्गत दमक सभाहल, दमक भ्युटावरको सञ्चालन कार्यविधि निर्माण गरी सञ्चालनमा ल्याउनुपर्ने ।
- विभिन्न खाले सिपमूलक व्यवसायिक तालिमबाट स्वरोजगार भए नभएको अनुगमन गर्नुपर्ने देखिन्छ ।
- नेतृत्व तथा व्यक्तित्व विकासका लागि सञ्चालन गरिएका तालिम गोष्ठीहरु भन्दा रोजगारमुलक तह १, तह २ सिप परीक्षणयुक्त तालिमहरु सञ्चालन गर्न आवस्यक देखिन्छ । उस्तै प्रकृतिका सिप परीक्षण नहुने लेवलका एकै व्यक्ति बारम्बार दोहोरिने र रोजगार पनि बन्न नसक्ने तालिमहरु कम सञ्चालन गर्न आवस्यक देखिन्छ ।
- बजार अनुगमन कार्यक्रमलाई प्रभावकारी बनाई खाद्य गुणस्तरको अवस्था सुधार गर्न आवस्यक देखिन्छ ।

# सन्दर्भ सामग्री

- नेपालको संविधान २०७२
- नेपालको संविधान २०७२ को अनूसूची- ८ र ९
- दमक नगरपालिकाको आ.व. २०७९/०८० र २०८०/०८१ को नीति, बजेट तथा कार्यक्रम
- दमक नगरपालिकाको संकलित राजश्व
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४
- राष्ट्रिय जनगणनाको तथ्याङ्क
- दमक नगरपालिकाको वेबसाइट
- दमक नगरपालिकाको ऐन, कानुन तथा निर्देशिका
- दमक नगरपालिकाको बजेट तथा कार्यक्रम
- स्थानीय निकाय आर्थिक प्रशासन नियामवली २०६४

सामाजिक परीक्षकको नाम :...............................................

दस्तखत :................................

संस्थाको नाम..................................................................

मिति ..........................

## निष्कर्ष (Conclusion)

सामाजिक परीक्षण स्थानीय पालिकाले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रमबाट कति उपलब्धी भयो भनी गरिने एक प्रकारको सामाजिक उत्तर दायित्वको लेखाजोखा गर्ने पद्धति हो । यसको लागि पालिकाभित्र रहेका विषयगत शाखाहरु, वडा कार्यालयका विभिन्न योजना स्थलहरु छनौट गरी विश्लेषण गरिएको थियो । विश्लेषणबाट समग्र पालिकाको सामाजिक उत्तरदायित्वको अवस्था मिश्रित पाईयो । केही आश लाग्दा उपलब्धिहरु हासिल भएको पाईयो भने केही कमीकमजोरीहरु पनि यस सामाजिक परीक्षणको क्रममा देखिए । पूर्वाधार विकासवाट प्राप्त विकासका अवसरहरुलाई आम नागरिकहरुको प्रत्यक्ष संलग्नतामा अघि वढाउन सफल भएको पाईन्छ ।

स्थानीय सरकार संचालन ऐन र आर्थिक नियमावलीलाई पूर्ण रूपमा पालना गर्दै स्थानीय विकासमा दमक नगरपालिका झापाले उल्लेखनीय कार्यहरूको सुरुवात गर्दै आएको छ । सामान्यत: कार्यक्रम गर्नका लागि सर्वप्रथम योजनाको आवश्यकता पर्दछ । यसका लागि यस नगरपालिकाले टोल बस्तीदेखि नै योजनाहरूको माग गर्ने, विभिन्न आवश्यक प्रकृयाहरू पूरा गरी योजना तथा कार्यक्रमलाई नगरसभाबाट पारित गरेपछि मात्र कार्यक्रमहरू संचालन गर्ने गरेको पाईएको छ । त्यस्ता कार्यक्रमहरू नियम संगत ढंगमा योजना निर्माण गरी योजना अनुरूप नै संचालन गरिएका देखिन्छन् । दमक नगरपालिकाको नेतृत्वमा नगर बिकासको क्षेत्रमा काम गर्ने स्थानीय तहहरु, विभिन्न सरकारी, गैर सरकारी तथा निजी संस्थाहरुले गर्ने कामहरुलाई एकत्रित गर्न गरेको प्रयासको कारण विकासको क्षेत्रमा काम गर्ने तहहरुको बिचमा समन्वय भई दोहोरोपनलाई न्यूनिकरण गर्न सहयोग पुगेको देखिन्छ ।

यस अध्ययनबाट नगरपालिकाले आफ्नो सेवालाई अझै चुस्त, दुरुस्त पार्नुपर्ने देखिएको छ । यस नगरपालिकाका विभिन्न कार्यक्रमका लागि समयमा उपभोक्ता समिति निर्माण हुन नसक्नु साथै झन्झटीलो कानुनी प्रकृयाका कारणले परियोजनाहरु ढिलो सम्पन्न गरेको देखियो । त्यस्तै दमक नगरपालिकाको विषयगत कार्यालयहरुले तथ्यांङक र सूचना अभिलेखिकरणमा एकरुपता आउन सके मात्र विकासको सूचकहरुलाई बढी परिष्कृत गर्न सकिन्छ । यसका लागि स्थानीय तह लगायत सबै विषयगत कार्यालयहरु तथा गैससहरुले अनुगमन प्रणालीलाई कार्यान्वयनमा लैजान तिव्रता दिन सिफारिस गरिन्छ । साथै दमक नगरपालिकाले आन्तरिक आयमा अभिबृद्धि गर्न राजश्वको दायरालाई फराकिलो बनाउनुपर्ने, वर्तमान आवश्यकताका आधारमा लगानीको सुनिश्चितताका लागि सम्भाव्य सबै साझेदारहरुलाई आकर्षण गर्ने तथा अन्तर सरकारी अनुदानको क्षेत्र फराकिलो बनाउन विषेश पहल गर्ने, अनुत्पादक खर्चमा कटौती गर्ने साथै दिगो विकासमा आधारित विकास निर्माण र सेवा प्रवाहका पूर्वाधारहरुको निर्माण र विकासलाई प्रथम प्राथमिकतामा राखेर आवधिक नगरपालिका विकास योजना कार्यान्वयन गर्न सके दमक नगरपालिकालाई एक समृद्ध नगरपालिकाको रुपमा विकास गर्न सम्भव देखिएको छ । सामाजिक परीक्षणको क्रममा सुझाईएका विषयहरुलाई गम्भीरतापूर्वक लिई आगामी दिनमा कमीकमजोरी सकभर नदेखिने गरी विपन्न वर्ग, दलित वर्ग, जनजाती, महिला, बालबालिका तथा पिछडिएका वर्ग, अपाङ्गता भएका, जेष्ठ नागरिकको उत्थानमा गम्भिर प्रयास गर्नु आवश्यक रहेको छ ।